सांसदहरूको लागि हाते पुस्तिका नं. ११ - २००५

# राष्ट्रियता र राज्यविहीनता:
## सांसदहरूको लागि हाते पुस्तिका



यू.एन.एच.सि.आर.
शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय

1889
अन्तर-संसदीय युनियन

UNHCR
राष्ट्रियता र राज्यविहीनता: सांसदहरूको लागि हाते पुस्तिका
IPU

# राष्ट्रियता र राज्यविहीनता

## सांसदहरूको लागि हाते पुस्तिका

## कृतज्ञता

यो हाते पुस्तिका अन्तर-संसदीय युनियनको प्रजातन्त्र र मानवअधिकारसम्बन्धी स्थायी समितिको सहयोगमा तयार पारिएको हो ।

अनुसन्धान तथा विश्लेषणः क्यारोल बाचलर र फिलिपे लेक्लर्क (यू.एन.एच.सि.आर.)

लेखकः श्री मारिलिन एकिरोन

सम्पादन समितिः
यू.एन.एच.सि.आर.: एरिका फेलेर, फिलिपे लेक्लर्क, जोस रिएरा र सारा बास्सेट्टी
आ.पि.यू.: एन्डर बि. जोन्सन र करिन जाब्रे

मूलप्रतिः अंग्रेजी
कभर डिजाइनः ज्याक्स वाण्ड्फ्लु, स्टुडियो इन्फोग्राफी, स्वीट्जरल्याण्ड
मुद्रितः सेन्ट्रलेस डे लाउसाने प्रेस, स्वीट्जरल्याण्ड

अनुवादकः हरि फूयाल, अधिवक्ता र यू.एन.एच.सि.आर. काठमाण्डौ

## प्राक्कथन

“प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार छ । कसैलाई पनि राष्ट्रियताको अधिकारबाट स्वेच्छाचारी रूपले वञ्चित गरिने छैन न त उनीहरूको राष्ट्रियता परिर्वतन गर्ने अधिकार नै इन्कार गरिनेछ ।” ती संक्षिप्त भनाइहरूसँगै सन् १९४८ को मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १५ ले विश्वको कुनै पनि कुनामा कुनै पनि व्यक्तिलाई राज्यसँग कानूनी सम्बन्ध राख्ने अधिकार प्रदान गर्दछ । नागरिकता अथवा राष्ट्रियता (यी दुई शब्दलाई अन्तर्राष्ट्रिय कानूनमा व्यवस्था भए अनुसार यस हाते पुस्तिकामा एक अर्काको पर्यायवाचीको रूपमा प्रयोग गरिएको छ) ले जनतामा पहिचानको बोध मात्र गराउँदैन यसले राज्यबाट व्यक्तिले पाउने संरक्षण र अन्य नागरिक तथा राजनीतिक अधिकार दाबी गर्ने हक प्रदान गर्दछ । वास्तवमा नागरिकतालाई “अधिकारहरू प्रत्याभूत गर्ने अधिकार” को रूपमा विवेचना गरिएको पाइन्छ ।

नागरिकताको प्राप्ति, अन्त्य वा इन्कारी सम्बन्धी अन्तर्राष्ट्रिय कानून भए तापनि विश्वका लाखौं मानिसहरू राष्ट्रियता विहीन छन् । तिनीहरू राज्यविहीन हुन् । राज्यविहीनताको अवस्था विभिन्न कारणहरूबाट सृजना हुनसक्छ । जस्तै कानूनहरूको अन्तर्द्वन्द लगायत राज्यक्षेत्रको स्थानान्तरण, वैवाहिक कानूनहरू, प्रशासनिक अभ्यासहरू, विभेद, जन्मदर्ताको अभाव, गैर-राष्ट्रियकरण (जब राज्यले कुनै व्यक्तिको राष्ट्रियता रद्द गर्दछ), र परित्याग (जब कुनै व्यक्तिले राज्यको संरक्षणको इन्कारी गर्दछ) रहेका छन् ।

अधिकांश विश्वका राज्यविहीन मानिसहरू बलपूर्वक विस्थापनको शिकार पनि हुन पुगेका छन् । आफ्नो बासस्थान छोड्न बाध्य पारिएका मानिसहरू विशेष गरी राज्यक्षेत्रको पुनःसिमांकन गर्दा विस्थापित भएकाहरू राज्यविहीनताको जोखिममा परेका छन् भने राज्यविहीन तथा गैर-राष्ट्रियकरण गरिएका व्यक्तिहरूलाई प्रायः उनीहरू बसोबास गर्दै आएको बासस्थान छाड्न बाध्य गराइएको छ । यसको सम्बन्ध शरणार्थीहरूको अवस्थासँग भएकोले प्रारम्भिक रूपमा संयुक्त राष्ट्रसंघको महासभाले संयुक्त राष्ट्रसंघीय शरणार्थी सम्बन्धी उच्चायुक्तको कार्यालयलाई राज्यविहीनताको निवारण तथा न्यूनिकरण गर्ने जिम्मेवार निकायको रूपमा नियुक्त गरेको छ ।

हालको अनुमान अनुसार विश्वभरि नै लगभग १ करोड १० लाख राज्यविहीन व्यक्तिहरू रहेका छन् । तर यो संख्या अन्दाजी हो । राज्यविहीनताको अवधारणाबारे राष्ट्रहरूबीच मतैक्यता हुन नसक्नाले, प्रायः सरकारहरू राज्यविहीनताको सूचना सार्वजनिक गर्न अनिच्छुक रहेकोले र राज्यविहीनताको अवस्था अन्तर्राष्ट्रिय समुदायको कार्यसूचीको उच्च प्राथमिकतामा नपरेकोसमेत कारणले यससँग सम्बन्धित संगठनहरूलाई विस्तृत तथ्यांक संकलन गर्न धेरै कठिनाइ परेको छ ।

हालका वर्षहरूमा, मानवअधिकारको सम्मान प्रति अन्तर्राष्ट्रिय समुदाय अझ सजग भएको कारणले गर्दा सामूहिक पलायन तथा बलपूर्वक विस्थापित हुनबाट जोगाउन सहयोग पुगेको छ । त्यस्तै अन्तर्राष्ट्रिय सन्धिहरूमा समावेश भएका सिद्धान्तहरूमा आधारित भएर जनचेतनाको अभिवृद्धि हुँदा राज्यहरू राज्यविहीनताको समस्याहरू समाधान गर्न बाध्य छन् । राज्यसँग वास्तविक तथा प्रभावकारी सम्बन्ध राख्ने कुनै पनि व्यक्तिको नागरिकता सम्बन्धी सुविधालाई फिर्ता लिने वा रोक लगाउने अधिकार उनीहरूलाई छैन भन्ने कुरा सरकारहरूले औपचारिक तथा व्यवहारिक रूपमा स्वीकार गर्नु पर्दछ ।

सांसदहरूले राज्यविहीनताको घटनाहरूलाई उन्मूलन तथा न्यूनिकरण गर्ने प्रतिवद्धता प्रदर्शन गर्ने उत्तम उपाय अन्तर्राष्ट्रिय कानून अनुरूप राष्ट्रिय कानून निर्माण गर्नु हो जसले गर्दा कुनैपनि व्यक्ति स्वेच्छाचारी ढंगबाट राष्ट्रियताबाट वञ्चित हुन नपरोस् भन्ने कुराको सुनिश्चित गर्दछ । त्यस्तो राष्ट्रिय कानूनद्वारा खास परिस्थितिहरूमा राज्यविहीन हुन सक्ने व्यक्तिहरूलाई राष्ट्रियता प्रदान गरिने छ अन्यथा उनीहरू राज्यविहीन हुन सक्छन् । त्यसै गरी त्यस्तो राष्ट्रिय कानूनद्वारा राज्यविहीन भएका व्यक्तिहरूलाई पर्याप्त संरक्षण प्रदान हुनेछ । कुनै व्यक्तिलाई राज्यको नीतिले जानीजानी वा असावधानीका कारण राज्यविहीन हुन नदिने कुराको सुनिश्चित गरेर, राज्यविहीन भएकाहरूको मुद्दा समाधान गर्न सरकारलाई प्रेरित गरेर, र राज्यविहीनसँग सम्बन्धित समस्याहरूबारे सांसदहरूले आफ्ना मतदाताहरूमाझ छलफल गरी चेतना अभिवृद्धि गरी महत्वपूर्ण 'रखवारी'को भूमिका पनि निर्वाह गर्न सक्छन् ।

यो हाते पुस्तिकाले राज्यविहीनताको मानवीय आयामलाई ओझेलमा नपारी संसद सदस्यहरूले गर्न सक्ने कार्य र सम्बन्धित सवालहरू तथा सम्भाव्य समाधानहरूबारे सुझाव प्रस्तुत गर्दछ । विश्वभरिका लाखौं पुरुष, महिला तथा बालवालिकाहरूको जीवनमा प्रतिकूल प्रभाव पार्ने यस्ता घटनाहरूको न्यूनिकरण गर्न तथा अन्तत्तोगत्वा उन्मूलन गर्न आवश्यक कदम चाल्नको लागि यसले सांसदहरूका लागि आवश्यक संयन्त्रको रूपमा कार्य गर्न सहयोग पुऱ्याउने छ भन्ने कुरामा हामी आशावादी छौं ।

एन्टोनिओ गुटेरेस
शरणार्थीका लागि
संयुक्त राष्ट्रसंघीय उच्चायुक्त

एण्डर्स बि. जोन्सन
महासचिव
अन्तर-संसदीय युनियन

# विषय-सूची


कृतज्ञता ........ २

प्राक्कथन ........ ३

परिचय ........ ६

परिच्छेद १. राष्ट्रियताको अधिकार तथा राज्यविहीनताको न्यूनिकरणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी रूपरेखा ........ ९

परिच्छेद २. राज्यविहीन व्यक्तिहरूको पहिचान र संरक्षण ........ २०

परिच्छेद ३. राज्यविहीनताका कारणहरूको उन्मूलन ........ ३२

परिच्छेद ४. यू.एन.एच.सि.आर.को भूमिका ........ ५२

परिच्छेद ५. सांसदहरूले कसरी सहयोग गर्न सक्छन् ........ ५९

*परिशिष्ट १.* राज्यविहीन व्यक्तिहरूको हैसियतसम्बन्धी सन् १९५४ को संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्ष राष्ट्रहरू ........ ६५

*परिशिष्ट २.* राज्यविहीनता न्यूनिकरण गर्नेसम्बन्धी सन् १९६१ को संयुक्त राष्ट्रसंघीय महासन्धिका पक्ष राष्ट्रहरू ........ ६७

*परिशिष्ट ३.* सम्मिलन गर्ने लिखतहरूका नमूनाहरू ........ ६८

*परिशिष्ट ४.* यू.एन.एच.सि.आर.का प्रतिनिधित्वहरू ........ ७०

संक्षेपमा यू.एन.एच.सि.आर. र आइ.पि.यू. ........ ७९

## परिचय

हामी कुनै एक देशका नागरिकहरू सामान्यतया नागरिकताले प्रदान गरेका अधिकार तथा दायित्वहरू ग्रहण गर्दछौं । हामी मध्ये प्रायः सबैले आफ्ना बच्चाहरूलाई विद्यालयमा भर्ना गर्न, बिरामी पर्दा औषधोपचार प्राप्त गर्न,  आवश्यक पर्दा रोजगारीको लागि आवेदन दिन र सरकारमा हाम्रा प्रतिनिधिहरू निर्वाचित गर्न मतदान गर्न सक्छौं । हामी बसेको राष्ट्रमा हाम्रो हिस्सा छ भन्ने महसुस गर्दछौं । हाम्रो व्यक्तित्व भन्दा पनि विशाल भावनासँग सम्बन्धित छौं भन्ने महसुस गर्दछौं ।

तर राष्ट्रियता नभएका राज्यविहीन व्यक्तिहरूको जीवन कस्तो होला ? नागरिकताविना कुनैपनि व्यक्तिले आफू बसेको देशको मतदाता सूचीमा आफ्नो नाम दर्ता गर्न, यात्रा अनुमतिपत्रको लागि आवेदन दिन, विवाह दर्ता गर्न सक्दैन । कतिपय अवस्थामा आफ्नो उत्पत्तिको देश वा पहिलो बसोबासको देश बाहिर भएका राज्यविहीन व्यक्तिहरूलाई यदि ती देशहरूले पुनः प्रवेशमा रोक लगाए भने उनीहरू लामो अवधिसम्म थुनामा पर्न सक्छन । प्रायः उक्त देशसँगको कानूनी सम्बन्ध प्रमाणित गर्न नसक्ने व्यक्तिहरूलाई जस्तै शिक्षा, स्वास्थ्योपचार र रोजगारी लगायतका आधारभूत अधिकारहरू प्रत्याभूत गर्न इन्कार गरिन्छ ।

*म बस्ने देशले 'होइन' भनेपछि, म जन्मेको देशले 'होइन' भने पछि, मेरो आमाबाबुको देशले 'होइन' भनेपछि, 'तिमी हामीसँग सम्बन्धित छैनौ'  भनेको सधैं सुनेपछि, म कोही पनि होइन भन्ने महसुश गर्छु र मलाई म किन बाँचिरहेछु भन्ने थाहा छैन । राज्यविहीन भएकोले तिमीलाई मूल्यविहीनताको भावले सदा सताईरहन्छ ।*

लारा,  पूर्व राज्यविहीन

सन् २००३ मा शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त (यु.एन.एच.सि.आर) को कार्यालयले गरेको राज्यविहीनता सम्बन्धी सर्वेक्षणले विश्वका कुनै पनि क्षेत्र राज्यविहीनताको समस्याबाट मुक्त छैन भन्ने कुरा पुष्टि गरेको छ । तथापि विश्वभरिका राज्यविहीनहरूको निश्चित संख्या यकिन गर्न सकिएको छैन । राष्ट्रहरू प्रायः जसो वास्तविक तथ्यांक उपलब्ध गराउन अनिच्छुक वा असक्षम छन् र केही राष्ट्रहरूसँग मात्र राज्यविहीन व्यक्तिहरूको दर्ता गर्ने संयन्त्र छन् । यथार्थमा, राष्ट्रहरूले तिनीहरूको भूमिमा रहेका राज्यविहीनहरूको संख्याको बारेमा जानकारी दिनु पर्ने स्पष्ट प्रावधान छैन । विश्वभरि लाखौं राज्यविहीन व्यक्तिहरू प्रभावकारी राष्ट्रियताविना बाँचिरहेका छन् भन्ने अनुमान यू.एन.एच.सि.आर.को कार्यालयले गरेको छ ।

बीसौं शताब्दीको पूर्वार्द्धतिर राज्यविहीनतालाई पहिलोपटक विश्वव्यापी समस्याको रूपमा पहिचान गरियो । राज्यविहीनताको समस्या राष्ट्रहरूका बीच व्यक्तिहरूको कानूनी पहिचान सम्बन्धी विवादहरू, राज्यको उत्तराधिकार, समाजका केहि खास समूहहरूको लामो समय देखिको सीमान्तीकरण, वा व्यक्ति तथा समूहहरूको राष्ट्रियता खोस्ने कार्यबाट उत्पन्न हुनसक्दछ । सामान्यतया राज्यविहीनता अन्तर्राष्ट्रिय सम्बन्धमा भएको ठूलो परिवर्तनको

समयसँगै जोडिएकोछ । अन्तर्राष्ट्रिय सीमानाहरूको पुनःरेखाङ्कन, राष्ट्रिय नेताहरूद्वारा निहित स्वार्थको राजनैतिक लक्ष्य प्राप्तिका लागि राजनीतिक प्रणालीमा गरिने चलखेल तथा अलोकप्रीय रंग, धार्मिक तथा जातीय अल्पसंख्यकहरूलाई बहिस्कार वा सीमान्तकृत गर्न राष्ट्रियताबाट बञ्चित वा इन्कारीबाट विश्वका हरेक क्षेत्रहरूमा राज्यविहीनताको उत्पत्ति भएको पाइन्छ । विगतका २० वर्षमा, बढ्दो संख्यामा व्यक्तिहरू उनीहरूको राष्ट्रियताबाट वञ्चित भएका छन् साथै प्रभावकारी नागरिकता प्राप्त गर्न सकिरहेका छैनन् । यदि यस्तो स्थितिलाई निरन्तरता दिने हो भने प्रभावित व्यक्तिहरूकाबीच बढिरहेको विमुखीकरणले अन्त्यमा विस्थापन निम्त्याउन सक्दछ ।

> *“नागरिकता खोसिनु विश्व सभ्यताबाट अलग्याइनु हो । यो असभ्य वा जंगली मान्छे आफ्नै जंगली गुफाको जीवनमा फर्किनु जस्तै हो... यो मानिसको केही नभएको अवस्था मात्र नभई उसलाई अन्य व्यक्तिहरूले मानिस सरह व्यवहार गर्ने गुण नरहेको अवस्था हो... उनीहरू यो संसारलाई कुनै योगदान नगरी पहिचानबेगर बाँच्न वा मर्न सक्छन्”*
>
> हान्ना एरेन्ड, सर्वसत्तावादका उत्पत्तिहरू

सांसदहरूलाई राष्ट्रियता र राज्यविहीनता नियमित गर्ने अन्तर्राष्ट्रिय सिद्धान्तहरूको विस्तृत विवरण प्रदान गर्ने उद्देश्य यस हाते पुस्तिकाले लिएको छ । अन्तर्राष्ट्रिय कानूनले राष्ट्रहरूलाई नागरिकहरूको निर्धारण गर्ने र नागरिकता प्राप्ति, समाप्ति र कायम राख्ने अवस्थाहरू तोक्ने सम्बन्धमा व्यापक स्वविवेकीय अधिकार प्रदान गरेको छ । यस्तो व्यापक स्वविवेकीय अधिकारलाई बीसौं शताब्दीमा विकसित मानवअधिकारसम्बन्धी सिद्धान्तहरूले राज्यविहीनताको सृजना गर्ने गरी र विभेदपूर्ण तरिकाबाट लागू गर्ने गरी प्रयोग गर्न नमिल्ने दायरामा सीमित गरेका छन् ।

राज्यविहीनतासँग जोडिएका समस्याहरूको समाधान गर्न राज्यहरूले एकसाथ भएर कार्य गरिरहेको भएतापनि अझै विश्वभरिका लाखौं व्यक्तिहरूसँग प्रभावकारी राष्ट्रियता छैन । यो हाते पुस्तिकाले अन्तर्राष्ट्रिय कानून; विशेष गरी सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको हैसियतसम्बन्धी महासन्धिसमेतले संरक्षण प्रदान गरेका राज्यविहीन व्यक्तिहरूको अधिकार र दायित्वहरूको बारेमा विवेचना गरेको छ । यू.एन.एच.सि.आर.को राज्यविहीनता अन्त्य गर्ने सम्बन्धी प्रवर्द्धनात्मक प्रयासहरूको बाबजुद १ जनवरी २००७ सम्ममा ६२ वटा राष्ट्रहरूले मात्र सन् १९५४ को महासन्धिलाई अनुमोदन गरेका छन् । त्यसको दाँजोमा १४८ राष्ट्रहरूले शरणार्थीको हैसियतसम्बन्धी सन् १९५१ को महासन्धि र १९६७ को आलेखलाई अनुमोदन गरेका छन् । यो हाते पुस्तिकाले राज्यविहीनताका प्रमुख कारणहरू बारेमा प्रकाश पार्दछ र सरकारहरूले कसरी उनीहरूको राष्ट्रियतासम्बन्धी कानूनको लापरवाहीपूर्ण कार्यान्वयनबाट राज्यविहीनता नहुने अवस्था सुनिश्चित गर्न सक्छन् भन्ने बारे विवेचना गर्दछ ।

राज्यविहीनताका घटनामा कमि ल्याउन र राज्यविहीन व्यक्तिहरूले प्रभावकारी राष्ट्रियता प्राप्त गर्ने कार्यमा सहायोग गर्नका लागि संयुक्त राष्ट्रसंघको यू.एन.एच.सि.आर.लाई जिम्मेवारी

दिईएको छ । यू.एन.एच.सि.आर.ले यो भूमिका निभाउन के गर्दछ भन्ने कुरा यो हाते पुस्तिकाले वर्णन गर्दछ । सांसदहरूले नागरिकता सम्बन्धी कानूनहरूको पुनरावलोकन र आवश्यकता अनुसार परिर्वतन गरी राज्यविहीनताको घटनामा कमी ल्याउन सहयोग गर्न सक्छन् । त्यसै गरी सरकारलाई राज्यविहीनता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू सम्मिलन गर्न प्रोत्साहन गर्न र राज्यविहीनतासँग सम्बन्धित समस्याहरूमा सार्वजनिक जनचेतना फैलाउन सहयोग गर्न चाल्न सक्ने व्यवहारिक कदमहरू पनि सुझाव स्वरूप यो हाते पुस्तिकाले प्रस्तुत गर्दछ ।

यो हाते पुस्तिकाले कसरी लामो समयदेखि समाधान हुन नसकेका राज्यविहीनताको अवस्थाहरू समाधान गरिएका छन् भन्ने सम्बन्धमा सकारात्मक उदाहरण पनि प्रस्तुत गरेको छ । यसका लागि सम्बन्धित देशहरूको राजनीतिक इच्छा शक्ति, नागरिक समाजको संलग्नता र अन्तर्राष्ट्रिय समुदायले प्रदान गरेको सहायतालाई धन्यवाद ज्ञापन गर्दछौं । यी असल अभ्यासहरूले के देखाउँछ भने सरकार, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायले एकसाथ रहेर कार्य गर्ने हो भने राज्यविहीन व्यक्तिहरूले अन्त्यमा “अधिकारहरू प्राप्त गर्ने अधिकार” को उपभोग गर्न सक्छन् ।

## परिच्छेद १

# राष्ट्रियताको अधिकार तथा राज्यविहीनता न्यूनिकरण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी रूपरेखा

राष्ट्रियता अत्यन्त संवेदनशील विषय हो । यो कुनै पनि राज्यको सार्वभौमसत्ता तथा पहिचानको आधार हो । स्वाभाविकरूपमा नागरिकतासम्बन्धी विवादहरू प्रायः जसो राष्ट्र भित्रै वा राष्ट्रहरू बीच तनाव तथा द्वन्दमा परिणत हुन सक्दछन् । बीसौं शताब्दीमा राज्यविहीनताका घटना र मानवअधिकारसम्बन्धी जनचेतनाको अभिवृद्धि तथा यी विषयसम्बन्धी सरोकार सँगसँगै बढ्दो अवस्थामा रहेका थिए । यसरी राष्ट्रियतासम्बन्धी अन्तर्राष्ट्रिय कानून राज्यविहीन भएका व्यक्तिहरूको संरक्षण र सहायता गर्ने वा राज्यविहीनताका घटनाहरूलाई अन्त्य गर्न प्रयास गर्ने वा न्यूनिकरण गर्ने भन्ने दुई धारमा विकसित भयो ।

### *कुनै व्यक्ति सम्बन्धित राज्यको नागरिक हो वा होइन भन्ने सम्वन्धमा कसले निर्णय गर्दछ ?*

सैद्धान्तिक रूपमा राष्ट्रियताको सवाल प्रत्येक राज्यको आन्तरिक क्षेत्राधिकार भित्र पर्ने भएतापनि राज्यका आन्तरिक निर्णयहरूको कार्यान्वयन अन्य राष्ट्र तथा अन्तर्राष्ट्रिय कानूनको समान कार्यबाट सीमित हुन सक्दछन् ।

सन् १९२३ को *ट्यूनिश तथा मोरक्कोको राष्ट्रियतासम्बन्धी कानून*मा **अन्तर्राष्ट्रिय न्यायालय**ले दिएको रायमा यस प्रकार उल्लेख गरिएको छः

> *"कुनै विषय राज्यको एकलौटी आन्तरिक क्षेत्राधिकारभित्र पर्छ वा पर्दैन भन्ने प्रश्न एक सापेक्ष प्रश्न हो । यो अन्तर्राष्ट्रिय सम्बन्धको विकासमा भरपर्दछ ।"*

अन्तर्राष्ट्रिय न्यायालयका अनुसार राष्ट्रियताका विषयहरू सिद्धान्ततः आन्तरिक क्षेत्राधिकार भित्र पर्दछन् तर कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय कानूनका नियमहरूले निर्धारण गरे बमोजिम अन्य राष्ट्रप्रतिको दायित्वलाई अनिवार्य रूपमा सम्मान गर्नु पर्दछ ।

यो मान्यतालाई सात वर्ष पछि, **राष्ट्रियतास्सम्बन्धी कानूनको विवादसँग सम्बन्धित केही निश्चित प्रश्नहरूसम्बन्धी हेग महासन्धि**मा पुनः उल्लेख गरिएको छ । सन् १९२३ मा अन्तर्राष्ट्रिय न्यायलयले दिएको राय सन् १९३० को राष्ट्रियता सम्बन्धी हेग महासन्धिको तयारीको लागि दिइएको हो भनी धेरै राज्यहरूले अभिव्यक्ति दिएका थिए । धेरैजसो राष्ट्रले उक्त रायलाई विशेष गरी राष्ट्रको राष्ट्रियतासम्बन्धी निर्णय अन्य देशको राष्ट्रियता सम्बन्धी निर्णयसँग बाझिएको खण्डमा राज्यको भूमिका सीमित गर्ने खालको छ भनी व्याख्या गरेका थिए ।

राष्ट्रसंघ (League of Nations) को तत्वावधानमा सम्पन्न भएको सन् १९३० को हेग महासन्धिले सबै व्यक्तिको राष्ट्रियता सुनिश्चित गर्ने प्रयास गरेको थियो । उक्त महासन्धिको धारा १ अनुसारः

*"प्रत्येक राष्ट्रले आफ्नो कानून अनुसार आफ्ना नागरिकहरूको निर्धारण गर्दछ । यस्ता कानूनलाई अन्य देशहरूले अन्तर्राष्ट्रिय सन्धिहरू, अन्तर्राष्ट्रिय प्रथा र राष्ट्रियतासम्बन्धी मान्यता प्रदान गरिएका सिद्धान्तहरूसँग नबाझिएको हदसम्म मान्यता प्रदान गर्नेछन् ।*

अर्को शब्दमा भन्नुपर्दा राष्ट्रले कसरी आफ्ना नागरिकहरू निर्धारण गर्दछ भन्ने सवाल अन्तर्राष्ट्रिय कानूनको सम्बन्धित प्रावधानसँग मिल्दो जुल्दो हुनु पर्दछ । बीसौं शताब्दीमा ती प्रावधानहरू क्रमिक रूपमा मानवअधिकारका पक्षमा र राज्यको सार्वभौमिकताको विपरीत  विकास भए ।

सन् १९४८ को **मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र**को धारा १५ ले निम्न बमोजिम व्यावस्था गरेको छ :

*"प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ । कसैलाई पनि स्वेच्छाचारी ढंगले उसको राष्ट्रियताबाट वञ्चित गरिने छैन, न त उसको नागरिकता परिवर्तन गर्ने अधिकारबाट नै वञ्चित गरिनेछ ।"*

यो अधिकार व्यक्ति तथा राज्य बीचको **वास्तविक तथा प्रभावकारी सम्बन्धको** अस्तित्वमा आधारित रहेकोछ । प्रथम पटक, सन् १९५५ को नोटेवोम (Nottebohm) को मुद्दामा **अन्तर्राष्ट्रिय न्यायालय**ले यस्तो सम्बन्धलाई नागरिकताको आधारभूत तत्वको रूपमा स्वीकार गर्दै निर्णय गरेको थियो । अदालतले फैसलामा यस प्रकार उल्लेख गरेकोछ :

*"राष्ट्रका अभ्यासहरू, मध्यस्थ तथा न्यायिक निर्णयहरू र लेखकका राय अनुसार राष्ट्रियता सामाजिक संलग्नताको तथ्य, जीवनको वास्तविक सम्बन्ध, हित तथा भावनाको साथ पारस्परिक अधिकार र कर्तव्यमा आधारित एक कानूनी बन्धन हो ।"*

वास्तविक तथा प्रभावकारी राष्ट्रियताको सम्बन्ध जन्म, बसोबास तथा वंशजको आधारमा हुन्छ । यी राष्ट्रियताको सम्बन्ध देखाउने कुराहरू धेरैजसो देशका राष्ट्रिय कानूनी प्रावधानहरूमा प्रतिविम्बित भएका छन् । यसका साथै राष्ट्रियतासम्बन्धी हालसालैका अन्तर्राष्ट्रिय दस्तावेजहरू जस्तै सन् १९९७ को राष्ट्रियता सम्बन्धी यूरोपियन महासन्धिमा पनि प्रतिविम्बित भएको पाईन्छ ।

राष्ट्रियतालाई मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अदालतले यस प्रकार परिभाषित गरेकोछः

*"यस्तो राजनैतिक तथा कानूनी बन्धन हो जसले कुनै व्यक्तिलाई सम्बन्धित  राज्यसँग जोडेको हुन्छ र उसलाई उक्त राज्यसित इमान्दारिता तथा वफादारिताको बन्धनमा बाँधी त्यस राज्यको कुटनैतिक संरक्षणको हकदार बनाएको हुन्छ ।" (Castillo-Petruzzi et al v. Judgement of May 1999, IACHR ([ ser.c]No. 52 1999)*

## *कसरी शरणार्थी तथा राज्यविहीन व्यक्तिहरुको अधिकारहरु संरक्षण गरिन्छ ?*

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १५ ले प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार छ भनी उल्लेख गरेतापनि यसले कुनै व्यक्तिलाई विशेष राष्ट्रियताको हकदार बनाएको विषयमा भने उल्लेख गर्दैन । राष्ट्रियताबाट प्राप्त हुने न्यूनतम अधिकारहरूबाट कुनै पनि व्यक्ति वञ्चित हुनु नपरोस भन्ने कुरा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायद्वारा सन् १९५१ को शरणार्थीको हैसियत्सम्बन्धी र सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको हैसियत सम्बन्धी दुई मुख्य महासन्धिको विकास गरिएकोछः ।

## *राज्यविहीनताको विषय र सन् १९५१ को शरणार्थीको हैसियतसम्बन्धी महासन्धि बीच कुनै सम्बन्ध छ ?*

दोस्रो विश्वयुद्ध पछि नवगठित संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूलाई धेरै मुद्दाहरूमध्ये युद्धले शरणार्थी बनाएका लाखौं व्यक्तिहरू वा राज्यविहीन भएका व्यक्तिहरूको आवश्यकतालाई कसरी सम्बोधन गर्ने भन्ने विषय प्रमुख मुद्दा बनेको थियो । सन् १९४९ को संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को एक प्रस्तावले एक तदर्थ समिति गठन गऱ्यो । उक्त तदर्थ समितिको कार्य शरणार्थी तथा राज्यविहीन व्यक्तिहरूको हैसियतसम्बन्धी महासन्धि तर्जुमा गर्ने र राज्यविहीनताको अन्त्यको प्रस्तावहरूमा ध्यान पुऱ्याउनु थियो ।

अन्त्यतः उक्त समितिले राज्यविहीन व्यक्तिहरूमाथि केन्द्रित शरणार्थीको हैसियतसम्बन्धी महासन्धि र उक्त प्रस्तावित महासन्धिको आलेख मस्यौदा गऱ्यो । तत्काल गठन गरिएको अन्तर्राष्ट्रिय कानून आयोग राज्यविहीन व्यक्तिहरूको मुद्दामा केन्द्रित हुनेछ भन्ने अनुमान गरेको कारण उक्त समितिले राज्यविहीनताको समस्यालाई अन्त्य गर्ने मुद्दालाई पूर्ण रूपमा सम्बोधन गरेन ।

अहिलेको यू.एन.एच.सि.आर. जस्तै यू.एन.एच.सि.आर. स्थापना हुनु भन्दा पहिले शरणार्थी तथा राज्यविहीन व्यक्तिहरूले अन्तर्राष्ट्रिय शरणार्थी संङ्गठनबाट संरक्षण र सहयोग पाउने गर्थे । राज्यविहीनतासम्बन्धी मस्यौदा आलेखको मनसाय शरणार्थी र राज्यविहीन व्यक्तिहरू बीचको सम्बन्ध प्रतिविम्बत गर्नु रहेको थियो । तर, शरणार्थी र राज्यविहीनसम्बन्धी विषयहरूमा छलफल गर्न शुरु भएको सरकारका अधिकार प्राप्त अधिकारीहरू (Plenipotentiaries) को सन् १९२३ को सम्मेलनमा राज्यविहीन व्यक्तिहरूको बारेमा छलफल गर्न पर्याप्त समय थिएन भन्ने कुरा शरणार्थीहरूको तत्काल आवश्यकता तथा अन्तर्राष्ट्रिय शरणार्थी सङ्गठनको विघटनले देखाउँछ । यसरी उक्त सम्मेलनले सन् १९५१ को शरणार्थीको हैसियतसम्बन्धी महासन्धिलाई अवलम्बन गरेतापनि राज्यविहीन व्यक्तिहरूको सवाललाई सम्बोधन गर्ने आलेखलाई पछि अवलम्बन गर्ने भनी स्थगित गरियो ।

**सन् १९५१ को शरणार्थीको हैसियतसम्बन्धी महासन्धि अन्तर्गत कुनै पनि राज्यविहीन शरणार्थीले शरणार्थीसरह नै ससंरक्षण प्राप्त गर्दछ ।** व्यक्तिको जात, धर्म, राष्ट्रियता, कुनै खास सामाजिक समूहको सदस्यता, अथवा राजनीतिक विचारधाराको कारणबाट नागरिकताको स्वेच्छाचारी इन्कारीले ऊ राज्यविहीन शरणार्थी भएको हो भने निजलाई शरणार्थी सरह नै मान्यता दिनुपर्ने संकेत गर्दछ ।

## *सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको हैसियतसम्बन्धी महासन्धिले के उल्लेख गर्दछ ?*

सन् १९५१ को शरणार्थीसम्बन्धी महासन्धिको अतिरिक्त व्यवस्थाको रूपमा मस्यौदा गरिएको राज्यविहीन व्यक्तिहरूसम्बन्धी आलेखलाई सन् १९५४ मा अधिकारसम्पन्न महासन्धिमा परिणत गरियो । उक्त **सन् १९५४ को महासन्धि राज्यविहीन व्यक्तिहरूको हैसियत सुधार तथा नियमित गर्ने उद्देश्य भएको पहिलो अन्तर्राष्ट्रिय दस्तावेज** हो । यसले राज्यविहीन व्यक्तिहरूका मौलिक अधिकार तथा स्वतन्त्रतालाई भेदभावविना सुनिश्चित गर्दछ । (सन् १९५४ को महासन्धिका पक्षराष्ट्रहरूको सूचीको लागि हेर्नुहोस् परिशिष्ट १)

यस महासन्धिका प्रावधानहरू सन् १९५१ को शरणार्थी महासन्धिका प्रावधानहरूसँग धेरै हदसम्म मिल्दोजुल्दो छन् । **महासन्धिमा सम्मिलन गर्नु भनेको राज्यको क्षेत्रभित्र जन्मेका र स्थायी रूपमा बसोबास गरेका व्यक्तिहरूलाई राष्ट्रियता प्रदान गर्ने कार्यको विस्थापन होइन ।** जति व्यापक रूपमा राज्यविहीन व्यक्तिहरूलाई अधिकारहरू प्रदान गरेतापनि उनीहरू नागरिकता प्राप्त गरे सरह हुँदैनन् ।

सन् १९५४ को महासन्धिले राज्यविहीन व्यक्तिहरूका सम्बन्धमा स्पष्ट कानूनी परिभाषा समावेश गरेको छः *"राज्यको प्रचलित कानून अन्तर्गत नागरिकको मान्यता प्राप्त नगरेको कुनै पनि व्यक्ति"* (जसलाई कानूनतः राज्यविहीनता *(de jure)* भनेर पनि बुझिन्छ) ।

### नागरिक को हुन् ? राज्यविहीन को हुन् ?

कानून बमोजिम कसैलाई नागरिक मान्नका लागि राज्यको नागरिकतासम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम त्यो व्यक्ति स्वतः नागरिक मानिन्छ वा तत्सम्बन्धी अधिकारीहरूको निर्णयद्वारा उक्त व्यक्तिलाई नागरिकता उपलब्ध गराइएको हुन्छ । त्यस्ता कानूनी संयन्त्रहरू संविधान, राष्ट्रप्रमुखको आदेश वा नागरिकतासम्बन्धी कानून हुन सक्छन् । प्रायः व्यक्तिहरू कुनै एक राज्यको कानूनी प्रावधानबमोजिम मात्र नागरिक मानिएका हुन्छन् । त्यस्तो नागरिक या त उ जन्मेको राष्ट्रको कानून बमोजिम जन्मको आधारमा *(jus soli)* नागरिक मानिएको हुन्छ वा उ जन्मदा उसका बाबु आमाको राष्ट्रको कानूनबमोजिम उनीहरू त्यो राष्ट्रको नागरिक भएकोले वंशजको आधारमा *(jus sanguinis)* नागरिक मानिएको हुन्छ ।

नागरिकता प्रदान गर्ने प्रशासनिक प्रकृयामा स्वविवेकीय अधिकार दिईएको अवस्थामा नागरिकताको आवेदन उपर सम्बन्धित राष्ट्रको कानून बमोजिम प्रकृया पुरा भई नागरिकता प्रदान गर्ने निर्णय नहुँदासम्म नागरिकताको लागि आवेदन गर्ने व्यक्ति नागरिक

मानिदैंन । कानून बमोजिम नागरिकताको लागि आवेदन दिन योग्य व्यक्तिहरूको आवेदन अस्वीकृत गरिएमा त्यस देशको कानून बमोजिम ती व्यक्तिहरू त्यो देशको नागरिक हुँदैनन् ।

जसले स्वत: रूपमा वा राष्ट्रको कानून बमोजिम नागरिकता प्रदान गर्ने अधिकार प्राप्त व्यक्तिको निर्णयानुसार नागरिकता प्राप्त गरेका छैनन् भने त्यस्ता राज्यविहीन व्यक्तिलाई कानूनत: राज्यविहीन *(de jure stateless)* व्यक्ति भनिन्छ । प्रचलित कानूनबमोजिम त्यस्ता व्यक्तिहरू राज्यविहीन मानिन्छन ।

अन्यथा प्रमाणित नभएसम्म कुनै पनि व्यक्तिको राष्ट्रियता छ भन्ने अनुमान गरिन्छ । कहिलेकाहीँ व्यक्तिको वास्तविक सम्बन्ध भएका राज्यहरू मध्य त्यस्तो व्यक्तिलाई कसले नागरिकता प्रदान गरेको हो भन्ने विषयमा सहमत हुन सक्दैनन् । तसर्थ ऊ आफू कानूनी रूपमा राज्यविहीन हुँ भनी स्थापित गर्न असमर्थ हुन्छ । त्यस्तो व्यक्तिको प्रभावकारी राष्ट्रियता हुँदैन र राष्ट्रिय संरक्षण प्राप्त गरेको हुँदैन । त्यस्तो व्यक्ति तथ्यगत रूपमा राज्यविहीन *(de facto stateless)* व्यक्ति मानिन्छ ।

महासन्धिको मस्यौदाकारहरूले कानूनत: राज्यविहीन व्यक्तिहरू र तथ्यगत रूपमा राज्यविहीन व्यक्तिहरू बीच भिन्नता हुनुपर्छ भन्ने आवश्यकता महसुस गरेका थिए । मस्यौदाकारहरूले ती तथ्यगत तथा कानूनत: राज्यविहीन व्यक्तिहरूको अवस्थाका समानतालाई मान्यता प्रदान गरेका थिए । महासन्धिको अन्तिम मस्यौदाले तथ्यगत राज्यविहीन व्यक्तिहरूको सवाललाई गैर-बन्धनकारी सिफारिस सहित सम्बोधन गरेको छ:

> *"कुनै नागरिकले त्यस राष्ट्रको संरक्षण परित्याग गरेको मनासिब कारण पहिचान गर्दछ भने संभव भएसम्म त्यस व्यक्तिलाई महासन्धिले राज्यविहीनसरह व्यवहार गर्ने व्यवस्था गरे बमोजिम प्रत्येक पक्षराष्ट्रले सहानुभूतिपूर्वक ध्यान पुऱ्याउनु पर्दछ ।"*

राज्यविहीनसम्बन्धी महासन्धिअनुसारको सुविधाको हकदार भए नभएको कुरा प्रत्येक राष्ट्रले स्थापित गरेका कार्यविधिअनुसार निर्धारण हुन्छ । अनुरोध गरिएमा त्यस्ता कार्यविधिहरू कसरी तर्जुमा र कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा यू.एन.एच.सि.आर., यसका विभिन्न देशमा रहेका प्रतिनिधि र कार्यालयहरू तथा यसको प्रधान कार्यालयबाट सल्लाह लिन सकिन्छ । यू.एन.एच.सि.आर.का कार्यालयहरूको सूचीका लागि परिशिष्ट ४ हेर्नुहोस् ।)

## के राज्यविहीन व्यक्ति शरणार्थी पनि हुन सक्छ ?

तथ्यगत राज्यविहीन व्यक्तिहरूलाई सन् १९५४ को राज्यविहीन व्यक्तिहरूसम्बन्धी महासन्धिको परिभाषामा समावेश गरिएको छैन । सन् १९५४ को महासन्धिका मस्यौदाकारहरूले प्रभावकारी राष्ट्रियताविनाका सबै व्यक्तिहरू (तथ्यगत राज्यविहीन व्यक्तिहरू) शरणार्थी हुन भन्ने अनुमान गरे । (यस महासन्धिका मस्यौदाकारहरूले कुनै व्यक्ति निजको राज्यले गरेको उत्पीडन र त्यस्तो उत्पीडन कुनै प्रभावकारी नागरिकताको अभावसँग सम्बन्धित भएको कारणबाट उसको देशबाट पलायन भएपछि तथ्यगत रूपमा राज्यविहीन हुन्छ भन्ने अनुमान गरे ।) यसै अनुमानको आधारमा तथ्यगत राज्यविहीन

व्यक्तिहरूले सन् १९५१ को शरणार्थीको हैसियतसम्बन्धी महासन्धिको प्रावधानहरू अनुसार अन्तर्राष्ट्रिय सहायता प्राप्त गर्दछन् ।

कानूनतः वा तथ्यगत राज्यविहीनताले मात्र उत्पीडनलाई जनाउँदैन । (उत्पीडन हुने प्रवल भयको अवस्था विद्यमान हुनु पर्ने कुरा सन् १९५१ को शरणार्थीको हैसियतसम्बन्धी महासन्धिले निर्धारण गरेको परिभाषाको मुख्य विषय हो) । विगतका बर्षहरूबाट के स्पष्ट भइसकेको छ भने तथ्यगत राज्यविहीन व्यक्तिहरूले आफ्नो स्थायी बसोबासको देशको नागरिकता प्राप्त गर्न सक्दैनन् न त शरणार्थीको हैसियत नै प्राप्त गर्न सक्दछन् वा कानूनतः राज्यविहीन व्यक्तिको रूपमा नै योग्य हुन्छन् । यथार्थमा, यु.एन.एच.सि.आर.को सहायता आवश्यक पर्ने धेरै राज्यविहीन व्यक्तिहरू कानूनतः वा तथ्यगत राज्यविहीन व्यक्ति भएपनि उनीहरू शरणार्थी होइनन् र उनीहरूले शरणको दाबी पनि गरेका हुँदैन ।

## *सन् १९६१ को राज्यविहीनता न्यूनिकरण गर्ने सम्बन्धी महासन्धिले के विषयहरू उल्लेख गर्दछ ?*

सन् १९५० को अगस्टमा अन्तर्राष्ट्रिय कानून आयोगलाई राज्यविहीनताको उन्मूलनको लागि अन्तर्राष्ट्रिय महासन्धि (वा महासन्धिहरू) मस्यौदा गर्न आर्थिक तथा सामाजिक परिषद्ले एक प्रस्तावद्वारा अनुरोध गर्‍यो । अन्तर्राष्ट्रिय कानून आयोगले कानूनहरूको विवादबाट उत्पन्न हुने राज्यविहीनताको समस्याको समाधान गर्न दुई वटा महासन्धिहरू छलफलका लागि मस्यौदा गर्‍यो । भाविष्यमा राज्यविहीनताको उन्मूलन गर्ने सम्बन्धी महासन्धिको मस्यौदामा दोस्रो मस्यौदा महासन्धिमा समावेश भएका भन्दा थप प्रावधानहरू समावेश गरिएको थियो । उक्त दोस्रो महासन्धि भविष्यमा हुने राज्यविहीनताका घटनाहरूमा कमी ल्याउन केन्द्रित थियो । राज्यविहीनतासम्बन्धी सवालहरूमा छलफल गर्न उपस्थित भएका सम्मेलनका सहभागीहरूले पहिलो महासन्धि अति आमूल परिवर्तनकारी भएकोले भविष्यमा राज्यविहीनताको न्यूनिकरण गर्ने सम्बन्धी महासन्धिको मस्यौदा तयार गरी कार्य अगाडि बढाउन सहमत भए । यो प्रक्रियाबाट अन्ततः **राज्यविहीनता न्यूनिकरण गर्ने सम्बन्धी महासन्धि** १९६१ को दस्तावेजमा सहमति भयो । (सन् १९६१ को महासन्धिका पक्षराष्ट्रहरूको सूचीको लागि परिशिष्ट २ हेर्नुहोस्)

**सन् १९६१ को महासन्धिका प्रावधानहरूले जन्मदै हुने राज्यविहीनता न्यूनिकरण गर्ने लक्ष्य लिएको छ** तर ती प्रावधानहरूले न त खास अवस्थामा राष्ट्रियताको खारेजीको सम्भाव्यतालाई रोक्न सक्छन् न त वर्तमानका राज्यविहीन व्यक्तिहरूलाई भूतलक्षि रूपमा नागरिकता नै प्रदान गर्न सक्छन् । महासन्धिका प्रावधानहरूबाट फाइदा पुग्ने व्यक्तिले आफुले गरेको आवेदन उपर छानविन गर्नको लागि र उपयुक्त निकायमा आफ्नो दाबी प्रस्तुत गर्न सहयोगका लागि महासन्धिले एउटा संयन्त्र पनि स्थापना गरेको छ । महासभाले उक्त महासन्धिले तोकेको संयन्त्रको कार्य गर्नका लागि तत्कालै यू.एन.एच.सि.आर.लाई त्यस्तो भूमिका पुरा गर्ने जिम्मेवारी दिएको छ ।

अन्तर्राष्ट्रिय कानून आयोग र राष्ट्रका प्रतिनिधिहरूले राज्यविहीनहरूको लागि अन्तर्राष्ट्रिय सहयोग अत्यावश्यक हुन्छ भन्ने कुरा निश्चय गरे । कुनै व्यक्तिलाई कुनै

राष्ट्रको नागरिकता प्रदान गर्न इन्कार गरिन्छ भने उसको लागि त्यस देशको राष्ट्रियताको दाबी गर्न आवश्यक पर्ने आर्थिक स्रोत र विज्ञता उपलब्ध हुँदैन । कुनै देशले कुनै व्यक्तिको लागि उचित रूपमा पहल गर्न नसक्ने अवस्थामा त्यसो गर्नका लागि जिम्मेवार हुने एउटा स्वतन्त्र अन्तर्राष्ट्रिय निकायको स्थापना गर्नु महत्वपूर्ण हुने ठानियो । यस अवस्थामा अन्तर्राष्ट्रिय नियोगले गरेको प्रतिनिधित्वद्वारा सम्बन्धित व्यक्ति अन्तर्राष्ट्रिय कानूनको विषयवस्तु थियो वा थिएन भन्ने प्रश्नलाई पनि किनारा लगाउने छ । यसको अलावा , यस्तो कार्यमा समर्पित भई कार्य गर्ने नियोगले अन्ततः त्यस्ता विषयमा विशेषज्ञताको विकास गर्दछ । त्यस्तो विशेषज्ञता सम्बन्धित व्यक्ति विशेषका लागि सल्लाह दिन मात्र नभई प्रभावकारी नागरिकता प्राप्त गर्नको लागि उपायहरू प्रस्तुत गर्न र राज्यविहीनता न्यूनिकरण गर्नमा समेत उपयोगी हुनेछन् ।

राज्यविहीनतासम्बन्धी घटनालाई न्यूनिकरण गर्नको लागि पक्षराष्ट्रहरूले नागरिकता प्राप्ति र समाप्तिसम्बन्धी मापदण्डहरू प्रतिविम्बित हुने खालको नागरिकता सम्बन्धी कानून जारी गर्नु पर्ने व्यवस्था सन् १९६१ को महासन्धिले गरेको छ । पक्षराष्ट्रहरू बीच महासन्धिको व्याख्या र कार्यान्वयनसँग सम्बन्धित उत्पन्न भएका विवाद अन्य माध्यमबाट समाधान नभएमा विवादका पक्षहरू मध्य कुनै एकको अनुरोधमा अन्तर्राष्ट्रिय न्यायालयमा पेश गर्न सकिने छ ।

यो महासन्धिको अन्तिम मस्यौदाले पक्षराष्ट्रहरूलाई सम्भव भएसम्म जहिलेपनि तथ्यगत राज्यविहीन व्यक्तिहरूसँग सम्बन्धित प्रावधानहरू थप्न प्रोत्साहित गर्ने सन् १९५४ को महासन्धिको अन्तिम मस्यौदामा समावेश गरेका धेरैजसो सुझावहरूलाई समावेश गरेको छ ।

*"एक दिन म दुई देशका सिमानाहरूको बीचमा उभिइरहेको थिएँ र कुनै पनि देशमा जान सकेको थिएन । यो मेरो जीवनको सबैभन्दा अविस्मरणीय क्षण थियो ! जुन देशमा म बसेको थिएँ त्यो देशमा जान सकिरहेको थिएन र म जन्मेको, हुर्केको र बसेको देशमा पनि जान सकिरहेको थिएन । म कुन ठाउँसँग सम्बन्धित छु ? एयरपोर्टमा अनुभव गरेको पीडादायी भावना म अझै बिर्सन सक्दिन ।"*

चेन, पूर्व राज्यविहीन

## *मानवअधिकार कानूनले राष्ट्रियताको अधिकारलाई कसरी सुनिश्चित गर्दछ ?*

विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूले राष्ट्रियताको अधिकारलाई सम्बोधन गरेका छन् । सन् १९५७ को **विवाहिता महिलाको राष्ट्रियतासम्बन्धी महासन्धि**ले मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रलाई उल्लेख गर्दै राष्ट्रियताको र राष्ट्रियताबाट वञ्चित हुनु नपर्ने अधिकारको व्यवस्था गरेकोछ । यसले "लैङ्गिक भेदभावबिना सबैका लागि मानवअधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी सम्मान र अनुगमन" को प्रवर्द्धन गर्न पनि कोशिश गर्दछ । महासन्धिको धारा ३ सम्म पत्नीको राष्ट्रियतासँग सम्बन्धित विशेष प्रावधानहरू समावेश छन् :

**धारा १** ले *"कुनै नागरिकले विदेशीसँग विवाह सम्पन्न गरेकोले वा विवाहको समाप्ति भएकोले वा विवाह अवधिमा पतिले आफ्नो राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियतालाई स्वतः असर पार्दैन भन्ने निश्चित गर्दछ ।"*

**धारा २** ले *"अर्को राष्ट्रको राष्ट्रियताको स्वेच्छिक प्राप्तिले वा आफ्नो राष्ट्रियताको परित्याग गरेको कारणले त्यस नागरिकको पत्नीको त्यस राष्ट्रको राष्ट्रियता कायम राखिरहन कुनै रोक लगाउँदैन भनी उल्लेख गरेको छ ।"*

**धारा ३** लाई दुई भागमा विभाजन गरिएको छ र यस्ले के उल्लेख गर्दछ भने *"कुनै नागरिकको (पक्षराष्ट्रको) विदेशी पत्नीले उनको अनुरोधमा विशेष सहुलियत अंगीकरण प्रक्रियाबाट आफ्नो पतिको राष्ट्रको राष्ट्रियता प्राप्त गर्न सक्दछिन ।" "त्यसरी प्रदान गरिएको राष्ट्रियता उपर राष्ट्रिय सुरक्षा वा सार्वजनिक नीतिको हितको लागि लगाईएका सिमाहरू लागु हुन सक्छन् ।"* महासन्धिका पक्ष राष्ट्रहरूले *"आफ्नो नागरिकको विदेशी पत्नीले पतिको राष्ट्रियता प्राप्त गर्न सक्ने अधिकारलाई कानून तथा न्यायिक व्यवहारलाई असर पार्ने गरी"* महासन्धिको व्याख्या गर्ने छैनन् भन्ने व्यवस्था गरेको छ ।

सन् १९६५ **को सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले** प्रत्येक व्यक्तिलाई वर्ण, रङ्ग, राष्ट्रिय वा जातीय उत्पत्तिका आधारमा भेदभावविना राष्ट्रियताको अधिकारलगायत विभिन्न मौलिक अधिकारहरूको उपभोगका लागि कानूनको दृष्टिमा समानताको अधिकार प्रत्याभूत गर्न राष्ट्रहरूलाई दायित्व तोकेको छ । (धारा ५)

सन् १९६६ **को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको** धारा २४ ले उल्लेख गरे अनुसारः

*"प्रत्येक बालबालिकलाई ऊ बालक भएको कारणले पाउनु पर्ने संरक्षणको अधिकार उसको जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा भेदभावविना निजको परिवार, समाज तथा राष्ट्रबाट प्राप्त हुनेछ ।"*

*"प्रत्येक बालबालिका जन्मेपछि तुरून्तै दर्ता गरिनेछ र निजको नाम राखिनेछ । "*

*"प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुनेछ ।"*

अनुबन्धको धारा २६ ले "सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान हुनेछन् र विनाभेदभाव कानूनको समान संरक्षणका हकदार छन् । यस सम्बन्धमा कानूनले सबै प्रकारका भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिईनेछ ।" भन्ने व्यवस्था गरेको छ ।

सन् १९७९ **को महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको** धारा ९ ले निम्नानुसार उल्लेख गरेको छः

> *"पक्ष राष्ट्रहरूले महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार प्रदान गर्नेछन् । पक्षराष्ट्रहरूले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीका राष्ट्रियता स्वतः परिवर्तन नहुने, निजलाई राज्यविहीन नबनाइने वा पतिको राष्ट्रियता ग्रहण गर्न बाध्य हुनु नपर्ने व्यवस्था सुनिश्चत गर्नेछन् ।"*

> *"पक्षराष्ट्रहरूले बालबालिकाको राष्ट्रियता सम्बन्धमा महिलालाई पुरुष सरहको समान अधिकार प्रदान गर्नेछन् ।"*

प्रायः सबै राष्ट्रहरूले अनुमोदन गरेको सन् १९८९ को बालअधिकार सम्बन्धी महासन्धिमा राष्ट्रियता सम्बन्धी दुई महत्वपूर्ण धाराहरू समावेश गरिएकाछन्:

> ***धारा** २ ले "पक्षराष्ट्रहरूले आफ्नो क्षेत्राधिकार भित्रका प्रत्येक बालबालिकाको वा निजका बाबु आमाको वा कानूनी संरक्षकको जात, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी यस महासन्धिमा उल्लेखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्नेछन्" भनी उल्लेख गरेको छ ।*
> ***धारा** ७ ले "जन्मनासाथ बालबालिकालाई दर्ता गरिनेछ र बालकले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र संम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन्" भनी उल्लेख गरेको छ । र यो धाराले "पक्षराष्ट्रहरूले आ-आफ्ना राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय संयन्त्रहरू अन्तर्गतको दायित्व अनुसार विशेष गरि बालबालिका राज्यविहीन हुने भएमा माथि उल्लेखित अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्ने" कुरा पनि उल्लेख गरेको छ ।*

*म सन् १९७१ देखि शिविरमा बसिरहेको छु र यस शिविरबाट मैले मेरा छोराछोरीसहित चाँडै नै बाहिर बसोवास गर्ने आशा राखेको छु । म बंगलादेशका नागरिकहरू सरह अधिकारहरू चाहन्छु । हामीसँग मर्यादित जीवन छैन । मेरा छोराछोरी यस शिविरमा राम्रोसँग हुर्किरहेका छैनन् । तिनीहरूले शिक्षा पाएका छैनन् । शिक्षा नभएमा तिनीहरूले भविष्यमा दुखःमय काम मात्र पाउन सक्नेछन् ।*

सेदाहा, बंगलादेशमा बसिरहेका एक राज्यविहीन व्यक्ति

### *के राष्ट्रियताको अधिकारलाई सम्बोधन गर्ने कुनै क्षेत्रीय सन्धिहरु छन् ?*

क्षेत्रीय संयन्त्रहरूले राष्ट्रियताको अधिकारको कानूनी आधारलाई थप जोड दिएका छन् । मानवअधिकारसम्बन्धी अमेरिकी महासन्धि सन् १९६९ को धारा २० ले उल्लेख गरे अनुसारः

> *"प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ । प्रत्येक व्यक्तिलाई अन्य कुनै राष्ट्रियताको अधिकार नभएमा आफु जन्मिएको देशको क्षेत्राधिकारभित्र राष्ट्रियताको अधिकार हुनेछ । कसैलाई पनि आफ्नो राष्ट्रियताबाट स्वेच्छाचारी ढंगले वञ्चित गरिने छैन, न त उसलाई राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट वञ्चित नै गरिने छ ।"*

यी सिद्धान्तहरूलाई अन्तर-अमेरिकी अदालतले निर्णय गर्दा स्थापित गरेका विधिशास्त्रहरूले पनि समर्थन गरेका छन् । तर उक्त अदालतले नागरिकता प्रदान गर्ने अवस्थाहरू राज्यको आन्तरिक क्षेत्राधिकार भित्र पर्दछन भन्ने निश्चय गरेको छ र अदालतले आफ्नो फैसलामा निम्नानुसार उल्लेख गरेकोछः

> *"परम्परागतरूपमा मानिआएको तथ्यअनुसार राष्ट्रियताको प्रदान र मान्यता दिने सवाल हरेक राष्ट्रले निर्णय गर्ने भएतापनि अन्तर्राष्ट्रिय कानूनको समकालिन विकासहरूले राज्यले त्यस्ता क्षेत्रमा प्रयोग गरेको व्यापक अधिकारहरूमा निश्चित सीमाहरू तोक्ने गर्दछ र राज्यले नियमित गर्ने राष्ट्रियता सम्बन्धी तौर तरिका आज तिनीहरूको आफ्नैमात्र क्षेत्राधिकार हो भनी मान्न सकिन्न ।"* (मानवअधिकारसम्बन्धी अन्तर-अमेरिकी अदालतको राय, "कोष्टारिकाको संविधानमा अंगीकरणको प्रावधानसम्बन्धी संशोधनहरू" अनुच्छेद ३२-३४ मुलपाठ-५-HRLJ १९८४ )

अर्को शब्दमा, यदि उक्त कानूनको कार्यान्वयनले राज्यविहीनता उत्पन्न हुनसक्छ भने राष्ट्रहरूले आफ्नो आन्तरिक राष्ट्रियता सम्बन्धी कानूनको अन्तर्राष्ट्रिय प्रभावलाई अवश्य ध्यान पुऱ्याउनु पर्दछ ।

सन् १९६३ मा युरोपभरि **बहु–राष्ट्रियताका घटनाहरू न्यूनिकरण गर्ने र बहु–राष्ट्रियताको घटनाहरूमा सैनिक दायित्वसम्बन्धी महासन्धि** ग्रहण गरिएको थियो । उक्त महासन्धि त्यस समयमा अधिकांश पश्चिमी युरोपेली मुलुकहरूले स्वीकार गरेको बहुराष्ट्रियता अनिच्छित हो भन्ने र यसलाई खारेज गर्नुपर्छ भन्ने अवधारणामा आधारित छ । जब कि सन् १९६३ को महासन्धि बहुराष्ट्रियताको विषयको क्षेत्रमा मात्र सीमित छ र यससँग सम्बन्धित सोच र अभ्यासको विकासहरूलाई समावेश गर्न सन् १९७७ र १९९३ मा दुईवटा आलेखहरू थप गरिएको छ । उदाहरणको लागि, महासन्धिको दोस्रो आलेखले दोस्रो पुस्ताका प्रवासीहरू र मिश्रित विवाहका दम्पतीहरू र उनीहरूका बच्चाहरूको सम्बन्धमा भने बहुराष्ट्रियता प्राप्तिको अनुमति प्रदान गरेको छ ।

सन् १९९७ को **राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धि** युरोपेली परिषद्द्वारा मस्यौदा गरिएको अर्को क्षेत्रीय दस्तावेज हो । यो राष्ट्रियता सम्बन्धी कानूनहरूको विवादहरूको विषयलाई मात्र सम्बोधन गर्ने सन् १९३० को हेग महासन्धि देखि राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनमा राष्ट्रियताको सम्बन्धमा भएका सबै विकासहरूलाई संहितावद्ध गरी एउटै दस्तावेजको निर्माण

गर्ने आवश्यकताको बोध भई जन्मिएको थियो । यो महासन्धिले न त सन् १९६३ को महासन्धिलाई परिवर्तन गर्छ न त यो पहिलेको महासन्धिको प्रतिकुल नै छ । वास्तवमा, राष्ट्रियतासम्बन्धी सन् १९९७ को महासन्धिले विभिन्न राष्ट्रहरूका विवाहित व्यक्तिहरू र तिनीहरूका बालबालिकाहरूका लागि बहु-राष्ट्रियता प्राप्त गर्नको लागि मञ्जुरी प्रदान गर्दछ । तर उक्त महासन्धिले राष्ट्रियताको प्राप्ति, निरन्तरता, समाप्ति र राष्ट्रियताको पुनः प्राप्ति, कार्यविधिगत अधिकारहरू, राज्यको उत्तराधिकारको परिप्रेक्षमा राष्ट्रियता, सैनिक दायित्व र पक्षराष्ट्रहरूको बीचमा सहकार्यका विषयहरू पनि समावेश गर्दछ । यसले राज्यविहीनता उत्पन्न गर्ने घटनाहरूलाई रोकथाम गर्न लक्ष्य लिएका धेरै प्रावधानहरू पनि समावेश गरेको छ । उक्त महासन्धिले राज्यविहीन व्यक्तिको हैसियतसम्बन्धी महासन्धिलाई राज्यविहीन व्यक्तिहरूको परिभाषाका सन्दर्भमा उद्धृत गरेको छ । उक्त परिभाषाअनुसार युरोपेली राष्ट्रियतासम्बन्धी महासन्धिका प्रावधानहरूले कानूनतः राज्यविहीन व्यक्तिहरूलाई मात्र समेटेको छ ।

युरोपको समकालिन अनुभवमा राज्यको उत्तराधिकारको कारणले धेरै संख्यामा मानिस राज्यविहीन हुने खतरा बढाएको छ किनभने अर्को राष्ट्रियता प्राप्त गर्नु अगाडि नै उनीहरूले राष्ट्रियता गुमाउन सक्दछन् । कुनै राष्ट्रको केही भू-भाग अर्को राष्ट्रमा हस्तान्तरण, राष्ट्रहरू बीचको एकीकरण, कुनै राष्ट्रको विघटन अथवा कुनै भू-भाग, विभिन्न भाग वा भागहरूमा विभाजित भएको परिणामबाट हुने राज्यउत्तराधिकार र राज्यविहीनतालाई ध्यान दिने प्रयासमा युरोपेली परिषद्ले विशेषरूपमा यो समस्यालाई केन्द्रित गरी राज्य उत्तराधिकारबाट हुने राज्यविहीनता न्यूनिकरण गर्नेसम्बन्धी महासन्धि अवलम्बन गऱ्यो । १५ मार्च २००६ मा अवलम्बन गरिएको उक्त महासन्धिले राष्ट्रियतासम्बन्धी सर्वमान्य सिद्धान्तलाई प्रकाश पार्दै राज्यउत्तराधिकारको विषयमा राष्ट्रियतासम्बन्धी विशेष नियमहरू समावेश गरेकोछ । यसका २२ वटा धाराहरूले त्यस्ता उत्तराधिकार र साबिक राष्ट्रका दायित्वहरू, प्रमाणका नियमहरू, जन्मदै हुने राज्यविहीनता न्यूनिकरण गर्ने र राज्यविहीन व्यक्तिहरूलाई राष्ट्रियता प्राप्त गर्न सरल बनाउने जस्ता विषयहरूमा व्यवहारिक मार्गदर्शन प्रदान गरेको छ । यो आलेख सन् २००६ को पुर्वार्धमा अवलम्बन गरिने अपेक्षा गरिएकोछ ।

सन् १९९९ मा, अफ्रिकी एकताको संगठन (हाल अफ्रिकन युनियन) ले **बालबालिकाको अधिकार र कल्याण सम्बन्धी अफ्रिकी बडापत्र** अवलम्बन गऱ्यो । बालअधिकारसम्बन्धी महासन्धिको ढाँचा अनुरूप यो बडापत्रले केही प्रमुख अविभेदकारी तथा बालबालिकाको सर्वोत्तम हितको प्राथमिक महत्वका सिद्धान्तहरूलाई पहिलेका सन्धिहरू अनुरूप उल्लेख गरेकोछ । बडापत्रको धारा ६ ले नाम र राष्ट्रियतालाई केन्द्रित गरी उल्लेख गरेकोछः

- प्रत्येक बालबालिकालाई जन्मे पछि आफ्नो नाम राख्न पाउने अधिकार हुनेछ,
- प्रत्येक बालबालिकालाई जन्मनासाथ तत्काल दर्ता गरिनेछ,
- प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुनेछ,
- बडापत्रका पक्षराष्ट्रहरूले तिनीहरूको संवैधानिक कानून अनुसार कुनै बालबालिकालाई अन्य कुनै देशले त्यस देशको कानून अनुसार राष्ट्रियता प्रदान गरेको छैन भने त्यो बालक जुनदेशको भू-भागमा जन्मिएको हो उसले त्यहि देशका राष्ट्रियता प्राप्त गर्नेछ भन्ने सुनिश्चित गर्ने सिद्धान्तलाई मान्यता दिनेछन् ।

# राज्यविहीन व्यक्तिहरूको पहिचान र संरक्षण

राज्यका नागरिकतासम्बन्धी कानूनहरू मार्फत तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेज र सन् १९६१ को राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धिको कार्यान्वयन मार्फत राज्यविहीनताका घटना न्यूनिकरण गर्न प्रयत्न गरिएको भएता पनि विश्वभर लाखौको संख्यामा राज्यविहीन व्यक्तिहरू रहेका छन् भन्ने यू.एन.एच.सि.आर.ले अनुमान गरेकोछ । सन् १९५४ को राज्यविहीन व्यक्तिको हैसियतसम्बन्धी महासन्धिले, राज्यविहीन व्यक्तिहरू को हुन् भनी पहिचान गर्दछ, त्यस्ता व्यक्तिहरूको कानूनी पहिचानको प्रवर्द्धन गर्दछ, तथा राज्यविहीन व्यक्तिहरूले विना भेदभाव मौलिक अधिकार तथा स्वतन्त्रताको प्रयोग गर्न सक्छन् भन्ने सुनिश्चित गर्दछ ।

## *राज्यविहीन व्यक्ति को हुन् ?*

*हामी नियमित काम पाउन सक्तैनौं, हामी आवतजावत गर्न सक्तैनौं, हामी बन्दरगाहविनाका डुङ्गा जस्ता भएका छौं । शिक्षा तथा स्वास्थ्य उपचारको पहुँचमा पनि समस्याहरू छन् । मैले माध्यमिक विद्यालय पुरा गर्न र कलेज जान सकिन । म निजी अस्पतालमा मात्र डाक्टरलाई जचाउँन सक्छु तर सरकारी अस्पतालमा जान पाउँदिन ।*

अब्दुल्लाह, संयुक्त अरब इमिरेट्समा बसोबास गर्दै आएका एक बिदून राज्यविहीन व्यक्ति

सन् १९५४ को महासन्धिले राज्यविहीन व्यक्तिलाई "कुनैपनि राष्ट्रले आफ्नो देशको कानून बमोजिम नागरिकको रूपमा मान्यता प्रदान नगरेको" व्यक्तिको रूपमा परिभाषित गरेको छ (धारा-१) । यो एउटा विशुद्ध कानूनी परिभाषा हो । यसले राष्ट्रियताका गुणहरू, राष्ट्रियता प्रदान गर्ने तरिकाहरू, वा राष्ट्रियताको पहुँचलाई निर्दिष्ट गर्दैन । यस परिभाषाले सामान्य रूपमा कानूनको कार्यान्वयनलाई जनाउँदछ जसअनुसार उक्त राष्ट्रको राष्ट्रियतासम्बन्धी कानूनले सम्बन्धित व्यक्तिसँग स्वतः नागरिकता छ भनी परिभाषित गर्दछ ।

उल्लेखित परिभाषा अनुसार, **"राज्यविहीन" निर्धारण गर्न, कुनै व्यक्तिले नकारात्मकः कुनै सम्बन्धित राष्ट्रसंग कानूनी बन्धन नरहेको भनी प्रमाणित गनुपर्ने हुन्छ ।**

राज्यविहीनताको प्रमाण स्थापित गर्नको लागि, कुनै पनि व्यक्तिको पूर्व सम्बन्ध (जस्तो कि जन्म, पहिलेको नियमित बसोबास, दम्पत्ति अथवा बालबालिकाहरू नागरिक रहेका राज्यहरू, व्यक्तिको आमाबाबु अथवा हजुरबुबा, हजुरआमा नागरिक रहेका राज्यहरू) रहेका ती राज्यहरूको सम्बन्धित राष्ट्रियतासम्बन्धी कानूनलाई राज्यहरूले पुनरावलोकन गर्नुपर्दछ । ती राज्यसँग परामर्श तथा आवश्यकता अनुसार प्रमाणहरूको लागि अनुरोध गर्नु पर्ने हुन्छ । राज्यले सम्पूर्ण तथ्य तथा जानकारीहरू सम्बन्धित व्यक्तिबाट उपलब्ध गराइदिनको लागि तथा पूर्ण सहयोगको लागि अनुरोध गर्नु पर्दछ । यदि अनुरोध भएमा, यू.एन.एच.सि.आर.ले राज्यहरू

बीच सहजिकरण तथा सम्बन्धित कानूनहरूको प्राविधिक जानकारी उपलब्ध गराउन तथा विभिन्न राज्यहरूमा तिनीहरूको कार्यान्वयन बारे जानकारी उपलब्ध गराउन सक्दछ ।

सम्बन्धित व्यक्ति राज्यको नागरिक होइन भनी राज्यको जिम्मेवार निकायले प्रमाणित गरेको कागजातलाई विशेष गरी विश्वसनीय राज्यविहीनताको प्रमाणको रूपमा लिइन्छ । तथापि त्यस्ता प्रमाणहरू सधैं उपलब्ध हुन सक्दैनन् । उत्पत्तिको राज्य तथा अघिल्लो स्थायी बसोबासको राज्यको सम्बन्धित निकायले सम्बन्धित व्यक्ति नागरिक होइन भनी प्रमाणित गर्ने कागजातहरू उपलब्ध गराउन इन्कारी गर्न सक्दछ, अथवा सामान्यतया ती राज्यहरूले जवाफ फिराउँदैनन् । कुनै व्यक्ति राज्यसँग कानूनी रूपमा सम्बन्धित नरहेको भनि जनाइदिन केही राज्यका निकायहरू आफू जिम्मेवार नरहेको महसुस गर्दछन् । यदि कुनै राज्यले कुनै व्यक्ति आफ्नो राज्यको नागरिक होइन भन्न इन्कार गर्छ भने, त्यो इन्कारी आफैमा प्रमाणको रूपमा रहेको हुन्छ, त्यसैले राज्यले साधारणतया आफ्ना नागरिकको कुटनैतिक संरक्षण प्रदान गर्ने गर्दछन् ।

## *के कुनै व्यक्ति सन् १९५४ को महासन्धिको प्रावधानहरूबाट विमुख गराईन सक्छ ?*

सन् १९५१ को महासन्धिको प्रस्तावना अनुसार राज्यविहीन शरणार्थीहरूलाई सन् १९५१ को शरणार्थीको हैसियतसम्बन्धी महासन्धिले समेटेको छ त्यसकारण सन् १९५४ को महासन्धिले यसलाई समेटेको छैन ।

राज्यविहीन व्यक्तिको परिभाषाको अतिरिक्त सन् १९५४ को महासन्धिको धारा १ ले यस्ता व्यक्तिहरूलाई पनि परिभाषित गरेको छ, जो महासन्धिको परिभाषाको दायरा भित्र (वास्तवमा ती व्यक्ति राज्यविहीन नै भएपनि) परेपनि, निश्चित् कारणहरू जस्तैः विशेष कानूनी योजना वा अन्तर्राष्ट्रिय सहयोगबाट पहिला नै सुविधा प्राप्त गरेका कारणले गर्दा उक्त संरक्षण आवश्यकता नपरेको या आफ्नो व्यक्तिगत फौज्दारी कार्यहरूको आधारमा ती व्यक्तिहरू अन्तर्राष्ट्रिय संरक्षणका लागि योग्य नभएका कारणले गर्दा, उनीहरूका हकमा यो महासन्धि लागू हुँदैन । यसमा निम्न व्यक्तिहरू पर्दछन्:

- *"यू.एन.एच.सि.आर.बाहेक अन्य राष्ट्रसंघीय नियोगहरूबाट हाल संरक्षण र सहयोग पाइरहेका व्यक्तिहरू र यस्तो पाइरहेसम्म*

  यस धारासँग सम्बन्धित हाल कार्यरत एक मात्र संयुक्त राष्ट्रसंघीय नियोग "निकट पूर्वमा रहेका प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य नियोग" हो ।

- *"आफूहरू बसोबास गरिरहेको देशका सक्षम निकायले त्यस देशको राष्ट्रियताको हकसँग जोडिएका अधिकार र दायित्व भनी मान्यता दिएका व्यक्तिहरू"*

  यसको अर्थ यदि कुनै व्यक्ति कुनै राज्यमा कानूनी रूपमा बसोबास गर्दै आएको छ र उसलाई सन् १९५४ को महासन्धिले भन्दा बढि अधिकार उपलब्ध गराएको

छ र विशेषगरी आफ्नै नागरिक सरह पूर्ण आर्थिक तथा सामाजिक अधिकारहरू दिईएको र तिनीहरू देश निकाला विरुद्ध संरक्षित छन् भने त्यस्ता व्यक्तिहरू राज्यविहीन नै भएपनि महासन्धिका प्रावधानहरू लागू गर्न आवश्यक हुँदैन ।

- *"अन्तराष्ट्रिय दस्तावेजहरूमा परिभाषा गरिए अनुसार शान्ति विरुद्धको अपराध, युद्ध अपराध वा मानवता विरुद्धका अपराध गरेका व्यक्तिहरू;*

  *त्यस देशमा प्रवेश गर्ने अनुमति पाउनु अघि आफ्नो बसोबासको देश बाहिर गम्भिर गैर-राजनीतिक अपराध गरेका व्यक्ति; अथवा*

  *संयुक्त राष्ट्रसंघका उद्देश्य र सिद्धान्तहरू विपरीतका कार्य गरी दोषी पाईएका व्यक्तिहरू ।"*

## *कस्तो अवस्थामा कुनै व्यक्ति राज्यविहीन नभएको मानिन्छ ?*

सम्बन्धित व्यक्तिले प्रभावकारी राष्ट्रियता प्राप्त गरेपछि राज्यविहीन अवस्थाको अन्त्य हुन्छ ।

सन् २००३ को डिसेम्बरमा ईथियोपिया र सन् २००४ को नोभेम्बरमा लोकतान्त्रिक गणतन्त्र कङ्गोले अवलम्बन गरेका नागरिकता ऐनले दुवै देशका विलम्बित अवस्थाहरू जहाँ धेरै संख्यामा मानिसहरू प्रभावकारी राष्ट्रियताबाट वञ्चित थिए त्यसको अन्त्य गर्ने लामो यात्रा तय गर्न सक्नेछन् । ईथियोपियाली कानूनले ईथियोपियामा बसिरहेका धेरै व्यक्तिहरूलाई ईथियोपियाको राष्ट्रियता पुनः प्राप्ति गर्ने अवस्था सृजना गर्छ भने लोकतान्त्रिक गणतन्त्र कङ्गोको नयाँ कानूनले नागरिकहरूलाई देशको नागरिकको रूपमा पहिचान गर्न सहायता पुर्‍याउँछ ।

## *कुनै व्यक्ति राज्यविहीन हो वा होइन भन्ने निर्धारण गर्न कस्ता कार्यविधिहरू प्रयोग गरिन्छन् ?*

सन् १९५४ को महासन्धिले राज्यविहीन व्यक्तिको परिभाषा गरेतापनि यसले राज्यविहीनको पहिचान गर्ने कार्यविधिको विस्तृत व्याख्या गर्दैन । तसर्थ, राज्यहरूले आफ्ना स्वार्थ अनुरूप महासन्धि लागू हुने व्यक्तिहरूका हकमा त्यस्तो कानून लागू गर्छन् जसले राज्यविहीन व्यक्ति पहिचान गर्ने तरिका निर्देशित गर्दछ ।  त्यस्तो कानूनले एक निर्णयकर्ताको नियुक्ति गर्नुपर्दछ र व्यक्तिलाई राज्यविहीन रूपमा पहिचान भएपछिका आउने परिणामहरू स्थापित गर्नुपर्छ ।

केही राज्यहरूले कार्यान्वयन कानून लागू गरेका छन् जसले सरकारी कार्यालयभित्र विशेष निकायहरू स्थापना गर्दछ । यस्ता निकायहरूले विशेष गरी शरण आवेदकहरू, शरणार्थीहरू तथा राज्यविहीन व्यक्तिहरूलाई हेर्दछन् । अथवा उदाहरणको लागि, गृह मन्त्रालयले राज्यविहीन व्यक्तिहरूका आवेदनको परीक्षण तथा निर्णय गर्दछन् । राज्यविहीनताको निर्धारण

सम्बन्धमा कुनै निश्चित कानून नभएका अन्य राज्यहरूले राज्यविहीनहरूको निर्धारणको लागि एक प्रशासनिक वा न्यायिक निकाय स्थापना गरेका छन् । यद्यपि धेरै राज्यहरूसँग यसकालागि कुनै निश्चत कार्यविधि छैन । प्रायः यस्ता सवालहरू, शरणार्थीहरूको हैसियत निर्धारण गर्दा राज्यविहीनताको प्रश्नसँगै उठ्ने गर्दछन् । यस्तो अवस्थामा राज्यविहीन व्यक्तिलाई मानवीय वा सहायक संरक्षणको रूपरेखाभित्र राखेर कारवाही अगाडि बढाउन सकिन्छ । वास्तवमा, राज्यविहीन व्यक्तिहरू केवल शरण खोज्ने व्यवस्था अर्न्तगत दरखास्त दिन बाध्य हुनेछन् किनभने उनीहरूका लागि अन्य कुनै कार्यविधि उपलब्ध छैन ।

केही राज्यसँग राज्यविहीन व्यक्तिको पहिचान गर्ने विशेष कार्यविधि हुँदैन, तर जब कुनै व्यक्तिले बसोबास वा यात्रा कागजातको लागि दिएको निवेदन अथवा शरणको लागि दिएको आवेदन अस्वीकृत हुन्छ तब उक्त शरण खोजीरहेको राज्यमा रहनको लागि अन्य आधारमा दाबी पेश हुन्छ त्यसबेला यस्तो सवाल उठ्न सक्छ ।

फ्रान्समा राज्यविहीनताको हैसियत पहिचानका लागि राज्यविहीन व्यक्तिहरू तथा शरणार्थीहरूको संरक्षणका लागि फ्रान्सेली कार्यालय (OFPRA) ले काम गर्दछ । राज्यविहीन व्यक्तिहरूलाई न्यायिक तथा प्रशासकीय संरक्षण उपलब्ध गराउने अख्तियार प्राप्त छ । निवेदकले सिधै OFPRA मा निवेदन दिनु पर्दछ ।

स्पेनमा शाही आदेशद्वारा नियमन गरिएको कार्यविधिबमोजिम गृह मन्त्रालयले राज्यविहीनताको हैसियत पहिचान गर्नेछ भनी व्यवस्था गरेको छ । निवेदकले शरणार्थी तथा शरणसम्बन्धी कार्यालय (Office for Asylum and Refugee OAR) अथवा प्रहरी चौकीमा सम्पर्क गर्न सक्दछन् । अनुसन्धानको समयावधि सिद्धिएपछि OAR ले कार्यविधिगत प्रक्रिया पुरा गरी उपयुक्त सुझाव सहित गृह मन्त्रालयमा पेश गर्दछ ।

इटालीमा, सन् १९९३ मा राष्ट्रियतासम्बन्धी कानूनलाई संशोधन गर्न जारी गरिएको कार्यान्वयन आदेशद्वारा गृह मन्त्रालयलाई राज्यविहीनहरूको हैसियत पहिचान गर्ने अधिकार दिइएको छ ।

राज्यविहीन व्यक्तिहरूको पहिचानको विशेष कार्यविधिविना, राज्यविहीनता पहिचान गर्न नसकिएका घटनाहरू कति छन् भन्ने कुरा निक्यौंल गर्न असम्भव हुन्छ र समस्याको आकार आंकलन गर्न असम्भव हुन्छ ।

### *कस्ता प्रकारका प्रमाणहरु आवश्यक पर्दछन् ?*

“उत्पत्तिको देश” वा जन्मिएको देश वा जसले पहिले नै यात्रा कागजात जारी गरिसकेको आधारमा उक्त राज्यको वाणिज्यदुत वा राजदुतावासबाट यो व्यक्ति नागरिक होइन भनी निश्चित गरेको तथ्यलाई समर्थन गर्न सामान्यतया निवेदक स्वयम्ले कागजपत्र उपलब्ध गराउनु पर्दछ ।

माथि भनिएजस्तै यो सधैँ सम्भव हुन सक्दैन । यदि सम्पूर्ण कागजपत्र उपलब्ध हुन सकेन भने, केही राज्यहरूले अन्य प्रमाणहरू जस्तो: सम्बन्धित राष्ट्रियता सम्बन्धी कानूनको पुनरावलोकन र अन्य तेस्रो पक्षले गरेका घोषणाका आधारलाई राज्यविहीनताको प्रमाणको रूपमा स्वीकार गर्न सक्दछन् । कुनै सरकार भित्रका अनेक विभागहरू तथा मन्त्रालयहरू बीच तथा अन्य राज्यहरू बीच सूचनाको खोजीको लागि एउटा संयुक्त पहलको आवश्यकता पर्न सक्दछ ।

यो हाते पुस्तिका लेखिँदासम्म, राज्यहरूमाझ राज्यविहीन व्यक्तिहरूको पहिचानका उपायहरूमा सामञ्जस्यता पाईएको छैन । राज्यविहीनताको प्रमाण स्थापित गर्ने आधारहरू राज्यपिच्छे फरक हुन सक्ने भएकोले एक देशमा राज्यविहीनको रूपमा परिचित व्यक्ति अर्को देशमा राज्यविहीन नहुनसक्छ ।

सन् २००५ मा यू.एन.एच.सि.आर.ले यूरोपेली संघका सदस्य राष्ट्रहरू माझ सन् १९५४ को महासन्धिको कार्यान्वयन बारे प्रतिवेदन जारी गरेको थियो । उक्त अध्ययनले के पायो भने प्राय: जसो यूरोपेली राष्ट्रहरूले राज्यविहीन व्यक्तिहरूको पहिचान गर्न र मान्यता प्रदान गर्न हालसम्म विशेष संयन्त्रको स्थापना गरेका थिएनन्, बरु यसको सट्टा सामान्यतया शरण आवेदकसम्बन्धी कार्यविधिको प्रयोग गर्ने गरेको पाईएको थियो । परिणामस्वरूप, यूरोपेली संघ भित्रका राज्यविहीनताको समस्याको परिणाम निश्चित गर्न असम्भव भएको छ । तथापि, यू.एन.एच.सि.आर.ले प्रतिवेदन पेश गर्ने क्रममा असल अभ्यासहरूको राष्ट्रिय स्तरमा उजागर गर्‍यो, जुन युरोपेली राष्ट्रहरू बीचमा पहिचान तथा मान्यता प्राप्त गर्ने कार्यविधिको सामञ्जस्य कायम गर्न तथा सन् १९५४ को महासन्धि अनुमोदन गरिसकेका राज्यहरूलाई मार्गदर्शन दिनको लागि प्रयोग गर्न सकिन्थ्यो ।

## *कुनै व्यक्ति राज्यविहीन हो भन्ने कसले निर्णय गर्दछ ?*

राज्यविहीनताको क्षेत्रमा विशेषज्ञको योग्यता भएको व्यक्ति जसले निवेदन तथा यसलाई समर्थन गर्ने प्रमाणको कुरालाई निष्पक्ष तथा वस्तुनिष्ट तरिकाबाट जाँच गर्नसक्छ, उसलाई राज्यविहीनता निर्धारण गर्ने व्यक्तिको रूपमा नियुक्त गरिनुपर्दछ । यस्तो निर्धारित जिम्मेवारी भएको केन्द्रीय निकायको स्थापनाले विरोधाभाषपूर्ण निर्णयहरूको खतरा घटाउँछ । उत्पत्तिको राज्यसम्बन्धी जानकारी प्राप्त गर्न र उजागर गर्न बढी प्रभावकारी हुनेछ, तथा यसको केन्द्रित कार्यले राज्यविहीनतासँग सम्बन्धित विषयहरूमा अझ बढी विशेषज्ञता विकास गर्न सक्दछ । राज्यविहीनताको हैसियत निर्धारण सम्बन्धी कार्यलाई कानूनको संकलन तथा विश्लेषणको आवश्यकता पर्दछ । यद्यपि, केन्द्रीय निकायको स्थापना नभएता पनि समकालीन विज्ञहरूसँग राष्ट्रियतासम्बन्धी कानूनसँग सम्बन्धित विषयमा सहकार्य गर्दै, सरकार भित्रका र अन्य राज्यहरूका निर्णयकर्ताहरूले यस विषयमालाभ प्राप्त गर्न सक्दछन् ।

## *कसरी व्यक्तिहरूले कार्यविधिमा पहुँच प्राप्त गर्न सक्दछन् ?*

सन् १९५४ को महासन्धिले राज्यविहीनताको हैसियत निर्धारणको क्रम चलिरहेको बेला सम्बन्धित

व्यक्तिलाई कानूनी बसोबास प्रदान गर्न राज्यहरूलाई बाध्य पार्दैन । यद्यपि कुनै व्यक्ति कुनै राज्यको क्षेत्राधिकारभित्र भएमा राष्ट्रियताको हैसियत निर्धारण नै उसको लागि दुःखको समयमा एक मात्र समाधान हो । यदि अघिल्लो स्थायी बसोबासको राज्यमा आफू फर्कन सक्ने अवस्था नभएमा अथवा त्यस्तो राज्य नभएमा निजलाई ऊ तत्काल रहेको राज्यको क्षेत्राधिकारभित्र बस्ने अनुमति दिनु वा कुनै प्रकारको वैधानिक बसोबासको व्यवस्था मिलाउनु एकमात्र समाधानको उपाय हो ।

यदि कुनै व्यक्तिले राज्यविहीनको मान्यता पाउँ भनी निवेदन दिएको छ वा निकायहरू ऊ राज्यविहीन हो वा होइन भन्ने पहिचानका लागि कोशिस गरिरहेको बेलामा, प्रक्रिया चलुन्जेल अस्थायी बसोबास उपलब्ध गराउनु आवश्यक हुन सक्छ । राज्यविहीनताको हैसियत निर्धारणको क्रम चलिरहेको अवस्थामा वैधानिक बसोबास दिइनु पर्छ वा पर्दैन भन्ने विषयमा महासन्धि मौन छ । यस सम्बन्धमा राज्यका अभ्यासमा विविधता पाईन्छ ।

उचित प्रक्रियाको सिद्धान्त अनुसार निवेदकलाई निम्न बमोजिम प्रत्याभूतिहरू हुनुपर्दछ :

- दाबी माथिको व्यक्तिगत परीक्षणको अधिकार जसमा निवेदक पनि सहभागि हुनसक्छ;
- दाबीका वस्तुपरक उपचारको अधिकार;
- कार्यविधिको निश्चित समय सीमा;
- आवेदकले बुझ्ने भाषामा कार्यविधिसम्बन्धी सूचनामा पँहुच;
- दोभाषे तथा कानूनी सल्लाकार माथि पहुँच;
- तथ्याङ्क संरक्षण तथा गोपनीयतासम्बन्धी अधिकार;
- निर्णयाधार सहितको निर्णय; तथा
- निर्णयको वैधतालाई चुनौती गर्न सकिने सम्भावना ।

राज्यविहीनको हैसियत पाउनु पर्ने निवेदक मध्येका केही समूहहरू खासगरी संरक्षकविहीन बालबालिकालाई निजहरूको आवश्यकता अनुसार विशिष्ट कार्यविधिगत प्रावधानहरूको आवश्यकता पर्दछ । यस्ता प्रावधानको उद्देश्यहरूमा संरक्षकविहीन बालबालिकाको मुद्दामा प्रतिनिधित्व गर्न अविभावकको नियुक्ति तथा प्रशासनिक कार्यविधिको क्रममा उनीहरूलाई सहायता पुऱ्याउनु हुन सक्दछन् ।

## *के राज्यले कुनै वैधानिक बसोबास नभएका राज्यविहीन व्यक्तिलाई हिरासतमा लिन सक्दछ ?*

**राज्यविहीन व्यक्तिहरू सामान्यतया हिरासतमा राखिनु हुँदैन ।** राज्यविहीन व्यक्तिहरूसँग प्रायजसो परिचयपत्र हुँदैन, जस्तो राष्ट्रिय परिचयपत्र अथवा राहदानी, जसले तिनीहरूको परिचय स्थापित गर्दछ । यद्यपि उनीहरूको अघिल्लो बसोबासको देशको पहिचान भएतापनि प्रायः जसो ती राज्यहरूले ती व्यक्तिको पुनःप्रवेशको लागि तत्काल स्वीकृति दिदैनँन् । यस्तो अवस्थामा पनि हिरासतमा राखिनु हुँदैन र यदि राखिनु पर्ने अवस्था आएमा अन्तर्राष्ट्रिय मानवअधिकार कानून बमोजिम निर्दिष्ट राष्ट्रिय कानूनको स्पष्ट आधारमा मात्रै थुनामा राख्न

सकिन्छ । सम्बन्धित व्यक्तिकालागि अन्य विकल्पहरू प्रभावकारी हुने छैनन् भन्ने कुराको प्रमाण नभएमा बाहेक पहिला हिरासतका विकल्पहरू खोजिनु पर्दछ ।

गैर-कानूनी रूपमा रहेका राज्यविहीन व्यक्तिहरूलाई यथासक्य अन्य विकल्पहरू माथि विचार गरेर मात्र थुना राख्नु पर्दछ । थुनामा राख्ने अपवादात्मक निर्णय गर्नु पर्दा अधिकारवालाहरूले थुना विवेकपूर्ण तथा उद्देश्यहरू प्राप्त गर्न सहायता पुऱ्याउन समानुपातिक छ वा छैन भन्ने कुरा निश्चय गर्नु पर्दछ । यदि थुना आवश्यक ठानिएमा विभेदरहित ढंगबाट थोरै अवधिको लागि मात्र प्रयोग गर्न सकिन्छ । अनुरोध भएमा यू.एन.एच.सि.आर.ले  यस्ता मुद्दाहरूमा सल्लाह दिन सक्दछ ।

### स्वेच्छाचारी थुनासम्बन्धी कार्यदल

सन् १९८५ देखि स्वेच्छाचारी हिरासतको अवरोधपूर्ण विस्तारलाई रोक लगाउन संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले सम्बोधन गरेको छ । यसले भेदभावको रोकथाम तथा अल्पसंख्यकहरूको संरक्षणसम्बन्धी उप-आयोगलाई त्यस विषयमा गहिरो अध्ययन गर्न तथा त्यस्ता अभ्यासहरू न्यूनिकरणको लागि सिफारिसहरू पेस गर्न अनुरोध गरेको थियो । उक्त समयमा, स्वतन्त्रताबाट वञ्चित गराइएका सबै व्यक्तिहरूले उपभोग गर्ने प्रत्याभूतिको सरोकार स्वरूप संयुक्त राष्ट्र संघको महासभाद्वारा सन् १९८८ को डिसेम्बरमा कुनैपनि प्रकारको थुना वा कारावास अन्तर्गतका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी सिद्धान्तहरूको संगालो जारी गरियो । सन् १९९० मा माथि उल्लेखित सिफारिस बमोजिम उप-आयोगको प्रतिवेदन अनुसार मानवअधिकारसम्बन्धी आयोगले स्वेच्छाचारी थुनासँग सम्बन्धित कार्यदलको गठन गरेका थियो । उक्त कार्यदलले हिरासत र थुनालाई नियमन गर्न निम्न सिद्धान्तहरू ग्रहण गरेको छः

**सिद्धान्त १**

कुनै शरण आवेदक वा आप्रवासीलाई सिमानामा अथवा राज्यको सीमाक्षेत्र भित्र (यदि गैरकानूनी रूपमा प्रवेश गरेको खण्डमा) जिरह गर्नकालागि र प्रवेश गर्न इन्कारी गर्ने निर्णय भएकोमा त्यसको आधार र प्रकृति अथवा सम्बन्धित व्यक्तिलाई त्यस सीमाक्षेत्र भित्र अस्थायी बसोबासको आज्ञा दिने सम्बन्धमा विचार गर्नु पर्ने देखिएमा सो को जानकारी कम्तिमा पनि मौखिक रूपमा तथा निजले बुझ्ने भाषामा दिनु पर्दछ ।

**सिद्धान्त  २**

कुनै पनि शरण आवेदक व्यक्ति वा आप्रवासीलाई हिरासतमा राखिएको अवस्थामा टेलिफोन लगायत फ्याक्स अथवा विद्युतीय प्रणाली मार्फत बाहिरी संसारसँग सञ्चार सम्बन्ध स्थापना गर्न तथा कानून व्यवसायी, कूटनैतिक प्रतिनिधि तथा आफन्तसँग सर्म्पक गर्न सक्ने सम्भावना कायम भएको हुनु पर्दछ ।

**सिद्धान्त ३**

कुनै शरण आवेदक वा आप्रवासीलाई हिरासतमा राखिएको अवस्थामा न्यायिकतथा अन्य निकायहरूमा यथासक्य चाँडो उपस्थित गराउनु पर्दछ।

**सिद्धान्त ४**

कुनै शरण आवेदक वा आप्रवासीलाई हिरासतमा राखिन्छ भने, उसको हस्ताक्षर त्यस दर्ता पुस्तिकामा गराइनु पर्दछ जसमा क्रमसंख्या र कारण उल्लेख गरिएको होस् । त्यस्तै प्रकारका प्रत्याभूतिहरू जसमा व्यक्तिको परिचय, थुनाको कारण, निर्णय लिने अधिकारी साथ-साथै प्रवेश गरेको र रिहा भएको समय खुलेको हुनुपर्दछ ।

**सिद्धान्त ५**

कुनै शरण आवेदक वा आप्रवासी हिरासत केन्द्रमा प्रवेश गरेपछि उसलाई आन्तरिक नियमहरू तथा उपयुक्त अनुशासनका नियमहरू तथा सम्भावित सम्पर्कविहीन थुनामा पर्न सक्ने सम्भावनाका बारेमा साथै त्यस्ता व्यवस्थाका प्रत्याभूति निश्चित गर्ने विषयमा जानकारी गराउनु पर्दछ ।

**सिद्धान्त ६**

रीतपूर्वक अख्तियार प्राप्त निकायले जिम्मवेवारीपूर्ण तथा कानूनले व्यवस्था गरेको वैधताको परिधिमा आधारित भएर निर्णय गर्नुपर्छ ।

**सिद्धान्त ७**

कानूनले अधिकतम समयावधि तोक्नु पर्दछ तथा कुनै पनि अवस्थामा हिरासत असीमित अथवा अत्याधिक लामो हुनु हुँदैन ।

**सिद्धान्त ८**

हिरासतसम्बन्धी प्रक्रियाको सूचना कुनै शरण आवेदक वा आप्रवासीले बुझ्ने भाषामा उक्त प्रक्रियाका आधारहरू उल्लेख गरी लिखित रूपमा दिइनु पर्दछ; यसले कुनै शरण आवेदक वा अप्रवासीले कुनै न्यायिक निकायमाथि उपचारका लागि आवेदन दिन सक्ने शर्तहरूको निर्धारण गर्नेछन् त्यस्तो न्यायिक निकायले उक्त प्रक्रियाको वैधतामा तत्काल निर्णय गर्न सक्नेछ तथा उपयुक्त लागेमा सम्बन्धित व्यक्तिलाई रिहा गर्न आदेश दिनसक्नेछ ।

**सिद्धान्त ९**

हिरासत सार्वजनिक प्रकृतिको हुनुपर्दछ र विशेषगरी यसै प्रयोजनको लागि बनाइएको हुनुपर्दछ, तर व्यवहारिक कारणले गर्दा शरण आवेदक वा आप्रवासीलाई फौजदारी कानून अर्न्तगत थुनामा परेका व्यक्तिहरू भन्दा छुट्टै स्थानमा नै राख्नुपर्दछ भन्नेचाहि होईन ।

**सिद्धान्त १०**

उपयुक्त भएसम्म यू.एन.एच.सि.आर., रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC) तथा अख्तियारप्राप्त गैरसरकारी संस्थाहरूलाई थुनुवा रहेको स्थानहरूमा प्रवेश गर्न स्वीकृति दिनु पर्दछ ।

## राज्यविहीनको मान्यता प्राप्त व्यक्तिहरूको अधिकार तथा दायित्वहरू के-के हुन् ?

व्यक्तिको हैसियत जोसुकै भएपनि वा जुनसुकै क्षेत्राधिकार अन्तर्गत बसोबास रहेको भएपनि केही मौलिक मानवअधिकारहरू सबै व्यक्तिहरूमाथि समान रूपमा लागू हुन्छन् । यस अन्तर्गत यातना विरुद्धको प्रतिबन्ध तथा अविभेदको सिद्धान्त पनि यसमा पर्दछन । यथार्थमा सन् १९५४ को महासन्धिका व्यवस्थाहरू "जाति, धर्म वा उत्पत्तिको देश जस्ता आधारमा भेदभाव नगरी" राज्यविहीन व्यक्तिलाई लागू गरिनेछ भनी सुनिश्चित गर्छ (धारा ३) ।

आफू बसेको देशको कानून र नियमहरूको पालना गर्नु प्रत्येक राज्यविहीन नागरिकको कर्तव्य हो ( धारा २) । यस्तो दायित्वको परिपालना गरिएको अनुमानमा राज्यविहीन व्यक्तिलाई प्रदान गरिने आधारभूत संरक्षण महासन्धिको धारा ७(१)मा उल्लेख गरिएको छ । महासन्धिले बढी सुविधाजनक व्यवहारको बारेका व्यवस्था गरेकोमा बाहेक "कुनै पक्ष राष्ट्रले सामान्यतया विदेशीहरूलाई गरिए सरहकै व्यवहार राज्यविहीन व्यक्तिहरूलाई गर्नेछ" भनी व्यवस्था गरेको छ ।

सन् १९५४ को महासन्धिमा समाविष्ट प्रायःजसो अधिकारहरूको हकमा, राज्यविहीन व्यक्तिहरूलाई कम्तीमा विदेशीकालागि सुरक्षित गरिएका न्यूनतम हक तथा सुविधाहरू, विशेषगरी लाभप्रद रोजगारी (धारा १७, १८ तथा १९), सार्वजनिक शिक्षा (धारा २२), आवास (धारा २१) तथा आवतजावतको स्वतन्त्रता (धारा २६) आदि उपलब्ध गराउनु पर्दछ ।

## के मान्यता प्राप्त राज्यविहीन व्यक्तिहरू परिचयपत्र तथा यात्रा कागजातहरूका हकदार हुन्छन् ?

पक्ष राष्ट्रहरूले मान्यताप्राप्त यात्रा कागजातपत्र नभएका, आफ्नो भूभागमा रहेको कुनै पनि राज्यविहीन व्यक्तिहरूलाई परिचयपत्र जारी गर्नु पर्दछ भनी उक्त महासन्धिले उल्लेख गरेको छ । पक्ष राष्ट्रले आफ्नो भूभागभित्र कानूनी रूपमा बसिरहेका राज्यविहीन व्यक्तिका हकमा राष्ट्रिय सुरक्षा र सार्वजनिक सुव्यवस्थासँग सम्बन्धित बाध्यात्मक कारणले रोक लगाउनु पर्ने अवस्थामा बाहेक यात्रा कागजात जारी गर्नेछन् भनी धारा २८ ले उल्लेख गरेको छ ।

उक्त कागजपत्र जारी गरिनुले राष्ट्रियता प्रदान गरेको मानिदैन । यसले न त व्यक्तिको हैसियत परिवर्तन हुन्छ न त कुटनैतिक संरक्षणको सुविधाको अधिकार प्रदान गरेको नै मानिन्छ ।

धारा २८ को दोस्रो भागले गैर कानूनी आप्रवासी भएपनि त्यस देशका भू-भागभित्र बसोबास गरिरहेको कुनै राज्यविहीन व्यक्तिको हकमा यात्रा कागजात जारी गर्नका लागि पक्ष राष्ट्रहरूलाई आमन्त्रण गर्छ । राष्ट्रहरूले यस्ता यात्रा कागजात आफ्ना भूभागभित्रका कुनैपनि राज्यविहीन व्यक्तिका हकमा जारी गर्न सक्नेछन्, खासगरी कानूनी रूपमा आफ्नो आवास भएको देशबाट यात्रासम्बन्धी कागजात पाउन नसकेका राज्यविहीन व्यक्तिहरूलाई यस्तो यात्रासम्बन्धी कागजात जारी गर्न राज्यहरूलाई सहानुभूतिपूर्वक विचार गर्न अनुरोध गरिएको छ । यो प्रावधान किन महत्वपूर्ण छ भने, धेरै राज्यविहीन व्यक्तिहरूको कानूनी रूपमा आफ्नो

स्थायी बसोबासको राज्य नहुन सक्दछ । कुनै यात्रा कागजातले राज्यविहीन व्यक्तिको पहिचान गर्न तथा कुनै निश्चित राज्यमा प्रवेश गर्न चाहने कुनै पनि व्यक्तिलाई सहयोग गर्दछ ।

यात्रा कागजात राज्यविहीन व्यक्तिहरूलाई खासगरी पुनर्वास, स्वास्थ्य उपचार, रोजगारी तथा अध्ययनको लागि अन्य राज्यहरूमा यात्रा गर्न महत्वपूर्ण हुन्छन् । उक्त महासन्धिको अनुसूची अनुसार, प्रत्येक पक्ष राज्यले अन्य राज्यद्वारा जारी गरेको यात्रा कागजातलाई वैधानिक मान्यता दिइनेछ भनी मञ्जुरी जनाएका छन् । यस्ता प्रकारका कागजातहरू जारी गर्न यू.एन.एच.सि.आर.ले प्राविधिक सुझाव दिन प्रस्ताव राख्न सक्ने छ ।

## *के राज्यले मान्यता प्राप्त राज्यविहीन व्यक्तिलाई निष्काशन गर्न सक्छ ?*

महासन्धिका व्यवस्था अनुसार राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाका कारणले बाहेक, कुनै पनि देशमा कानूनी रूपमा बसोबास गरिरहेका राज्यविहीन व्यक्तिहरूलाई निष्काशन गर्नु हुँदैन । राष्ट्रिय सुरक्षाका बाध्यात्मक कारणले अन्यथा आवश्यक भएमा बाहेक, उचित कानूनी प्रक्रियाबाट निर्णयमा पुगे अनुरूप मात्र यस्ता राज्यविहीन व्यक्तिलाई निष्काशन गर्न सकिन्छ । तसर्थ, राज्यविहीन व्यक्तिलाई कार्यविधिगत प्रत्याभूति र लागेको अभियोगसम्बन्धी प्रतिउत्तर तथा प्रमाण पेश गर्ने, कानून व्यवसायीबाट प्रतिनिधित्व गर्ने, तथा पुनरावेदन गर्ने अधिकार उपलब्ध गराइनु पर्दछ ।

सामान्यतया जोखिम भएको मुलुकमा फिर्ता नपठाइने सिद्धान्त (Principle of non-refoulement) मान्यता प्राप्त सिद्धान्त हो भन्ने महासन्धिको अन्तिम मस्यौदाले दर्शाउँछ । जोखिम भएको मुलुकमा फिर्ता नपठाइने सिद्धान्त कुनै एक भू-भागमा कुनै व्यक्तिमाथि उत्पीडनको खतरा भएमा त्यस भूभागमा फिर्ता नपठाइने सिद्धान्त हो, यस सम्बन्धमा सन् १९५१ को शरणार्थीहरूको हैसियत सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ३३, यतना तथा अन्य क्रूर, अमानवीय, अपमानजनक व्यवहार तथा सजाँय विरुद्धको महासन्धिको धारा(३, नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध को धारा ७, तथा विभिन्न क्षेत्रीय मानवअधिकारसँग सम्बन्धित दस्तावेजका प्रावधानहरू लगायत विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूले स्पष्ट रूपमा व्याख्या तथा व्यवस्था गरेका छन् ।

तसर्थ, जोखिम भएको मुलुकमा फिर्ता पठाउने कार्यको प्रतिबन्धलाई अन्तर्राष्ट्रिय कानूनले सिद्धान्तको रूपमा स्वीकारेको हुनाले यस महासन्धिका मस्यौदाकारले कानूनगत *(de jure)* राज्यविहीन व्यक्तिहरूको हैसियत नियमित गर्नका लागि, यस व्यवस्थालाई महासन्धिको धाराहरूमा राख्न नपर्ने महसुस गरेका थिए ।

फिर्ता पठाउने अन्तिम निर्णय भएको अवस्थामा राज्यविहीन व्यक्तिलाई अर्को देशमा कानूनी प्रवेश खोज्न सक्ने उचित समयाअवधि उपलब्ध गराउन महासन्धिले अनुरोध गरेकोछ ।

### *मान्यता प्राप्त राज्यविहीन व्यक्तिलाई कस्तो किसिमको अंगीकरण कार्यविधि उपलब्ध हुनु पर्दछ ?*

महासन्धिका पक्ष राष्ट्रहरूलाई सम्भव भएसम्म राज्यविहीन व्यक्तिहरूलाई अंगीकरण तथा सम्मिश्रण गर्न अनुरोध गरिएको छ । (सम्मिश्रण शब्दले यहाँ कुनै एक व्यक्तिको विशेष पहिचानको अन्त्य गर्नु होइन्, तर कुनै पनि राज्यको आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनमा एकीकरण गर्नु हो ।) विशेषगरी, ती राज्यहरूले सम्भव भएसम्म शुल्क तथा खर्च घटाउँदै, अंगीकरणका कारवाहीहरू यथाशक्य छिटो सम्पन्न गराउन हरसम्भव प्रयत्न गर्न जरुरी हुन्छ ।

टिमोर-लेस्टे इन्डोनेसियाबाट स्वतन्त्र घोषणा भएपछि सबै पूर्वी टिमोरीलाई इन्डोनिशीयाली नागरिकता नै यथास्थितिमा राख्न छुटथियो या उनीहरू टिमोर-लेस्टेको नागरिकता प्राप्त गरी बसोबासको स्वीकृति सहित विदेशी सरह इन्डोनेसियामा बस्न सक्थे ।

केही राज्यहरूले शरणार्थी तथा अंगीकरणको लागि आवेदन दिने राज्यविहीन व्यक्तिको हकमा कानूनी बसोबासको समयावधिसम्बन्धी शर्तहरू घटाउने व्यवस्था आफ्नो राष्ट्रियतासम्बन्धी कानूनमा समावेश गरेकाछन् ।

सन् १९९७ को राष्ट्रियता सम्बन्धी यूरोपेली महासन्धि (European Convention on Nationality ECN) ले राष्ट्रिय कानूनमा नियम मार्फत विदेशीहरूलाई अंगीकृत हुने मुलुकमा कानूनी तथा नियमित बासिन्दा बन्न सम्भव हुने बनाउन अनुरोध गर्दै यस सिफारिसलाई अझ विकास गरेको छ । कुनैपनि व्यक्तिलाई अंगीकरणको लागि निवेदन दायर गर्ने हक प्राप्त गर्नु अधि ऊ अधिकतम १० वर्ष आवासीय रहेको हुनुपर्छ भनी युरोपेली महासन्धिले अतिरिक्त हदम्यादको व्यवस्था गरेको छ । यस महासन्धिले राज्यविहीन तथा मान्यता प्राप्त शरणार्थीहरूको लागि शीघ्र अंगीकरणको कार्यविधिहरू अवलम्बन गर्न राज्यहरूलाई पनि प्रोत्साहन गर्दछ ।

### *महासन्धिको अन्तिम मस्यौदाको विशेषता के हो ?*

अन्तिम मस्यौदाले प्रत्येक पक्ष राष्ट्रलाई जब कुनै व्यक्तिले कुनै राष्ट्रको संरक्षण त्यागेको मानसिब घोषणा गर्दछ भने पक्ष राज्यले सो व्यक्तिलाई राज्यविहीन व्यक्तिलाई साहनुभूतिपूर्वक महासन्धिले तोकेसरहको व्यवहार गर्नु पर्दछ भनी सिफारिस गर्दछ । यो सिफारिस तथ्यगत *(de facto)* राज्यविहीन व्यक्तिहरूका लागि समावेश गरिएको हो जसले प्राविधिक रूपमा, राष्ट्रियता प्राप्त गरेको हुन्छ तर सामान्यतया राष्ट्रियतासित सम्बन्धित कुनै पनि सुविधाहरू विशेषरूपमा राष्ट्रिय संरक्षण प्राप्त गर्न सकेको हुँदैन ।

### *राज्यविहीन व्यक्तिहरूको संरक्षणका उपयुक्त उपायहरू के के हुन् ?*

राज्यविहीन व्यक्तिहरूका संरक्षणका लागि सबैभन्दा प्रभावकारी माध्यम भनेको कानून निर्माण गर्नु हो जसले पहिलो चरणमा राज्यविहीनताको सृजना हुने अवस्थालाई असम्भव बनाउँछ

(वृहत छलफलको लागि हेर्नुहोस सन् १९६१ को राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धिको भाग-३ तथा सम्बन्धित प्रक्रियाहरू जसलाई राज्यहरूले राज्यविहीनता न्यूनिकरण गर्न अथवा निर्मूल पार्न ग्रहण गर्न सक्नेछन्) ।

जबसम्म राज्यविहीनताको समस्या निर्मूल हुँदैन राज्यविहीनताको मान्यता प्राप्त व्यक्तिहरू जसरी भएपनि संरक्षित हुनु पर्दछ । सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको हैसियतसम्बन्धी महासन्धिको अनुमोदन र कार्यान्वयन गर्दै तथा महासन्धि कार्यान्वयन गर्ने कानून जारी गरिएमा राज्यविहीन व्यक्तिहरूको अधिकार तथा दायित्वहरू सम्मान गरेको सुनिश्चित हुनेछ ।

माथि छलफल गरिए अनुसार सन् १९५४ को महासन्धिले कुनै पनि व्यक्तिको राष्ट्रियता परिवर्तन गर्दैन न त यसले गैर-शरणार्थी राज्यविहीन व्यक्तिहरूलाई उसका भूभागमा प्रवेश दिन राज्यलाई बाध्य नै पार्छ । **सन् १९५४ को महासन्धिका प्रावधानहरू लागू गर्नु भनेको राष्ट्रियता प्रदान गर्ने सहुलीयत दिनु होइन ।** सम्भव भएसम्म, राज्यले राज्यविहीन व्यक्तिहरू, जो त्यस राज्यको र राष्ट्रियता कानून तथा अभ्यास अन्तर्गत त्यस भू-भागमा बसेका ती राज्यविहीन व्यक्तिहरूको अंगीकरण तथा सम्मिश्रण गर्न सुविधा पुऱ्याउनु नै हो भन्ने बुझिन्छ । समाधानको यस उपायलाई स्थानीय एकीकरण (Local Integration) भन्ने बुझिन्छ ।

शरण खोजिएको राज्यमा आफ्नो जीवन पुनः निर्माणको शुरुवात गर्न सकुन् भन्ने उद्देश्यले सन् २००५ मा किर्गिजस्तान तथा तुर्कमेनिस्तानको सरकारले ताजीकिस्तानबाट उत्पत्ति भएका धेरै राज्यविहीन शरणार्थीहरूलाई नागरिकतामा शीघ्र पहुँच उपलब्ध गराएका थिए ।

केही अपवादबाहेक राज्यविहीन व्यक्तिहरूलाई जुन राष्ट्रमा उनीहरू बसेका छन् त्यस राष्ट्रमा आफ्नो कानूनी हैसियत नियमित गर्न सम्भव नहुन सक्दछ । यस्ता व्यक्तिहरूको लागि अर्को राष्ट्रमा पुनर्वास नै उपयुक्त समाधान हुन सक्छ । राज्यविहीनताको घटनालाई प्रायः जसो राष्ट्रको पुनर्वाससम्बन्धी मापदण्डले समेटेको हुन्छ, यू.एन.एच.सि.आर.को कार्यकारी समितिले राज्यविहीन व्यक्तिहरूलाई समावेश गर्न राज्यहरूलाई आफ्नो मापदण्डहरू विस्तार गर्न आह्वान गरेको छ । यसको निष्कर्श संख्या ९५ (२००३) मा, कार्यकारी समितिले

> *राज्यहरूलाई राज्यविहीनताका घटनाहरू समाधान गर्न यू.एन.एच.सि.आर.सँग सहकार्य गर्नका लागि प्रोत्साहन गर्दछ र राज्यविहीनहरू बसोबास गरेको देशमा उनीहरूको अवस्थाको समाधान नहुने भएमा वा नियमित बसोबासका साबिक अन्य देशहरूमा वा उनीहरूको अवस्था संकटपूर्ण भएमा पुनर्वास उपलब्ध गराउने सम्बन्धमा विचार गर्न प्रोत्साहन गर्दछ...*

यू.एन.एच.सि.आर.ले राज्यविहीन व्यक्तिहरूको सम्मिलन र पुनर्वास सम्बन्धमा सल्लाह र सहायता उपलब्ध गराउन सक्दछ ।

## परिच्छेद ३

# राज्यविहीनताका कारणहरूको उन्मूलन

राज्यविहीनता विभिन्न परिस्थितिबाट उत्पन्न हुन सक्छ । राज्यविहीनताका केही प्रमुख कारणहरू र राष्ट्रहरूले यी परिस्थितिहरू घटाउन, विशेषरूपमा नागरिकता कानूनहरूमा पुनरावलोकन गर्दा लिन सक्ने व्यवहारिक कदमहरूको बारेमा तल छलफल गरिएको छ ।

## प्राविधिक कारणहरू

### कानूनहरू बीचको विवाद

कुनै देशको राष्ट्रियता सम्बन्धी कानून जब अर्को देशको कानूनसँग बाझिने गर्दछ र कुनै व्यक्तिलाई दुईमध्ये कुनैपनि देशको राष्ट्रियता बेगर छाडिदिँदा समस्याहरू आई पर्न सक्छन् । कानूनहरू ठीकसँग मस्यौदा गरिएका हुनसक्छन् तर समस्याहरू त्यतिबेला आइपर्छन् जब तिनीहरू एकै साथ कार्यान्वयन गरिन्छन् । उदाहरणको लागि “क” राज्यले त्यस देशमा जन्मिएको व्यक्तिलाई वंशजको आधारमा राष्ट्रियता प्रदान गर्दछ तर त्यसरी जन्मने व्यक्तिका बाबुआमा “ख” राज्यका नागरिक हुनसक्तछन् । अर्को तर्फ “ख” राज्यले जन्मिएको ठाउँको आधारमा मात्र राष्ट्रियताको प्रदान गर्दछ तर त्यस्तो व्यक्ति “क” राज्यमा जन्मिएको थियो । यसरी त्यस्ता व्यक्ति राज्यविहीन हुन सक्दछन् ।

**यी समस्याहरू निराकरण गर्न** :

- हेग महासन्धि सन् १९३० का अनुसार प्रत्येक राष्ट्रले उसका नागरिक को हुने भन्ने कुरा आफ्ना कानूनद्वारा निश्चय गर्दछ । अन्य राष्ट्रहरूले मान्यता प्रदान गरेको यो कानून अवश्यपनि राष्ट्रियताको प्रश्नहरूमा लागू हुने अन्तर्राष्ट्रिय महासन्धिहरू, अन्तर्राष्ट्रिय प्रथा र कानूनका मान्य सिद्धान्तहरू अनुरूप हुनुपर्दछ । तसर्थ राष्ट्रहरूसँग राष्ट्रियता सम्बन्धी कानूनहरूको अद्यावधिक संग्रह हुनुपर्दछ र राष्ट्रियतासँग सम्बन्धित कानूनहरू बीचको विवाद समाधानको लागि व्यवहारमा तिनीहरूको कार्यान्वयनलाई राम्ररी बुझ्नु पर्दछ ।
- सन् १९६१ को राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धिले निम्न अवस्थामा राष्ट्रियता प्रदान गरिने छ भनी किटान गरेको छः
  - जन्मको आधारमा, कुनै राष्ट्रको भू-भागमा जन्मेको व्यक्तिलाई कानूनको कार्यान्वयनद्वारा;
  - निश्चित उमेरमा कानूनको कार्यान्वयनद्वारा, राष्ट्रको भू-भागमा जन्मेको व्यक्तिलाई र राष्ट्रिय कानूनका प्रावधान अनुसार;
  - राष्ट्रको भू-भागमा जन्मेको व्यक्तिलाई आवेदन बमोजिम (त्यस्तो आवेदन देहायका एक वा सोभन्दा बढी तथ्यमा आधारित हुनु पर्दछः कुनै निश्चित अवधि भित्र आवेदन दर्ता गर्न सकिने, निश्चित बसोबासको आवश्यकता पर्ने, कुनै विशेष प्रकृतीको फौजदारी अभियोग नभएको र/वा उक्त व्यक्ति सधैं राज्यविहीन अवस्थामा रहिआएको);

- जन्मको आधारमा कानून सम्मत बालकलाई, यदि बालकको आमासँग उक्त बालक जन्मेको देशको राष्ट्रियता छ भने;
- वंशजको आधारमा, कुनै व्यक्ति जो कुनै पक्ष राष्ट्रको भूभागमा जन्मिएर पनि उमेर वा बसोबासका आवश्यकताहरूको कारणबाट राष्ट्रियता प्राप्त गर्न असमर्थ छ; (जुन देहायका एक वा सोभन्दा बढीमा तथ्यमा आधारित हुनु पर्दछ कुनै निश्चित अवधि भित्र आवेदन दर्ता गर्न सकिने, निश्चित बसोबासको आवश्यकता पर्ने, र/अथवा उक्त व्यक्ति सधैं राज्यविहीन अवस्थामा रहिआएको),
- कुनै पक्ष राष्ट्रको भू-भागमा पाइएका अनाथहरूलाई;
- जन्मको आधारमा, यदि पक्ष राष्ट्रको भू-भागमा नजन्मेको कुनै व्यक्तिलाई यदि उ जन्मदाको बखतमा आमा बाबु मध्ये कुनै एकको राष्ट्रियता त्यस राष्ट्रको थियो भने कानून बमोजिम ;
- आवेदन बमोजिम, पक्ष राष्ट्रको भू-भागमा नजन्मेको (अन्यत्र जन्मेको) व्यक्ति यदि ऊ जन्मदाको बखतमा आमा बाबु मध्ये कुनै एकको राष्ट्रियता त्यस राष्ट्रको थियो भने राष्ट्रिय कानूनले व्यवस्था गरे बमोजिम; (उक्त आवेदन देहायका एक वा सोभन्दा बढीमा तथ्यमा आधारित हुनु पर्दछ : कुनै निश्चित अवधि भित्र आवेदन दर्ता गर्न सकिने, निश्चित बसोबासको आवश्यकता पर्ने, कुनै राष्ट्रिय सुरक्षा विरुद्धको अपराधमा सजाय नपाएको र/वा उक्त व्यक्ति सधैं राज्यविहीन अवस्थामा रहिआएको) ।

- अधिकांश राष्ट्रहरूले तिनिहरूको नागरिकतासम्बन्धी कानूनमा राष्ट्रको नागरिकहरूको शुरुको निकाय र जन्मको आधारमा कसरी नागरिकता प्रदान गर्ने भन्ने निश्चत गर्नका लागि जन्मेको ठाउँको आधार *(jus soli)* र वंशजको आधार *(jus sanguinis)* को सिद्धान्तहरूलाई संयोजन गर्ने गर्दछन् । दोहोरो नागरिकता *(dual citizenship)* लाई स्वीकार नगर्ने राष्ट्रहरूले भने कुनै निश्चित अवधिमा कुनै व्यक्ति वा त्यस व्यक्तिका आमा बाबुलाई कुनै एक राष्ट्रियता् छान्न पाउने विकल्पको सुनिश्चितता प्रदान गर्नुपर्दछ ।

## परित्यागसँग सम्बन्धित कानूनहरु बीचको विवाद

केही राष्ट्रहरूमा त्यस्ता राष्ट्रियतासम्बन्धी कानूनहरू छन् जसले व्यक्तिहरूलाई अर्को नागरिकता प्राप्त नगरीकनै अथवा अर्को नागरिकता प्राप्त गर्ने प्रत्याभूति नभएको अवस्थामा समेत नागरिकता परित्याग गर्न अनुमति दिन्छन् । यसले प्रायः राज्यविहीनताको अवस्था सृजना गर्छ । यस विषयमा कानूनहरू बीचको विवाद त्यतिबेला आईपर्छ जब कुनै राष्ट्रले नागरिकताको परित्याग लाई अर्को राष्ट्रको नागरिकता प्राप्त नगरेसम्म स्वीकार गर्दैन । त्यसैगरी अर्को संलग्न राष्ट्रले त्यतिबेला सम्म नागरिकता प्रदान गर्दैन जबसम्म उक्त व्यक्तिले उसको प्रथम राष्ट्रको नागरिकताको परित्याग गर्दैन । कहिलेकाहीँ कुनै व्यक्तिले ऊ बसोबास गरेको स्थानमा नागरिकताको लागि दरखास्त गर्नु अघि उसले धारण गरेको अन्यत्रको नागरिकताको परित्याग गर्न आवश्यक हुन सक्छ, यस अवस्थामा नयाँ नागरिकता प्रदान नगरिएसम्म उक्त व्यक्ति राज्यविहीन हुन्छ ।

**यस्तो समस्या आउन नदिनः**

- सन् १९६१ को महासन्धि अनुसार नागरिकताको अन्त्य वा परित्याग, अर्को नागरिकताका पूर्व प्राप्ति वा प्राप्त गर्ने आश्वासनका शर्तमा आधारित हुनुपदर्छ । तर एउटा अपवादको रूपमा अंगीकृत व्यक्तिहरूको विषयलाई भने लिन सकिन्छ जो औपचारिक जानकारी र समय सीमाको जानकारीका बाबजुदपनि निश्चित वर्षसम्म विदेशमा बसोबास गर्दछन् र नागरिकता कायम राख्ने मनसाय व्यक्त गर्न समेत असमर्थ हुन्छन् । यस्तो अवस्थामा पक्ष राष्ट्रले अंगीकृत नागरिकको उक्त आवेदनलाई इन्कार पनि गर्न सक्ने अवस्था विद्यमान हुँदा आवेदन गरेकै आधारमा नागरिकता प्राप्त गरेको हुन्छ । नागरिकताको समाप्ति कानून बमोजिम मात्र र पूर्ण कार्यविधिगत प्रणाली, जस्तैः कुनै अदालत वा अन्य स्वतन्त्र निकायबाट निष्पक्ष सुनुवाईको अधिकारको प्रत्याभूति भएको अवस्थामा मात्र हुन सक्तछ ।
- कुनै पनि नागरिकले अर्को नागरिकता प्राप्त नगरी वा निजले अर्को नागरिकता प्राप्त गर्नेछ भनी सम्बन्धित निकायहरू बाट औपचारीक तथा लिखित आधार प्राप्त नगरी निजले नागरिकता परित्याग गर्न सक्दैन भनी नागरिकता सम्बन्धी कानूनमा व्यवस्था गेर्नुपर्दछ ।
- केही देशले व्यक्तिहरूले नागरिकता गुमाए वा अर्को नागरिकता प्राप्त गरेनन् भने पुनः नागरिकता प्राप्त गर्न सक्ने प्रावधानहरू प्रस्तुत गरेका छन् ।
- दोहोरो वा बहु-राष्ट्रियता स्वीकार नगर्ने देशहरूले नागरिकता प्राप्ति वा कायम राख्नक लागि पूर्वसर्तको रूपमा राखिने नागरिकताको परित्याग गरेको वा छोडेको हुनुपर्ने आधार नागरिकता परित्याग वा समाप्ती सम्भव नहुने अवस्थामा नागरिकता सम्बन्धी कानूनमा समावेश छैन भन्ने कुराको सुनिश्चितता प्रदान गर्नु पर्दछ । उदाहरणको लागि शरणार्थीहरू आफ्नो नागरिकता परित्याग गर्न उनीहरूको उत्पत्तिको देशमा फर्कन वा सम्बद्ध निकायमा सम्पर्क गर्न सक्ने अपेक्षा गर्न सकिदैन ।

**असल अभ्यासहरूः युक्रेन**

सन् १९४४ मा, दुई लाख भन्दाबढी क्रिमियन टाटारहरूलाई क्रिमियाबाट संघीय सोभियत समाजवादी गणतन्त्र (USSR) को विभिन्न क्षेत्रहरूमा बलपूर्वक निष्काशन गरियो, र उनीहरूलाई कब्जा गर्दै आएका नाजि लडाकुहरूलाई सहयोग गरेको भनी अभियोग लगाइएको थियो ।अधिकांशलाई उज्वेक सोभियत सामाजिक गणतन्त्रमा निष्काशन थियो । दुइ दशक पछि सोभियत संघको सर्वोच्च सोभियत राष्ट्रपतिले क्रिमियन टाटाहरू विरुद्ध लगाइएका अभियोगहरू आधारहीन भएका र ती टाटारहरू क्रिमियन प्रायद्विप लगायत, सोभियत संघको कुनै पनि भू-भागमा बसोबास गर्न सक्नेछन् भनी घोषणा गरे ।

तथापि ती टाटारहरू जसले क्रिमिया फर्कने निर्णय गरे, उनीहरूले दर्ता, रोजगारी र जग्गा तथा घरहरू प्राप्त गर्न समस्याहरू भोग्नुपऱ्यो । सन् १९८७ मा सोभियत संघको मन्त्रीपरिषद्ले स्वदेश फर्केका क्रिमियन टाटारहरूलाई टापु भित्रका आठ जिल्लाहरूमा

मात्र स्वदेश फिर्तीको प्रस्ताव पारित गरी बढी उब्जाउ र विकसित दक्षिण किनारातटमा रहेको उनीहरूको पूर्व बासस्थानमा फर्कन रोक लगायो । दुई बर्ष पछि, सर्वोच्च सोभियतले जर्वजस्त रूपले देश निकाला गरिएका व्यक्तिहरूको, अधिकारलाई इन्कार गर्ने कार्यहरूलाई “गैर कानूनी र आपराधिक” भनि घोषणा गरेको परिणामस्वरूप क्रिमिया फर्कनेहरूको संख्यामा अत्यधिक वृद्धि भयो ।

सन् १९९१ को डिसेम्बर मा संघीय सोभियत समाजवादी गणतन्त्रको विघटनसँगै क्षेत्रीय सिमाना र राष्ट्रियताका प्रश्नहरू लगायत राज्यको उत्तराधिकारसँग सम्बन्धित जटिल राजनीतिक तथा कानूनी समस्याहरू अकस्मात देखा परे ।

युक्रेन, जसले अहिले क्रिमियाको भूभागलाई समावेश गरेको छ त्यो नै पूर्व युक्रेनी सोभियत समाजवादी गणतन्त्र को उत्तराधिकारी भयो । उक्त राष्ट्रको पहिलो राष्ट्रियता सम्बन्धी कानून (१९९१) अनुसार सन् १९९१ को अगष्ट २४ मा युक्रेनको स्वतन्त्रताको घोषणाका बखत जो व्यक्तिहरू पूर्व सोभियत संघका नागरिकहरू थिए र क्रिमिया लगायत युक्रेनको भू-भागमा स्थायी रूपमा बसोबास गर्दै आएका थिए उनीहरू जुनसुकै उत्पत्ति, सामाजिक हैसियत, जात, राष्ट्रियता, लिङ्ग, शिक्षा, मातृभाषा, राजनीतिक विचार अथवा धर्मको भएपनि स्वतः युक्रेनका नागरिक भएको घोषणा गरियो । युक्रेनको नागरिकता स्वतः प्राप्त गर्न नसक्ने एकमात्र अवस्था यस्तो थियो कि ती व्यक्तिहरू अन्य राज्यका नागरिक रहेछन् भने वा उनीहरूलाई युक्रेनको नागरिक हुनमा आपत्ति भएको हुनुपर्थ्यो । यहाँसम्म कि ती व्यक्तिहरू जसले युक्रेनको स्वतन्त्रता र नागरिकता कानूनको कार्यान्वयन हुने बीचमा उनीहरूका कानूनी बसोबास दर्ता गरेका थिए उनीहरूलाई समेत तीन महिना पछि स्वतः युक्रेनको नागरिकता प्रदान गरियो । यस्ता प्रावधानहरूबाट करिब एक लाख पचास हजार क्रिमियन टाटारहरूले युक्रेनको नागरिकता प्राप्त गरे ।

अनुमानित एक लाख आठहजार क्रिमियन टाटारहरू जो १९९१ का नागरिकता कानून नोभेम्बरमा लागू भएपछि युक्रेन फर्किए तिनिहरूलाई युक्रेनी नागरिकता प्राप्त गर्न नयाँ समस्याहरू देखिए । करिब २८ हजार व्यक्तिहरू, जसले उनीहरूको अन्य देशहरूमा भएको स्थायी बसोबासको हैसियत ती देशहरूका नागरिकता कानून लागू हुनु अघि नै रद्द गरिसकेका थिए, कानूनतः राज्यविहीन हुन पुगे । अरु ८० हजार व्यक्तिहरू जसको उनीहरूका पूर्व बसोबासको राष्ट्रमा दर्ता अद्यावधि कायम थियो उनीहरू उक्त राष्ट्रको नागरिकता कानून लागू भएपछि ती राष्ट्रहरूका कानूनी नागरिक भएका थिए । परिणाम स्वरूप उनीहरूलाई स्वतः युक्रेनको नागरिकता प्रदान गरिएन । यद्यपि उनीहरूलाई व्यक्तिगत अंगीकरणको प्रक्रियाद्वारा युक्रेनी नागरिकताको लागि प्रस्ताव गरिएको भएतापनि धेरै जसो फर्केकाहरू जसले युक्रेनको नागरिकता प्राप्त गर्ने आश गरेका थिए उनीहरूले युक्रेनमा पाँच वर्षको बसोबास, पर्याप्त आय र युक्रेनी भाषाको ज्ञान भएको हुनुपर्ने जस्ता कठोर कार्यविधिगत सर्तहरू पुरा गर्न सकेनन् ।

यू.एन.एच.सि.आर., युरोपेली सुरक्षा र सहयोग संगठन (OSCE) र युरोपेली परिषद्ले युक्रेनको सरकारलाई यो समस्यालाई सम्बोधन गर्न उसको नागरिकता कानूनमा संशोधन गर्न प्रोत्साहन गरे । यू.एन.एच.सि.आर.ले "युक्रेनी राहदानी र अंगीकरण सेवा" लाई तालिम र प्रविधिक सहयोग प्रदान गऱ्यो र नागरिकतासम्बन्धी एउटा संचार अभियान संचालन गऱ्यो । यू.एन.एच.सि.आर.ले सुपरिवेक्षण गरेका स्थानीय गैर–सरकारी संस्थाहरूले युक्रेनको नागरिकता प्राप्त गर्न दिएका आवेदकहरूलाई कानूनी परामर्श प्रदान गरे र सुनुवाईको क्रममा युक्रेनी निकायहरू समक्ष तीनको प्रतिनिधित्व गरे ।

राज्यविहीनतालाई घटाउने र अन्तत्तोगत्व उन्मूलन गर्ने प्रयास अनुरूप युक्रेनको संसदले, यू.एन.एच.सि.आर.सँगको परामर्शबाट राष्ट्रको नागरिकतासम्बन्धी कानूनलाई यसको दश वर्षको कार्यान्वयन अवधिमा सातौं पटकसम्म संशोधन गऱ्यो । सन् १९९७ को मे मा आवेदकको भाषिक र आयसम्बन्धी शर्तहरूलाई हटाइयो, र पहिले देश निकाला गरिएका व्यक्तिहरूका सन्ततिहरूलाई उनीहरूको पूर्वज को उत्पत्ति क्रिमियाको भू-भाग हो भन्ने आधारमा युक्रेनको नागरिकता प्राप्त गर्न अनुमति दिइयो । यस्ता सकारात्मक संशोधनहरूबाट अन्ततः झण्डै २८ हजार कानूनतः राज्यविहीन बनेका (फिर्ता भएका) व्यक्तिहरू लाई युक्रेनको नागरिकता प्राप्त गर्न सम्भव भयो ।

यी संशोधनहरूले राज्यविहीन व्यक्तिहरूको समस्या समाधान गर्न अग्रगामी भूमिका खेलेपनि दोहोरो नागरिकतासम्बन्धी संवैधानिक अड्चन लगायत युक्रेनी नागरिकता प्राप्त गर्ने अन्य वाधा भने रहिरह्यो । फिर्ता भएका व्यक्तिहरू जो क्रिमिया फर्किनु अघिनै कानूनतः उज्वेकिस्तान को नागरिक भइसकेका भए उनीहरूले युक्रेनको नागरिकता प्राप्त गर्नु अघि औपचारिक रूपमा उज्वेकिस्तानको नागरिकता छाडेको हुनुपर्दथ्यो । जबकि उज्वेकिस्तानको नागरिकता परित्याग गर्नको लागि १०० अमेरिकी डलर बुझाउनु पर्दथ्यो, किभ स्थित उज्वेक दूतावास पुग्नु पर्थ्यो र प्रशासनिक कार्यविधि पुरा गर्न प्रायःजसो एक वर्ष भन्दा बढी समय लाग्दथ्यो ।

यू.एन.एच.सि.आर. र युरोपेली सुरक्षा तथा सहयोग संगठन (OSCE) ले दुई देशहरूबीच वार्ताकालागि मध्यस्थता गरे जसले ती दुई देशहरूलाई दुई पक्षीय सम्झौता (सन् १९९८ मा ग्रहण गरिएको) तिर उन्मुख गरायो र उक्त सम्झौताले नागरिकता परिवर्तन गर्ने कार्यविधिहरूलाई सरलिकृत गऱ्यो । उज्वेकिस्तान नागरिकता परित्यागकालागि आवेदन शुल्क नलिने र युक्रेनको गृह मन्त्रालय अन्तर्गतको स्थानीय राहदानी कार्यालयहरूले नागरिकता परित्यागसम्बन्धी आवेदनहरू संकलन गर्ने र तिनलाई उज्वेक निकायहरूसमक्ष पेश गर्ने कुरामा सहमत भयो । यू.एन.एच.सि.आर.बाट उठाइएको चासोलाई सम्बोधन गर्दै युक्रेनी नागरिकता प्राप्तिसँगै उज्वेक नागरिकताको परित्याग हुन्छ भन्ने प्रशासनिक नीति बनाई उक्त प्रक्रिया अवधिभर कुनै पनि व्यक्ति राज्यविहीन हुनसक्ने सम्भावनाको निराकरण गरियो ।

यस्ता दुई पक्षीय सम्झौता लागू भएको तीन वर्षको अवधिमा उज्वेकिस्तानबाट फर्किएका ८०,००० व्यक्तिहरूलाई युक्रेनको नागरिकिता प्रदान गरियो । युक्रेनले पछि यस्तै प्रकारका दुईपक्षीय सम्झौताहरू बेलारुस (१९९९), काजख्स्तान (२०००), ताजीकिस्तान (२००१), र किर्गिज गणतन्त्र (२००३) सँग सम्पन्न गऱ्यो ।

सन् २००१ को जनवरीमा युक्रेनको संसदले एउटा नयाँ नागरिकता कानून ग्रहण गऱ्यो जुन राज्यविहीनतालाई निवारण गर्न अझ प्रभावकारी रहेकोछ । अन्य प्रावधानका साथ सन् २००५ मा संशोधन गरिएको उक्त कानूनले आवेदकहरूलाई युक्रेनको राष्ट्रियता प्राप्त गरेको एक वर्ष भित्र आफ्नो विदेशी नागरिकता त्याग्न अनुमति प्रदान गर्छ र यदि नागरिकता परित्याग वापतको शुल्क युक्रेनको न्यूनतम मासिक ज्यालाभन्दा बढी हुन्छ भने औपचारिक परित्यागका सर्तहरूबाट छुटकारा दिन्छ ।

## विशेषरूपमा बालबालिकाहरूलाई असर पार्ने कानून तथा अभ्यासहरू

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) तथा बालअधिकारसम्बन्धी महासन्धि (CRC) दुवैले व्यवस्था गरे अनुसार सबै बालबालिकाहरू, जहाँसुकै जन्मेका भएपनि जन्मने वित्तिकै उनीहरूको जन्मस्थानमा तत्काल दर्ता गरिनुपर्छ । सबै बालबालिकालाई राष्ट्रियतासम्बन्धी हक छ । कुनै पनि बालकको राष्ट्रियता सम्बन्धित देशको कानून अनुसार निर्धारण गरिन्छ र सबै राष्ट्रहरूलाई उक्त बच्चा कहाँ र को बाट जन्मेको थियो भन्ने स्पष्टिकरणको आवश्यकता पर्दछ । जन्मको प्रमाणविना जस्तो कि कुनै मान्यता प्राप्त जन्म दर्ताविना, कुनै बालकलाई आफ्नो पहिचान स्थापित गर्न र राष्ट्रियता प्राप्त गर्न प्रायः असम्भव नै हुन्छ ।

**यो समस्या समाधान गर्नः**

- राष्ट्रहरूले CRC को धारा ७ र ICCPR को धारा २४ बमोजिम जन्म दर्ताको प्रक्रिया व्यवस्थित तरिकाले सञ्चालन भएको कुरा सुनिश्चित गर्न सम्बन्धित स्थानीय प्रशासनलाई आवश्यक स्रोतहरू उपलब्ध गराउनु पर्दछ । आवश्यक भएमा अन्तर्राष्ट्रिय समूदायहरू विशेष गरी संयुक्त राष्ट्रसंघीय बालकोष (UNICEF) बाट सहयोगको लागि अनुरोध गर्नुपर्दछ ।

- जन्म दर्ताको समयमा राज्यले राष्ट्रियतामा विवाद उठेका घटनाहरू पहिचान गर्नु पर्छ र ती बालकहरू अन्यथा राज्यविहीन हुने देखिएमा उनीहरूलाई नागरिकता प्रदान गर्नुपर्दछ । सन् १९६१ को राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धिका सम्बद्ध प्रावधानहरूलाई महासन्धिको अनुमोदन गरेपश्चात राष्ट्रिय कानूनमा समावेश गरिनुपर्दछ । कुनै राष्ट्रले सन् १९६१ को महासन्धिलाई अनुमोदन नगरेको भएतापनि यी व्यवस्थाहरूलाई उक्त राष्ट्रका राष्ट्रिय कानूनमा समावेश गरिनुपर्दछ ।

- कुनै बच्चा जन्मेको देशको नागरिकता कानूनमा नागरिकता प्राप्त गर्ने प्रावधानहरूको व्यवस्था गरिएको हुनुपर्दछ । यसले कुनै पनि बालकको जन्मको आधारमा प्राप्त हुने

राष्ट्रियता निश्चय गर्दा त्रुटि हुन गएपनि राज्यविहीन हुनबाट जोगाउँछ ।

- वैवाहिक सम्बन्धविना जन्मेको बालकलाई सम्भव भए सम्म वैवाहिक दम्पत्तीबाट जन्मेका बालक सरह जन्मदेखी नै राष्ट्रिय कानून अनुसार राष्ट्रियताका लागि समान पहुँच उपलब्ध गराइनुपर्दछ ।

कुनै बच्चा उसको आमाको राष्ट्रियताको राष्ट्रमा जन्मन्छ र उसको बाबुको राष्ट्रियता नभएको अवस्था सहित **धेरै राष्ट्रहरूमा महिलाहरूलाई उनीहरूको आफ्नो नामबाट राष्ट्रियता आफना सन्तानहरूलाई हस्तान्तरण गर्ने अनुमति दिइएको हुँदैन ।** यस्ता अवस्थामा उक्त बच्चाहरू राज्यविहीन हुन पुग्दछन् ।

**यो समस्या समाधान गर्न:**

- विवाहित महिलाको राष्ट्रियतासम्बन्धी महासन्धि १९५७ र महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ का अनुसार महिलालाई उनीहरूका बालबालिकाका राष्ट्रियताको सम्बन्धमा पुरुष सरहको समान अधिकार हुन पर्दछ । यी सिद्धान्तहरूको कार्यान्वयनबाट महिला विरुद्ध हुने विभेद र कुनै बालकले निजको बाबु राज्यविहीन भएको अवस्थामा राज्य विहीनताको हैसियत ग्रहण गर्नु पर्ने सम्भावना दुबैलाइ घटाउन सकिन्छ ।

- राष्ट्रहरूले आफ्ना नागरिकतासम्बन्धी राष्ट्रिय कानूनमा लिङ्गका आधारमा गरिने विभेद रहित प्रावधानहरू समावेश गर्नुपर्दछ ।

**अनाथ तथा परित्यक्त** बालबालिकाहरूसँग प्रायः कुनै निश्चित राष्ट्रियता हुँदैन । अवैध सम्बन्धबाट जन्मिएका बालबालिकाहरू पनि राष्ट्रियता प्राप्त गर्नबाट वञ्चित भएका हुन सक्छन् ।

**यो समस्या समाधान गर्न:**

- कुनै राष्ट्रको भूभाग भित्र फेला परेका परित्यक्तलाई त्यस राष्ट्रको नागरिकता प्रदान गर्नु पर्दछ । यो सिद्धान्त धेरै राष्ट्रहरूका नागरिकतासम्बन्धी कानून र राष्ट्रियतासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरूमा समावेश गरिएको छ ।

- कुनै पनि बालकको राष्ट्रियताको निर्धारण गर्दा उक्त बालकको सर्वोत्तम हित सधैं प्राथमिक सोचको विषय हुनुपर्दछ ।

कुनै देशहरूका धर्मपुत्र/पुत्रीसम्बन्धी अभ्यासले कुनैपनि बालकको राष्ट्रियतालाई राज्यविहीनतातिर उन्मुख गराउन सक्तछ । उदाहरणको लागि बालबालिकाहरूले उनीहरूलाई ग्रहण गर्ने बाबुआमाहरूको राष्ट्रियता प्राप्त गर्न असमर्थ भएमा ।

**यो समस्या समाधान गर्न:**

- राष्ट्रहरूले धर्मपुत्र/पुत्री बनाई विदेशमा पठाईने गरेका बालबालिकालाई अन्तर्राष्ट्रिय कानून अनुरूप मान्यताको सुनिश्चितता प्रत्याभूत गर्दै तिनको राष्ट्रिय कानूनमा व्यवस्था गर्नुपर्दछ । सन् १९६७ को बालबालिकालाई धर्मपुत्र/पुत्री राख्नेसम्बन्धी युरोपेली महासन्धिले राष्ट्रहरूलाई तिनीहरूका नागरिकहरूले धर्मपुत्र/पुत्रीको रूपमा ग्रहण गरेका बालबालिकाहरूलाई नागरिकता प्रदान गर्दा सहजता अपनाउन प्रोत्साहित गरेकोछ ।

## प्रशासनिक अभ्यासहरू

राष्ट्रियताको प्राप्ति, पुन:प्राप्ति र अन्त्यसँग सम्बन्धित धेरै प्रशासनिक र कार्यविधिगत विषयहरू छन् । कुनै व्यक्ति नागरिकताको लागि योग्य भएपनि, अझ कुनै व्यक्तिले नागरिकताको लागि सफलतापूर्वक आवेदन नै गरेको भएतापनि - उनीहरू पूर्व राष्ट्रियताको राष्ट्रको अधिनमा रहेको कारणले अधिकतम प्रशासनिक शुल्क र पुरा गर्न नसकिने म्याद अथवा आवश्यक कागजातहरू उपलब्ध गर्न असमर्थ हुनु जस्ता कारणले राष्ट्रियता प्राप्त गर्नमा रोकावट आउन सक्दछ ।

**यो समस्या समाधान गर्न:**

- राष्ट्रियताको प्राप्ति, थमौति, अन्त्य, पुन:प्राप्ति वा प्रमाणीकरणसँग सम्बन्धित निवेदनहरू उचित समयावधिभित्र कारबाही अगाडि बढाउनुपर्दछ ।

- राज्य उत्तराधिकारको अवस्थाहरूमा नियमित तथा कानूनी बसोबास लगायत राष्ट्रियताको स्वत: प्राप्ति वा समाप्तिको दर्ताकोलागि साधारणतया राष्ट्रहरूलाई नागरिकतासम्बन्धी सबै निर्णयहरूको लिखित प्रमाण राख्ने सुझाव दिईएपनि लिखित मुचुल्का भने माग गर्नु हुँदैन ।

- राष्ट्रियता प्राप्ति, थमौति, अन्त्य, पुन:प्राप्ति वा प्रमाणीकरणका लागि लाग्ने शुल्कहरू तथा प्रशासनिक र न्यायिक पुनरावलोकनसँग सम्बन्धित शुल्क मनासिब हुनु पर्दछ ।

## विशेषगरि महिलालाई असर पार्ने कानून र अभ्यासहरू

केही राष्ट्रहरूले कुनै महिलाको राष्ट्रियताको हैसियत उनको कुनै गैर-नागरिकसँग विवाह भएमा स्वत: हेरफेर गर्दछन् । त्यसकारण यदि कुनै महिलाले आफ्नो पतिको राष्ट्रियता स्वत: प्राप्त गरिनन् वा उनको पतिसँग कुनै राष्ट्रियता छैन भने उनी राज्यविहीन हुन सक्छिन् ।

कुनै महिलाले पतिबाट राष्ट्रियता प्राप्त गरिसकेपछि, यदि उनको सम्बन्ध विच्छेद भयो र उनले विवाहबाट प्राप्त गरेको राष्ट्रियताको समाप्ति भयो तर उनको पूर्व राष्ट्रियताको स्वत: पुन: प्राप्ति भएन भनेपनि उनी राज्यविहीन हुन सक्छिन् ।

**यी समस्याहरू समाधान गर्नः**

- सन् १९५७ को विवाहित महिलाको राष्ट्रितासम्बन्धी महासन्धि र सन् १९७९ को महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने महासन्धिले महिलालाई पुरुष सरह नागरिकता प्राप्त गर्न, परिवर्तन तथा कायम गर्न पाउने समान अधिकार प्रदान गरेको छ । ती महासन्धिहरूमा समाविष्ट उक्त सिद्धान्तहरू अनुसार, कुनै पनि लोग्नेमान्छेको राष्ट्रियताको हैसियतले स्वतः उसको श्रीमतीको राष्ट्रियता परिवर्तन गर्दैन र उनलाई राज्यविहीन बनाउँदैन न त उनलाई श्रीमानको राष्ट्रियता प्राप्त गर्न नै बाध्य गराउँछ ।

- जुन मुलुकमा महिलाहरूलाई पुरुष सरह समान अधिकारहरू नदिइएको र विवाह पछि आफ्नो नागरिकता स्वतः गुम्ने वा जहाँ महिलाले आफ्नो विवाहपछि पहिलेको नागरिकता त्याग्नुपर्दछ, त्यस्ता मुलुकले आफ्नो नागरिकतासम्बन्धी कानूनमा त्यस्ता महिलाले वैवाहिक सम्बन्धको समाप्ति पश्चात आफ्नो पहिलेको नागरिकता स्वतः प्राप्त गर्न सक्षम बनाउने प्रावधानको व्यवस्था कुनै सामान्य घोषणा मार्फत गर्नुपर्दछ ।

## राष्ट्रियताको स्वतः अन्त्य

केही राष्ट्रहरूले आफ्नो देश छाडेको वा विदेशमा बसेको व्यक्तिको नागरिकता स्वतः रद्द गर्दछन् । कुनै व्यक्तिको प्रस्थानको केही महिना पश्चात नै राष्ट्रियताको रद्द हुनु जहाँ सम्बन्धित व्यक्तिलाई आफ्नो राष्ट्रको निकाय समक्ष नियमित रूपमा दर्ता नगरेमा निजको राष्ट्रियता समाप्त हुने खतरा हुन्छ भन्ने जानकारी गराइएको नहुनु प्रायः गलत प्रशासनिक अभ्याससँग सम्बन्धित हुन्छ ।

यदि कुनै व्यक्ति कुनै राष्ट्रमा जन्मेको वा वंशजको आधारमा राष्ट्रियता प्राप्त गरेको नभएर एउटा अंगीकृत नागरिक हो भने उसको राष्ट्रियता रद्द गरिने छैन भनी प्रत्याभूत गर्न नियमित दर्ता समेत अपर्याप्त हुन सक्छ । राज्यविहीनता प्रायः यीनै अभ्यासको प्रत्यक्ष परिणाम हो ।

**यी समस्याहरू समाधान गर्नः**

- राज्यविहीनता न्यूनिकरणसम्बन्धी महासन्धि १९६१ को धारा ७(३) ले कुनै पनि व्यक्तिल प्रस्थान गरेको, विदेशमा बसोबास गरेको, दर्ता गर्न असफल भएको वा यस्तै अन्य आधारबाट राष्ट्रियता गुमाउने छैन र राज्यविहीन हुने छैन भनी उल्लेख गरेको छ । तर उक्त महासन्धिले विदेशमा लगातार रूपमा ७ बर्ष भन्दा बढि बसोबास गर्दै आएका अंगीकृत नागरिकहरूलाई भने यो सिद्धान्तको अपवादको रूपमा मानेकोछ । ती व्यक्तिहरूल उपयुक्त निकाय समक्ष आफ्नो नागरिकता थमौति गर्न चाहन्छन् भन्ने कुरा व्यक्त गर्नुपर्दछ । अतः राज्यले तिनको सीमाभित्र र विदेशमा पनि आफ्ना नियोग (Consular) मार्फत यो नीतिको सूचना पर्याप्त रूपमा अंगीकृत नागरिकहरूलाई दिनुपर्दछ ।

- अझ नयाँ दस्तावेजहरू जस्तै राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धिले राज्यहरूलाई व्यक्ति राज्यविहीन हुने अवस्था छ भने नियमित रूपमा विदेशमा बसोबास गरेकै कारणबाट उसको राष्ट्रियताबाट वञ्चित गर्ने अनुमति दिदैन ।

## राज्य उत्तराधिकारसँग सम्बन्धित कारणहरू

### भू-भाग वा सम्प्रभूताको हस्तान्तरण

यसलाई निश्चित अन्तर्राष्ट्रिय दस्तावेज तथा सिद्धान्तहरूमा आंशिक रूपमा मात्र सम्बोधन गरिएको भएतापनि लामो समय देखि राज्य क्षेत्र वा सम्प्रभुताको हस्तान्तरण राज्यविहीनताको एउटा प्रमुख कारणको रूपमा रहिआएको छ । जब कुनै राष्ट्रले आफनो भू-भाग वा सम्प्रभुतामा गम्भीर परिवर्तनहरू व्यहोर्दछ जस्तैः राष्ट्रले उपनिवेशीय शक्तिबाट स्वतन्त्रता प्राप्त गर्दछ, राष्ट्र विघटन भएपछि यदि कुनै नयाँ राष्ट्रले अर्को विघटित राष्ट्रलाई गाभ्दछ अथवा यदि कुनै राष्ट्र विघटनको अवधि पछि पुनर्गठन भएको अवस्थामा राष्ट्रिय कानून र अभ्यासहरूमा अपरिहार्य रूपमा परिवर्तन आउने गर्दछ । यस्ता कुनैपनि अवस्थाहरूले नयाँ नागरिकतासम्बन्धी कानून वा निर्णयहरू र नयाँ प्रशासनिक प्रक्रियाहरू अवलम्बन गर्न बाध्य बनाउन सक्दछन् । यी अवस्थाहरू जस्तैः नयाँ कानून/निर्णयहरू वा नयाँ प्रशासनिक कार्यविधि अन्तर्गत कसैले राष्ट्रियता प्राप्त गर्न असफल भएमा वा पहिले लागू हुने कानून र अभ्यासहरूको पुनर्व्याख्याको कारणबाट उनीहरूलाई राष्ट्रियताबाट वञ्चित गराईएमा त्यस्ता व्यक्तिहरू राज्यविहीन हुन सक्दछन् ।

**यी समस्याहरू समाधान गर्नः**

- राज्यविहीनता न्यूनिकरणसम्बन्धी महासन्धि १९६१ को धारा १० ले उल्लेख गरे अनुसार पक्ष राष्ट्रहरूले भू-भाग हस्तान्तरण गरेको कारणबाट राज्यविहीनता पैदा हुने छैन भनी सुनिश्चित गर्नुपर्दछ । राष्ट्रहरूले त्यस्ता कुनै हस्तान्तरणको परिणामबाट राज्यविहीनता पैदा हुने छैन भनी सुनिश्चित गरिएका प्रावधान समावेश गरी दुई पक्षीय तथा बहुपक्षीय सम्झौता गर्नुपर्दछ । कुनै सन्धि सम्झौता नगरिएको अवस्थामा सम्बन्धित राष्ट्रले अन्यथा राज्यविहीन हुन सक्ने व्यक्तिहरूलाई राष्ट्रियता प्रदान गर्नुपर्दछ ।

- व्यवहारमा समान्यतया जनसंख्या भू-भागसँग सम्बन्धित हुन्छ तथापि केहि अन्तर्राष्ट्रिय सन्धि, संवैधानिक प्रावधान र राष्ट्रियतासम्बन्धी कानूनले उत्तराधिकारवाला राष्ट्रहरू मध्येबाट राष्ट्रियता छान्ने मौका पनि प्रदान गर्छन् ।

- उत्तराधिकारसम्बन्धी सन्धिहरूले कसरी राज्यको विघटन वा विभाजनले राष्ट्रियतालाई प्रभाव पार्न सक्दछ भनी उल्लेख गर्ने प्रावधानहरू पनि समावेश गर्न सक्दछन् ।

- राज्य उत्तराधिकारसँग जोडिएको राष्ट्रियतासँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको संहितावद्ध गर्ने र विकास गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघको

अन्तर्राष्ट्रिय कानून आयोग (ILC) ले संयुक्त राष्ट्रसंघीय महासभाको प्रस्ताव २००१ को ५५/१५३ को अनुसूचिमा समावेश भएका विषयमा मस्यौदा प्रावधानहरू तयार गऱ्यो । उक्त मस्यौदा प्रावधानहरूले निम्न बमोजिम व्यवस्था गरेको छ :

- सबै सम्बन्धित राष्ट्रहरूले राज्य उत्तराधिकारको दिनसम्म साविक राष्ट्रको नागरिक भएको व्यक्तिलाई उक्त उत्तराधिकारको परिणामबाट राज्यविहीन गरिने छैन भनी उपयुक्त उपाय अवलम्बन गर्नुपर्दछ ।

- कैसको नियमित बसोबास उत्तराधिकारबाट प्रभावित भू-भागमा अवस्थित भएकोमा सो व्यक्तिले उत्तराधिकारको दिन देखि उक्त उत्तराधिकारवाला राष्ट्रको राष्ट्रियता प्राप्त गर्ने अनुमान गरिन्छ ।

- कुनै उत्तराधिकारवाला राष्ट्रले अर्को देशमा नियमित बसोबास भएका त्यस्ता सम्बन्धित सरोकारवाला व्यक्तिहरू राज्यविहीन हुने अवस्था नभएसम्म उनीहरूका इच्छा विपरित आफ्नो राष्ट्रको राष्ट्रियता प्रदान गर्नुहुदैन ।

- सम्बन्धित राष्ट्रहरूले सरोकारवाला व्यक्तिहरू दुई वा सो भन्दा बढी राष्ट्रहरूको राष्ट्रियता प्राप्त गर्न योग्य रहेसम्म उनीहरूका इच्छालाई ध्यानमा राख्नु पर्दछ । सम्बन्धित प्रत्येक राष्ट्रले त्यो राष्ट्रसँग यथोचित साईनो भएका व्यक्तिहरू जो अन्यथा राज्यविहीन हुनसक्थे तिनीहरूलाई राष्ट्रियता छान्ने अधिकार प्रदान गर्नेछ ।

- सम्बन्धित राष्ट्रहरूले सरोकारवाला व्यक्तिहरूको राष्ट्रियता प्राप्त गर्ने तथा कायम राख्ने अधिकार वा राष्ट्रियता छान्न पाउने अधिकारलाई कुनै पनि आधारमा भेदभाव गरी इन्कार गर्ने छैनन् ।

- राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धि र राज्य उत्तराधिकारबाट हुने राज्यविहीनतालाई निराकरण गर्ने महासन्धि ले सन् १९६१ को महासन्धिमा उल्लेखित प्रावधानहरू र अन्तर्राष्ट्रिय कानून आयोगले गरेको मस्यौदा प्रावधानहरूमा समाविष्ट धेरै सिद्धान्तहरूलाई समावेश गर्दछ । उक्त युरोपेली महासन्धिले राष्ट्रियता र राज्य उत्तराधिकार सम्बन्धमा एउटा छुट्टै परिच्छेद समर्पण गरी चार मुख्य सिद्धान्तहरू माथिप्रकाश पारेको छ :

  - सम्बन्धित व्यक्ति र राष्ट्रबीचको यथार्थ तथा प्रभावकारी सम्बन्ध;
  - सम्बन्धित व्यक्तिको उत्तराधिकारको समयमा भएको नियमित बसोबास;
  - सम्बन्धित व्यक्तिको इच्छा; र
  - सम्बन्धित व्यक्तिको उत्पत्तिको भू-भाग ।

यसका अतिरिक्त राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धिले उल्लेख गरे अनुसार कुनै साबिक मुलुकका गैर-नागरिकहरू नियमित रूपमा बसोबास गरेको भू-भागमाथिको सम्प्रभू कुनै उत्तराधिकार राष्ट्रमा हस्तान्तरित भएकोमा र उनीहरूले उक्त उत्तराधिकार राष्ट्रको नागरिकता प्राप्त गरेका हुँदैनन् भनेपनि त्यस्ता व्यक्तिहरूलाई त्यो राष्ट्रमा रहने र सो राष्ट्रका नागरिकहरू सरह सामाजिक तथा आर्थिक अधिकारहरू उपभोग गर्ने अधिकार हुन्छ ।

राज्य उत्तराधिकारबाट हुन सक्ने राज्यविहीनता निराकरण गर्ने सम्बन्धी महासन्धिले राज्य उत्तराधिकारको विषयमा राष्ट्रियतासँग सम्बन्धित प्रमाणसम्बन्धी विशेष नियमहरू (धारा ८) विकास गऱ्यो:

> *"सम्बन्धित व्यक्तिहरू राज्य उत्तराधिकारको परिणामबाट राज्यविहीन भएका वा हुन सक्ने अवस्था भएको खण्डमा कुनै उत्तराधिकार राष्ट्रले आफ्नो नागरिकता प्रदान गर्न प्रमाणको आवश्यकताको मापदण्डलाई जोड दिने छैन र त्यस्ता व्यक्तिहरूलाई उक्त मापदण्डको आवश्यकता पुरा गर्न माग गर्नु उपयुक्त हुँदैन ।*
>
> *कुनै उत्तराधिकार राष्ट्रले उत्तराधिकारको समयमा आफ्नो भू-भागमा, नियमित बसोबास गरिरहेका र उक्त राज्य उत्तराधिकारको परिणामबाट राज्यविहीन भएका वा हुन सक्ने व्यक्तिहरूलाई आफ्नो राष्ट्रियता प्रदान गर्नु अघि अर्को राष्ट्रियता प्राप्त नगरेको प्रमाण माग गर्ने छैनन् ।"*

**धारा ८ को पहिलो अनुच्छेद्ले** कुनै व्यक्तिले राष्ट्रियता प्राप्त गर्नका लागि पुरा गर्नुपर्ने प्रमाणका आवश्यक मापदण्ड पुरा गर्न असम्भव या अत्यन्त कठिन हुने अवस्थालाई ध्यानमा राख्दछ । कतिपय अवस्थामा कुनै व्यक्तिलाई उसको वंशजको पूर्ण लिखित प्रमाणहरू उपलब्ध गराउन प्रायः असम्भव हुन सक्छ, उदाहरणका लागि यदि त्यस्ता नागरिकताका अभिलेखहरू नाश भइसकेका हुनसक्छन् । अझ बसोबासको ठाउँ नै दर्ता नभएको अवस्थामा बसोबासको ठाउँको लिखित प्रमाण उपलब्ध गराउन असम्भव हुन सक्छ । यो प्रावधानले त्यस्ता अवस्थाहरू पनि समेट्छ जस्तो कुनै व्यक्तिले प्रमाण उपलव्ध गराउन सम्भव हुन सक्छ तर यदि प्रमाण पुऱ्याउनु पर्ने कारणले निवेदकको ज्यान वा स्वास्थ्य नै जोखिममा पर्दछ भने त्यस्तो अवस्थामा प्रमाणको माग गर्नु अनुचित हुनजान्छ । त्यस्ता प्रमाण पुऱ्याउन कठिन बनाउने अवस्थाहरू सधैं प्रत्यक्ष रूपमा राज्य उत्तराधिकारको घटनासँग जोडिएको हुदैन । यी राज्य उत्तराधिकार अघि वा पछि घटेको कुनै घटनाको परिणाम हुनसक्छ उदाहरणको लागि साबिक मुलुकको शासनकालमा नागरिकताको अभिलेख नष्ट गरिएको वा जनसंख्याको कुनै निश्चित समूहलाई आवश्यक लिखतहरू जारी नगरिएको अवस्था । यी सबै अवस्थाहरूमा एउटा उच्च सम्भाव्यताको प्रमाण र/वा स्वतन्त्र प्रमाण नै कुनै उत्तराधिकार राष्ट्रको नागरिकता प्राप्त गर्ने शर्तहरू पुरा गर्नको लागि पर्याप्त हुनेछ ।

**धारा–८ को दोस्रो अनुच्छेद्** साबिक मुलुक विलय भएको अवस्थामा त्यसरी विलयन भएको राष्ट्रको राष्ट्रियता ग्रहण गरिरहेका सबै व्यक्तिहरूले उक्त राष्ट्रको विघटनको परिणामबाट स्वतः नागरिकता गुमाएको अवस्थासँग मात्र सम्बन्धित छ । यदि उक्त नयाँ उत्तराधिकार

राष्ट्रले बहुराष्ट्रियताको संख्यालाई रोक्छ वा घटाउँछ भने उक्त राष्ट्रले ती सम्बन्धित व्यक्तिहरूबाट उनीहरूले अर्को नागरिकता प्राप्त गरेका छैनन् वा उनीहरू राज्यविहीन हुन् भन्ने प्रमाण आवश्यक ठान्न सक्नेछ । अन्य राष्ट्रहरूको सहयोगमा निर्भर रहनु पर्ने हुँदा कुनै व्यक्तिले अर्को राष्ट्रको राष्ट्रियता ग्रहण गरेको छैन वा ऊ राज्यविहीन छ भन्ने प्रमाणको आवश्यकता पुरा गर्न प्रायः असम्भव हुन्छ । यदि राज्य उत्तराधिकारको परिणामबाट कुनै व्यक्ति राज्यविहीन हुन सक्ने खतरा छ भने उत्तराधिकार राष्ट्रले उक्त व्यक्तिसँग नागरिकता प्रदान गर्नु पूर्व अर्को राष्ट्रको राष्ट्रियता थिएन वा त्यस व्यक्ति राज्यविहीन थियो भन्ने प्रमाणको माग गर्नु हुँदैन । यो नियम राज्यविहीनता निवारण गर्नु अन्तर्राष्ट्रिय समुदायको प्राथमिक सरोकारको विषय हो भन्ने सर्वमान्य दृष्टिकोणमा आधारित भएतापनि एकभन्दा बढि राष्ट्रको राष्ट्रियतालाई स्वीकार गर्ने वा इन्कार गर्ने भन्ने विषय हरेक राष्ट्रले आफैं गर्ने निर्णयमा आधारित हुन्छ ।

यी प्रावधानहरूले अन्य राष्ट्रहरूबाट सहयोग लिई आफ्नो भूभागमा रहेका बहुराष्ट्रियता भएका व्यक्तिहरूको संख्या घटाउन चाहने राष्ट्रलाई र राष्ट्रियताको प्राप्ति र समाप्तिसँग सम्बन्धित सूचना आदान प्रदान गर्न रोक लगाएको छैन । "राष्ट्रियतासम्बन्धी कानूनको विवाद सम्बन्धी निश्चित प्रश्नहरूसम्बन्धी हेग महासन्धि १९३०" को अन्य राष्ट्रियतालाई मान्यता नदिने सम्बन्धी प्रावधान र "युरोपेली महासन्धि" को धारा-७ (१) (क) ले व्यवस्था गरेको स्वेच्छिक रूपमा अर्को नागरिकता प्राप्त गरेमा राष्ट्रियताको स्वतः अन्त्य हुने सम्भावनाको प्रावधानहरू बहुराष्ट्रियताको विषय बाझिन सक्दछ । कुनै राष्ट्रले सम्बन्धित व्यक्तिबाट उसले अर्को राष्ट्रियता ग्रहण गरेको छैन वा गर्ने छैन भनी घोषणा गरिएको लिखित बयान पनि माग गर्न सक्नेछ जसले उक्त राष्ट्रलाई सम्बन्धित व्यक्तिले झुट्टा बयान गरेको पत्तालाग्यो भने त्यस्तो नागरिकता खारेज गर्न समर्थ बनाउँछ ।

### असल अभ्यासहरुः चेक गणतन्त्र

जब सन् १९९३ को जनवरी १ मा पूर्व चेकोस्लोभाकिया औपचारिकरूपमा विघटन भए पश्चात दुई उत्तराधिकारी राष्ट्रहरू-चेक गणतन्त्र र स्लोभाक गणतन्त्र दुवैले नागरिकतासम्बन्धी कानून जारी गरे । तिनीहरूले आ-आफ्ना राष्ट्रका नागरिकहरूका लागि प्रारम्भिक निकाय र त्यस्ता प्रक्रियाहरूको व्यवस्था गरिदिए जसबाट व्यक्तिहरूले आफ्नो राष्ट्रको नागरिकता प्राप्त गर्न सक्दथे, तथापि दुवै मुलुकको कानून चेकोस्लोभाकियाको नागरिकता कानूनहरूमा आधारित थियो जुन सन् १९६९ मा मस्यौदा गरिएको थियो र त्यसकारण कुनै पनि कानून उक्त नयाँ परिस्थितिको अनुकूल थिएन ।

दुवै नवगठित राष्ट्रहरूको आन्तरिक नागरिकताको कानून अनुसार, सन् १९५४ अघि जन्मिएका व्यक्तिहरू जो चेकोस्लोभाक समाजवादी गणतन्त्र दुई गणतन्त्रहरूको एउटै संघ भएको बखतमा ती राज्यका भू-भागमा जन्मिएका १५ बर्ष वा त्यो भन्दा माथिका व्यक्तिहरू उक्त राज्यका नागरिक भए *(jus soli)* । सन् १९५४ पछि जन्मिएका व्यक्तिहरू या त जन्मिएको ठाउँको कानूनका *(jus soli)* आधारमा (चेक-स्लोभाक मिश्रित बाबुआमाबाट जन्मिएका व्यक्तिहरूले सामान्यतया उनीहरू जन्मेको ठाउँमा आधारित भएर नागरिकता प्राप्त गरे) अथवा दुवै बाबुआमाले समान राष्ट्रियता ग्रहणगरेको अवस्थामा उनीहरूका बाबुआमाको नागरिकता *(jus sanguinis)* को आधारमा उक्त राष्ट्रको नागरिक मानिए । परिणामस्वरूप धेरै व्यक्तिहरू जसले आफ्नो संयुक्त जीवन चेकगणतन्त्रमा बिताएका थिए, उनीहरूलाई स्लोभाक नागरिकता प्रदान गरियो र त्यसै गरि स्लोभाकमा सम्पूर्ण जीवन बिताएकालाई चेकको नागरिकता प्रदान गरियो । चेकगणतन्त्रमा बसोबास गरिरहेका धेरैजसो रोमा अल्पसंख्यक जातिहरू यो कानूनी अस्पष्टतामा फसेका थिए किनकि उनीहरूमध्ये धेरै स्लोभाक भू-भागमा जन्मिएका थिए र स्लोभाकमा जन्मिएका पुर्खाका सन्तति थिए ।

यसैबीचमा नयाँ स्लोभाक नागरिकता कानूनले चेकोस्लोभाकियाका सम्पूर्ण पूर्व नागरिकहरूलाई राष्ट्रियताको निर्वाध अधिकार दियो, उता नयाँ चेक नागरिकता ऐनले भने नागरिकता प्राप्तिको लागि कडा सर्तहरू प्रस्तुत गऱ्यो । चेक नागरिकता प्राप्त गर्न कुनै पनि व्यक्तिले निम्न सर्तहरू पुरा गरेको हुनुपर्थ्यो:

- चेकगणतन्त्रको भूमिमा न्यूनतम दुईवर्ष अघिदेखि संघीयराज्यको विघटन भएको अवधिसम्म नियमित स्थायी बसोबासको दर्ता कायम रहेको हुनुपर्ने;
- स्लोभाक नागरिकताबाट छुट पाएको हुनुपर्ने; र
- बितेका पाँच वर्षहरूमा कुनै मनसाययुक्त अपराधमा सजाय नपाएको हुनुपर्ने ।

सन् १९९० को मध्यतिर, चेक र स्लोभाक सरकारहरूले यू.एन.एच.सि.आर.लाई कानूनी विवादको परिणाम स्वरूप उत्पन्न भएको राज्यविहीनताका हजारौं घटनाहरू सुल्झाउन सहयोग गर्न आग्रह गरे जो थियो । यू.एन.एच.सि.आर.ले त्यसक्षेत्रमा दुईवटा तथ्य संकलन गर्ने मिसन (Fact finding missions) हरू पठायो र ती राज्यहरूका नागरिकता कानूनहरूको सम्बन्धमा सरकारहरूसँग अन्तरक्रियाहरूको आयोजना गऱ्यो ।

सन् १९९६ मा, यू.एन.एच.सि.आर.ले पाराग्वेमा कार्यालय रहने गरी "नागरिकता परामर्श केन्द्र" गठन गर्न सहयोग गऱ्यो । उक्त केन्द्रले चेकोस्लोभाकीयाका पूर्व नागरिकहरूलाई कानूनी तथा सामाजिक परामर्श उपलब्ध गरायो, जो चेकगणतन्त्रसँग लामो समय देखि जायज सम्बन्ध भएतापनि राज्यविहीन अवस्थामा थिए । एक वर्षको अवधिमा केन्द्रले अरुको हेरचाहमा रहेका ९०० बालबालिकासहित ६,००० व्यक्तिहरू, चेकका

कारागारहरूमा रहेका ३,५०० भन्दा बढि व्यक्तिहरू तथा राष्ट्रियताको निधो गर्न वा प्रयोग गर्न नसकेका २,००० भन्दा बढि व्यक्तिहरूलाई सहायता प्रदान गर्‍यो ।

यू.एन.एच.सि.आर. र युरोपेली परिषद्ले उपलब्ध गराएको सुझावलाई लागू गर्दै, चेक सरकारले नागरिकता प्राप्तिसम्बन्धी बन्देजहरूलाई फुकुवा गर्न शुरु गर्‍यो । सन् १९९६ को अप्रिलमा, चेक व्यवस्थापिकाले नागरिकता ऐनको संशोधन पारित गर्‍यो जसले गृह मन्त्रालयलाई आवेदकहरू स्लोभाक नागरिक भएर पनि नियमित रूपमा चेकगणतन्त्रमा बसोबास गरिरहेका वा गर्दै आएका र त्यस्तो बसोबासको औपचारिक प्रमाण प्रस्तुत गरेमा उनीहरूले "अपराध नगरेको विवरण" बुझाउनु पर्ने आवश्यकतालाई छुट दिन सक्ने स्वविवेकीय अधिकार दियो ।

सन् १९९९ मा, चेक व्यवस्थापिकाले अर्को संशोधन पारित गर्‍यो जसले पूर्व चेकस्लोभाकियाको भूभाग, जुन पछि चेक गणतन्त्र भयो, मा स्थायी रूपमा बसोबास गर्दै आएका तर औपचारिक बसोबासको स्वीकृती प्राप्त नगरेका नागरिकहरूलाई चेकगणतन्त्रको नागरिक हुन अनुमति दियो । उक्त संशोधन अन्तर्गत ती व्यक्तिहरूलाई काम वा निवासको करार वा साक्षीहरू मार्फत आफ्नो बसोबास प्रमाणित गर्ने इजाजत दिइएको थियो । अझ उनीहरूलाई कुनै "अपराध नगरेको विवरण" पनि आवश्यकता नपर्ने भयो । यसरी क्रमिक रूपमा यू.एन.एच.सि.आर., गैर सरकारी संस्था र चेक निकायहरू सहभागी भएको आपसी प्रयासद्वारा ती पूर्व चेकोस्लोभाकहरू जो संघीय गणराज्य विघटन भएदेखि स्थायी रूपमा चेक गणतन्त्रमा बसोबास गर्दै आएका थिए उनीहरूलाई नागरिकतामा निर्वाध पहुँच दिईयो ।

## भेदभाव वा नागरिकताबाट स्वेच्छाचारी वञ्चितिकरणसँग सम्बन्धित कारणहरू

### भेदभाव

नागरिकता प्रदान गर्ने वा इन्कार गर्ने राष्ट्रको स्वविवेकको एउटा प्रमुख व्यवधान जातीय भेदभावमाथिको बन्देज हो । यो सिद्धान्त "सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि" र अन्य धेरै दस्तावेजहरूमा प्रतिविम्बित भएको छ । संयुक्त राष्ट्रसंघको जातीय भेदभावसम्बन्धी समितिले सन् २००४ अक्टुबर-१ को "गैर नागरिक विरुद्धका भेदभावसम्बन्धी साधारण सुझाव (General Recommendation) हरू" मा "जात, रंग, वंश, वा राष्ट्रिय वा जातीय उत्पत्तिको आधारमा नागरिकताबाट वञ्चित गर्नु राष्ट्रको अविभेदकारी रूपमा राष्ट्रियताको अधिकार उपभोग गर्न सुनिश्चित गर्नुपर्ने दायित्वको उल्लंघन हो" भनी उल्लेख गर्‍यो ।

यद्यपि, कहिलेकाहीँ व्यक्तिहरू कुनै खास देशसँग बलियो सम्बन्ध भएर पनि राष्ट्रियता प्राप्त गर्न असमर्थ हुन्छन् । त्यस्तो सम्बन्ध अन्य व्यक्तिहरूको लागि नागरिकता प्राप्तिको उठान गर्न पर्याप्त हुन्छ । जात, रंग, वर्ण, धर्म, लिंग, राजनीतिक विचार वा अन्य विषयहरूमा

आधारित विभेदहरू प्रत्यक्ष रूपमा वा असावधानिपूर्वक कुनै कानूनमा वा तिनीहरूको कार्यान्वयनका क्रममा सृजना भएका हुनसछन् । कानूनलाई त्यतिबेला विभेदकारी मान्न सकिन्छ जा तिनमा पूर्वाग्रही भाषा प्रयोग गरिएका हुन्छ वा तिनको कार्यान्वयनको परिणाम विभेदकारी हुन्छ ।

**यो समस्या समाधान गर्नः**

- राष्ट्रियतासँग सम्बन्धित अविभेदकारीताको सिद्धान्तलाई संविधान र राष्ट्रियतासम्बन्धी कानूनमा व्यवस्थित गरिन्छ भनी सुनिश्चित गर्नुपर्दछ र उक्त सिद्धान्तलाई प्रशासकीय र न्यायिक निर्णयहरूद्वारा कार्यान्वयन गरिन्छ भनी सुनिश्चित गनुपर्दछ ।

- राष्ट्रहरूले आन्तरिक तथा अन्य देशहरूको सहयोगमा अर्थात दुवै तरिकाबाट प्रत्येक बालकलाई उ जन्मे देखिनै राष्ट्रियता प्राप्त हुनेछ भनी सुनिश्चित गर्न सबै प्रकारका उपयुक्त उपाय अवलम्बन गर्नु आवश्यक हुन्छ । त्यसकारण, विवाहित दम्पतिबाट जन्मेको बालक, विनाविवाह जन्मेको बालक र राज्यविहीन दम्पतिबाट जन्मेको बालक सबैलाई अन्तर्राष्ट्रिय कानून अनुसार राष्ट्रियताको समान अधिकार हुन्छ ।

- विवाहित नारीको राष्ट्रियतासम्बन्धी महासन्धि, १९५७ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ ले महिलालाई राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा कायम राख्ने पुरुष सरह समान अधिकार प्रदान गर्ने अपेक्षा गरेको छ । यी महासन्धिमा उल्लेखित सिद्धान्तअनुसार श्रीमान्को राष्ट्रियताको हैसियतले श्रीमतीको राष्ट्रियता स्वतः परिवर्तन गरी राज्यविहीन बनाइनु हुँदैन न त उनलाई श्रीमान्को राष्ट्रियता ग्रहण गर्न बाध्य नै बनाइनु हुन्छ ।

## नागरिकताबाट वञ्चितिकरण र इन्कारी

मानवअधिकारको विश्वव्यापी घोषणापत्रले कसैलाई पनि राष्ट्रियताबाट स्वेच्छाचारीरूपले विमुखीकरण गरिने छैन भनी उल्लेख गरेको छ । त्यस्तै सन् १९६१ को महासन्धि र सन् १९९७ को राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धिले राष्ट्रहरूले प्रदान गरेको नागरिकताको अन्त्य गर्ने सम्भावनाहरूलाई कडारूपमा सीमित गरेको छ । त्यस्ता कुनै नागरिकताको समाप्ति पूर्णतः कार्यविधिगत प्रत्याभूतिबाट हुनुपर्छ र यसले राज्यविहीनताको परिणाम ल्याउनु हुँदैन ।

सामान्यतयाः एउटा राष्ट्र जो विभेदकारी कानूनमा अभ्यस्त छ त्यसले व्यक्तिलाई नागरिकताबाट वञ्चित गरेपछि गैरराष्ट्रियकरणको रूप लिन्छ र फलतः त्यस्ता व्यक्तिलाई जबरजस्ती देश निकाला गरिन्छ ।

**यी समस्याहरू समाधान गर्नः**

- अन्तर्राष्ट्रिय कानूनको आधारभूत सिद्धान्त अनुसार राज्यविहीनतामा परिणत हुने भए कोही पनि व्यक्तिलाई राष्ट्रियताबाट वञ्चित गराइनु हुँदैन ।
- राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धि १९६१ ले यो सिद्धान्तको निम्न बमोजिमका अपवादहरू प्रस्तुत गरेको छ :

  - छलकपट वा जालसाजीबाट प्राप्त गरेको राष्ट्रियता;
  - विदेशमा बसोबासका कारण नागरिकताको समाप्ति (माथि हेर्नुहोस);
  - कुनै बफादारिताको कर्तव्य विपरीतका कार्यहरू गरेमा, अन्य राष्ट्रलाई सेवा प्रदान गर्न गरेको प्रष्ट निषेधाज्ञाको उल्लंघन गरेमा वा व्यक्तिगत आचरणबाट राष्ट्रहितमा गम्भिर असर पार्ने कार्य गरेमा (यदि यी प्रावधानहरू महासन्धि हस्ताक्षर भएको समयमा कानूनमा उल्लेख गरेको भएमा मात्र); अथवा
  - अर्को राष्ट्रको बफादारिताको औपचारिक घोषणा गरेमा वा सपथ लिएमा वा सो राष्ट्रको बफादारितालाई परित्याग गरेमा; (यदि महासन्धिको हस्ताक्षर हुँदाको बखत कानूनमा व्यक्त गरेको भए मात्र) ।

सन् १९६१ को महासन्धिको पक्ष राष्ट्रले हस्ताक्षर, अनुमोदन वा सम्मिलनको समयमा विशेष रूपमा उल्लेख गरेका पूर्व आधारहरूका भएमा र कानून बमोजिम र स्वच्छ पूर्पक्षको अधिकार जस्ता पूर्ण कार्यविधिहरू प्रत्याभूत भएको खण्डमा मात्र कुनै व्यक्तिलाई नागरिकलाई राष्ट्रियताबाट वञ्चित गर्न सक्दछ । कुनै पक्ष राष्ट्रले कुनै व्यक्ति वा व्यक्तिहरूको समूहको राष्ट्रियता जातीय, धार्मिक वा राजनीतिक आधारहरूमा अपहरण गर्ने छैन ।

- राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धि १९९७ ले राष्ट्रहरूको राष्ट्रियताको अपहरण गर्नेसम्बन्धी अधिकार जसले राज्यविहीनताको परिणाम ल्याउन सक्छ त्यस्तो सामर्थ्यलाई अझ सीमित बनाएको छ । उक्त महासन्धिले जालसाजी वा झुठो विवरणबाट प्राप्त गरेको नागरिकताको अपहरणलाई मात्र जायज ठहऱ्याएको छ । तथापि यदि नागरिताको अपहरण राज्यविहीनतामा परिणत हुँदैन भने, कुनै राष्ट्रले आफ्ना नागरिकको नागरिकता निम्न अवस्थाहरूमा अपहरण गर्न सक्दछः

  - स्वेच्छिक रूपमा अर्को राष्ट्रियताको प्राप्ति;
  - स्वेच्छिक रूपमा विदेशी सैन्य फौजमा सेवा;
  - राष्ट्रहित विपरीत कार्य गरेमा;
  - विदेशमा नियमित रूपमा बसोबास गर्ने नागरिकको उसको राष्ट्रसँग वास्तविक सम्बन्धको अभाव;
  - कुनै देशको राष्ट्रियता स्वतः प्राप्त गर्न आन्तरिक कानूनमा तोकिए बमोजिमका पूर्व शर्तहरूको परिपालना नगरेमा; (यो नाबालकहरूका लागि मात्र लागू हुन्छ)
  - धर्मपुत्र वा धर्मपुत्रीको स्वरूप ग्रहण गरेको बालकले ग्रहण गर्ने बाबुआमा मध्ये एक वा दुबैले विदेशी राष्ट्रियता प्राप्त गरेमा ।

## राज्यविहीनता न्यूनिकरण गर्ने संयुक्त राष्ट्रसंघको महासन्धि १९६१ का मुख्य प्रावधानहरू

**राष्ट्रियता प्रदान गर्ने सम्बन्धी (धाराहरू, १, २, ३ र ४)**

राष्ट्रियता त्यस्ता व्यक्तिलाई प्रदान गरिने छ जो अन्यथा राज्यविहीन हुन सक्छन् र जसको जन्म वा वंशजका आधारमा उक्त राष्ट्रसँग प्रभावकारी सम्बन्ध रहेको हुन्छ । राष्ट्रियता निम्न बमोजिमका आधारमा प्रदान गरिनेछः

जन्मको आधारमा, कुनै राष्ट्रको भू-भागमा जन्मेको व्यक्तिलाई कानूनको कार्यान्वयनद्वारा;

- निश्चित उमेरमा कानूनको कार्यान्वयनद्वारा, राष्ट्रको भू-भागमा जन्मेको व्यक्तिलाई, राष्ट्रिय कानूनको सर्त अनुसार;
- राष्ट्रको भू-भागमा जन्मेको व्यक्तिलाई आवेदन बमोजिम; (त्यस्तो आवेदन देहायका एक वा सोभन्दा बढीमा तथ्यमा आधारित हुनु पर्दछ : कुनै निश्चित अवधि भित्र आवेदन दर्ता गर्न सकिने, निश्चित बसोबासको आवश्यकता पर्ने, कुनै विशेष प्रकृतीको फौजदारी अभियोग नभएको र/अथवा उक्त व्यक्ति सधैं राज्यविहीन अवस्थामा रहिआएको),
- जन्मको आधारमा कानून सम्मत बालकलाई, यदि बालकको आमासँग उक्त बालक जन्मेको देशको राष्ट्रियता छ भने;
- वंशजको आधारमा, कुनै व्यक्ति जो कुनै पक्ष राष्ट्रको भूभागमा जन्मिएर पनि उमेर वा बसोबासका आवश्यकताहरूको कारणबाट राष्ट्रियता प्राप्त गर्न असमर्थ छ; (जुन देहायका एक वा सोभन्दा बढीमा तथ्यमा आधारित हुनु पर्दछ : कुनै निश्चित अवधि भित्र आवेदन दर्ता गर्न सकिने, निश्चित बसोबासको आवश्यकता पर्ने, र/अथवा उक्त व्यक्ति सधैं राज्यविहीन अवस्थामा रहिआएको),
- कुनै पक्ष राष्ट्रको भू-भागमा पाइएका अनाथहरूलाई;
- जन्मको आधारमा, यदि पक्ष राष्ट्रको भू-भागमा नजन्मेको कुनै व्यक्तिलाई यदि उ जन्मदाको बखतमा आमा बाबु मध्ये कुनै एकको राष्ट्रियता त्यस राष्ट्रको थियो भने कानून बमोजिम;
- आवेदन बमोजिम, पक्ष राष्ट्रको भू-भागमा नजन्मेको (अन्यत्र जन्मेको) व्यक्ति यदि उ जन्मदाको बखतमा आमा बाबु मध्ये कुनै एकको राष्ट्रियता त्यस राष्ट्रको थियो भने राष्ट्रिय कानूनले व्यवस्था गरे बमोजिम; (उक्त आवेदन देहायका एक वा सोभन्दा बढीमा तथ्यमा आधारित हुनु पर्दछ : कुनै निश्चित अवधि भित्र आवेदन दर्ता गर्न सकिने, निश्चित बसोबासको आवश्यकता पर्ने, कुनै राष्ट्रिय सुरक्षा विरुद्धको अपराधमा सजाय नपाएको र/वा उक्त व्यक्ति सधैं राज्यविहीन अवस्थामा रहिआएको) ।

**राष्ट्रियताको समाप्ति वा परित्यागसम्बन्धी (धाराहरू ५, ६ र ७)**

राष्ट्रियताको समाप्ति वा परित्याग अर्को राष्ट्रियताको पूर्व ग्रहण वा प्राप्त गर्ने आश्वासनको सर्तमा आधारित हुनुपर्दछ । तर एउटा अपवादको रूपमा अंगीकृत व्यक्तिहरूको विषयलाई भने लिन सकिन्छ जो औपचारिक जानकारी र समय सीमाको

जानकारीका बावजुदपनि निश्चित वर्षसम्म विदेशमा बसोबास गर्दछन् र नागरिकता कायम राख्ने मनसाय व्यक्त गर्न समेत असमर्थ हुन्छन् । यस्तो अवस्थामा पक्ष राष्ट्रले अंगीकृत नागरिकको उक्त आवेदनलाई इन्कार पनि गर्न सक्ने अवस्था विद्यमान हुँदा पनि आवेदन गरेकै आधारमा नागरिकता प्राप्त गरेको हुन्छ । नागरिकताको समाप्ति कानून बमोजिम मात्र र पूर्ण कार्यविधिगत प्रणाली, जस्तैः कुनै अदालत वा अन्य स्वतन्त्र निकायबाट निष्पक्ष सुनुवाईको अधिकारको प्रत्याभूति भएको अवस्थामा मात्र हुन सक्तछ ।

### नागरिकताको वञ्चितिकरणसम्बन्धीः (धारा ८ र ९)

तल उल्लेखित अवस्थाहरूमा बाहेक कोही पनि व्यक्ति राष्ट्रियताबाट वञ्चित हुनु हुँदैन यदि त्यो वञ्चितिकरणले राज्यविहीनता निम्त्याउँछ भने, जस्तोः

- झुठो विवरण वा जालसाजीबाट प्राप्त गरेको राष्ट्रियता;
- कुनै व्यक्तिले बफादारिताको कर्तव्य विपरीतका कार्यहरू गरेमा, अन्य राष्ट्रलाई सेवा प्रदान गर्न गरेको प्रष्ट निषेधाज्ञाको उल्लंघन गरेमा वा व्यक्तिगत आचरणबाट राष्ट्रहितमा गम्भिर असर पार्ने कार्य गरेमा;
- कुनै व्यक्तिले अर्को राष्ट्रको वफादारिताको औपचारिक घोषणा गरेमा वा सपथ लिएमा वा सो राष्ट्रको वफादारितालाई परित्याग गरेमा;
- अंगीकृत नागरिकले पक्ष राष्ट्रसँगको प्रभावकारी सम्बन्धलाई गुमाएमा र सूचनाका बावजुद पनि उक्त राष्ट्रियतालाई कायम राख्ने मनसाय स्थापित गर्न असमर्थ भएमा ।

कुनै पक्ष राष्ट्रले हस्ताक्षर, अनुमोदन वा सम्मिलनको समयमा विशेष रूपमा उल्लेख गरेका पूर्व आधारहरूका भएमा र कानून बमोजिम र स्वच्छ पूर्पक्षको अधिकार जस्ता पूर्ण कार्यविधिहरू प्रत्याभूत भएको खण्डमा मात्र कुनै व्यक्तिलाई राष्ट्रियताबाट वञ्चित गर्न सक्दछ । कुनै पक्ष राष्ट्रले कुनै व्यक्ति वा व्यक्तिहरूको समूहको राष्ट्रियता जातीय, धार्मिक वा राजनीतिक आधारहरूमा अपहरण गर्ने छैन ।

### भूभागको हस्तान्तरणसम्बन्धी (धारा १०)

कुनै भूभागको हस्तान्तरणका कारणबाट राज्यविहीनता उत्पन्न हुने छैन भनी सन्धिहरूले निश्चित गर्नेछन् । कुनै सन्धि हस्ताक्षर नगरेको अवस्थामा त्यस्ता भू-भागको प्राप्ति वा हस्तान्तरणको परिणामबाट कुनै व्यक्ति अन्यथा राज्यविहीन हुनसक्छ भने सम्बन्धित राष्ट्रले आफ्नो राष्ट्रियता प्रदान गर्नेछ ।

### अन्तर्राष्ट्रिय निकाय सम्बन्धमा (धारा ११)

महासन्धिले, संयुक्त राष्ट्रसंघको संरचनाभित्र, एउटा निकायको स्थापना गर्नका लागि आह्वान गर्छ जसका माध्यमबाट कुनै व्यक्तिले उक्त महासन्धिका सुविधासम्बन्धी दाबीको आवेदनमा आफ्ना दाबीहरू जाँच गरिन र त्यस्ता दाबी उपयुक्त निकायमा प्रस्तुत गरिन सहयोग लिन सक्छ ।

### विवादहरूको समाधान सम्बन्धमा (धारा १४)

पक्ष राष्ट्रहरू बीच यो सन्धिको व्याख्या वा कार्यान्वयनसँग सम्बन्धित विवादहरू अन्य संयन्त्रबाट समाधान हुन सकेन भने त्यस्तो विवादलाई कुनै एक पक्षको अनुरोधमा अन्तर्राष्ट्रिय न्यायालय (International Court of Justice) समक्ष प्रस्तुत गरिनेछ ।

### अन्तिम मस्यौदा

यस अन्तिम मस्यौदाले तथ्यगत राज्यविहीन व्यक्तिहरूलाई सम्भव भएसम्म कानूनी राज्यविहीन सरह व्यवहार गरी प्रभावकारी नागरिकता प्राप्त गर्न सक्षम बनाउनुपदर्छ भनी सिफारिस गर्दछ ।

**परिच्छेद ४**

# शरणार्थी सम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय (यू.एन.एच.सि.आर.) को भूमिका

सन् १९५० बाट यू.एन.एच.सि.आर.ले आफ्नो कार्यको शुरुवात गरे देखि नै राज्यविहीनताका मुद्दा तथा राज्यविहीन व्यक्तिसँग संलग्न रहीआएकोछ। संयुक्त राष्ट्रसंघले शरणार्थीको संरक्षण तथा उनीहरूको दु:खको समाधान पत्ता लगाउन सहयोग गर्न यस सङ्गठनलाई अधिकार दिएको छ । यस संङ्गठनद्वारा वर्षौंसम्म सहयोग गरिएका धेरै शरणार्थीहरू पनि राज्यविहीन भएका छन् । तसर्थ, विगतका धेरै दशकहरूमा, राष्ट्रिय संरक्षणको इन्कारी वा अन्त्य र राष्ट्रियताको इन्कारी वा अन्त्य बीच राम्रो सम्बन्ध स्थापना भइसकेको छ । कुनै प्रभावकारी राष्ट्रियताको उपभोग तथा राष्ट्रियतासम्बन्धी अन्तर्निहित अधिकारहरूको प्रयोग गर्न सक्ने क्षमताले व्यक्तिहरूलाई जबरजस्ती तथा इच्छा विरुद्ध विस्थापन हुनबाट रोक लगाउन सहयोग पुर्‍याउँछ भन्ने कुरालाई पनि हाल सामान्यरूपमा बुझिएको छ ।

### *यू.एन.एच.सि.आर. राज्यविहीनतासम्बन्धी मुद्दासँग कसरी संलग्न भयो ?*

बितेका वर्षहरूबाट संगठनको विस्तारसँगै, यू.एन.एच.सि.आर.को राज्यविहीनताको घटना कम गर्न सहयोग पुर्‍याउने र राज्यविहीनहरूलाई सहायता गर्ने भूमिका पनि बढ्दै । यसलाई अन्तर्राष्ट्रिय सन्धि, संयुक्त राष्ट्रसंघको महासभाको प्रस्ताव तथा यस संङ्गठनका आफ्नै परामर्श निकायको सिफारिस मार्फत र उच्चायुक्तको कार्यक्रमसम्बन्धी कार्यकारी समिति (ExCom) द्वारा राज्यविहीनताको क्षेत्रमा काम गर्ने अख्तियारी प्राप्त छ ।

सन् १९५४ को राज्यविहीन व्यक्तिको हैसियतसम्बन्धी महासन्धिको उपयुक्त कार्यान्वयनलाई सुनिश्चित गर्न पर्यवेक्षकीय निकाय स्थापना गर्नका लागि कुनै पनि प्रावधान छैन । **तथापि, सन् १९६१ को राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धिको धारा ११ ले** "यस महासन्धिको सुविधा दाबी गर्ने कुनै व्यक्तिले आफ्नो दाबीको परीक्षणका लागि र उपयुक्त अधिकारी समक्ष सहायताका लागि निवेदन गर्न सक्ने कुनै एक निकाय," स्थापना गर्नको लागि आह्वान गर्दछ । यो महासन्धि सन् १९७५मा लागू भएदेखि, संयुक्त राष्ट्रसंघको महासभाले यू.एन.एच.सि.आर.लाई यो भूमिका निभाउन अनुरोध गर्‍यो । यस संङ्गठनको जिम्मेवारीलाई पछिल्ला प्रस्तावहरूमार्फत अझ विस्तृत पारिएको थियो ।

राज्यविहीन व्यक्तिको संरक्षण तथा राज्यविहीनता न्यूनिकरण तथा रोक लगाउनेसम्बन्धी निष्कर्ष (निष्कर्ष संख्या-७८) मा, राज्यविहीनताको विषयसम्बन्धी मार्गदर्शनको विस्तृत रूपरेखा उच्चायुक्तको कार्यक्रमको कार्यकारी समितिले सन् १९९५ मा ग्रहण गरेको थियो । (कार्यकारी समिति राज्यहरूको प्रतिनिधिहरूबाट गठन भएको हो- २५ सेप्टेम्बर सन् २००५

सम्म ७० वटा राज्यहरू सदस्य थिए- शरणार्थी समस्या को समाधान पत्ता लगाउन इच्छा जाहेर गरेको आधारमा ती राष्ट्रहरू आर्थिक तथा सामाजिक परिषद् द्वारा छानिएका हुन् )। कार्यकारी समितिको राज्यविहीनतासम्बन्धी सन् १९९५ निष्कर्षले "राज्यविहीन व्यक्तिका लागि आफ्ना गतिविधिहरू सुचारु गर्न संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायुक्तको कार्यालयलाई प्रोत्साहित गर्दछ" तथा "सन् १९५४ को राज्यविहीन व्यक्तिको हैसियतसम्बन्धी महासन्धि तथा सन् १९६१ को राज्यविहीनता न्यूनीकरण गर्ने महासन्धिको अनुमोदन प्रवर्द्धन गर्नका लागि यू.एन.एच.सि.आर.को कार्यालयलाई सक्रिय भई कार्य गर्न अनुरोध गर्दछ"। यस कार्यकारी समितिको निष्कर्षले संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायुक्तको कार्यालयलाई, "सूचनाको आदान-प्रदान मार्फत राज्यविहीनतालाई न्यूनिकरण गर्न तथा रोक लगाउन सक्रिय भई प्रवर्द्धन गर्न तथा सरकारी अधिकारीहरू र कर्मचारीलाई प्रशिक्षण, तथा अन्य सङ्गठनहरूसँग सहकार्य बढाउन पनि अनुरोध गर्छ।"

सन् १९९६ मा, **संयुक्त राष्ट्रसंघको महासभाले** एउटा प्रस्ताव (A/RES/50/152) ग्रहण गऱ्यो जसले राज्यविहीन व्यक्तिको हकमा गतिविधि संचालन गर्न, तथा सन् १९५४ र १९३१ को महासन्धिलाई कार्यान्वयन तथा अनुमोदन र प्रवर्द्धन गर्न उच्चायुक्तलाई सोहि अनुरूप प्रोत्साहित गर्छ।

यस प्रस्तावले यू.एन.एच.सि.आर.को कार्यलयलाई "राष्ट्रियतासम्बन्धी कानूनको तयारी तथा कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण प्राविधिक तथा परामर्श सेवाहरू इच्छुक राष्ट्रहरूलाई उपलब्ध गराउन" अनुरोध गर्दछ।

यसै प्रस्तावमा, महासभाले "राज्यहरूलाई अन्तर्राष्ट्रिय कानूनका आधारभूत सिद्धान्त अनुरूप, विशेषगरी राष्ट्रियताको स्वेच्छाचारी विमुखीकरणलाई रोक लगाउँदै, तथा अर्को राष्ट्रियताको पूर्व भोग वा प्राप्तिविना राष्ट्रियता त्याग गर्न स्वीकृति दिने प्रावधानहरूलाई हटाउँदै र यसको साथसाथै यसै समयमा राष्ट्रियताको प्राप्ति, अन्त्य वा त्यागलाई सञ्चालन गर्न, कानूनको निर्माण गर्ने राज्यको अधिकारलाई मान्यता प्रदान गर्दै, राज्यविहीनता न्यूनिकरण गर्ने उद्देश्यले राज्यहरूलाई राष्ट्रियतासम्बन्धी कानूनको ग्रहण गर्न आह्वान गर्दछ।"

संरक्षणको लागि कार्यतालिकामा व्यवस्था गरिए अनुसार राज्यविहीनता हुनाको एउटा प्रमुख कारणहरूमा विस्थापन र शरणार्थी मानिएको थियो जसलाई यू.एन.एच.सि.आर.को कार्यकारी समितिले (निर्ष्कष संख्या-९२ [LIII] क) समर्थन गरेको थियो र सन् २००२ मा यस विषयलाई संयुक्त राष्ट्रसंघको महासभाले स्वागत गरेको थियो। शरणार्थीको अन्तर्राष्ट्रिय संरक्षणसम्बन्धी यू.एन.एच.सि.आर.को विश्वव्यापी परामर्शको चरमबिन्दूको रूपमा रहेको अन्तर्राष्ट्रिय संरक्षणका विषय (The Agenda for Protection) मा अन्तर्राष्ट्रिय संरक्षणका लागि लक्ष्य, उद्देश्य तथा संयन्त्रहरूका विवरणहरू समेटिएको छ। यसले राज्यहरू, अन्तर्राष्ट्रिय सङ्गठनहरू, गैर-सरकारी संस्थाहरू र शरणार्थीहरूका सिफारिसहरू तथा मिश्रित सरोकारहरूलाई प्रतिविम्बित गर्दछ तथा निश्चित कार्यको लागि मार्गदर्शनको रूपमा काम गर्दछ। राज्यविहीनताको विषयहरूको सम्बोधन जबरजस्ती विस्थापनबाट हुनबाट जोगाउन सहयोग गर्नु र राष्ट्रियतासम्बन्धी अधिकारको प्रत्याभूति प्रदान गर्नुको अर्थमा गरिएको छ।

राज्यविहीन व्यक्तिका धेरै वर्षसम्म समाधान हुन नसकेका विषयहरू ठूलो संख्यामा रहेको विषयसँग सम्बन्धित भई कार्यकारी समिति (ExCom) ले सरोकार राख्दै, सन् २००४ मा, यू.एन.एच.सि.आर.लाई त्यस्ता अवस्थाहरूको समाधान पत्ता लगाउन सम्बन्धित राज्यसँग काम गर्दै महत्वपूर्ण भूमिका खेल्न आह्वान गऱ्यो । यू.एन.एच.सि.आर.ले राज्यहरूलाई प्राविधिक तथा कार्यकारी सहयोग निरन्तर उपलब्ध गराउनु पर्ने आवश्यकताको लागि पनि कार्यकारी समितिले आह्वान गऱ्यो ।

अझ तत्कालीन अवस्थामा सन् २००५ को मानवअधिकार तथा राष्ट्रियताको स्वेच्छाचारी अपहरणसम्बन्धी प्रस्तावमा [E|CN.4|2005L.58] उक्त संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी आयोगले यू.एन.एच.सि.आर.लाई यस विषयसम्बन्धी सूचना संकलन गर्दै तथा राष्ट्रियता अपहरणको समस्यालाई यसका प्रतिवेदनहरू तथा यसका गतिविधिहरूको दुबै कार्यक्षेत्रमा सम्बोधन गर्दै निरन्तरता दिन प्रोत्साहित गऱ्यो ।

### *राज्यविहीनताको समस्यालाई सम्बोधन गर्न यू.एन.एच.सि.आर.ले के गर्दछ ?*

यू.एन.एच.सि.आर.ले सरकारलाई नागरिकतासम्बन्धी कानूनको कार्यान्वयन तथा मस्यौदा तयार पार्न सहयोग गर्दछ र सरकारी अधिकारीहरूलाई प्रशिक्षण उपलब्ध गराउँछ । सन् २००३ देखि २००५ भित्र, यू.एन.एच.सि.आर.ले नयाँ नागरिकता कानून बनाउन तथा पुरानो नागरिकता कानूनलाई संशोधन गर्न सहयोग गर्दै ४० भन्दा बढी राष्ट्रहरूसँग सहकार्य गरिसकेको छ । धेरै जनसंख्यामा राज्यविहीन वा राष्ट्रियता पहिचान हुन नसकेका व्यक्तिहरू भएमा त्यस राज्यहरूको नागरिकता कानूनसम्बन्धी संवैधानिक व्यवस्थाहरूमा यू.एन.एच.सि.आर.ले टिप्पणी प्रस्तुत गऱ्यो ।

नागरिकतासम्बन्धी कानूनले विस्थापन निम्त्याउने छैन तथा राज्यविहीनताको सृजना हुन सक्ने खालका प्रावधानहरू समावेश गर्ने छैन भनी सुनिश्चित गर्न यू.एन.एच.सि.आर.को कार्यालयले संसदहरूसँग सहकार्य गर्दछ । (यू.एन.एच.सि.आर.का विश्वभरिका कार्यालयहरूसम्बन्धी तालिका विवरणका लागि हेर्नुहोस परिशिष्ट -४)

संरक्षणको लागि कार्यातालिकामा योजना गरिए अनुरूप यू.एन.एच.सि.आर.ले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले राज्यविहीनता न्यूनिकरण गर्न अपनाएका कदम तथा राज्यविहीन व्यक्तिहरूका संरक्षणका आवश्यकताहरू पुरा गर्न पहिलो विश्वव्यापी सर्वेक्षण यू.एन.एच.सि.आर.ले गऱ्यो । यस सर्वेक्षणले विश्वको कुनै पनि क्षेत्र राज्यविहीनताबाट मुक्त छैन तथा दुवै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा गम्भिर कानूनी तथा नीतिगत भेद रहेको छ भनी पत्ता लगायो । यू.एन.एच.सि.आर.ले ७४ देशहरूबाट संकलन गरेको जवाफको विश्लेषणबाट विस्तृत सिफारिसका रूपरेखा तयार पाऱ्यो ।

कुनै राज्यमा लामो समय देखि बसोबास गर्दै आएका राज्यविहीन व्यक्तिलाई राज्यको नागरिकता प्राप्ति गर्न स्वीकृति दिने नागरिकता अभियानलाई यू.एन.एच.सि.आर.ले सहयोग गरेको छ ।

यू.एन.एच.सि.आर.ले राज्यविहीन व्यक्तिहरू वा समूहको लागि समाधानहरू पत्ता लगाउन प्रयत्न गर्ने सम्बन्धमा सम्बन्धित राज्यहरूसँग प्रत्यक्ष रूपमा सल्लाह गर्दै राज्यविहीन व्यक्तिहरूलाई सहयोग पनि गर्दछ । यस सङ्गठनले सम्बन्धित व्यक्तिको कानूनी हैसियत स्पष्ट पार्न तथा कुनै व्यक्ति वा व्यक्तिहरूको समूह तथा कुनै राज्य जहाँ कुनै सम्बन्धित व्यक्तिहरू बीच अन्यथा राज्यविहीन हुन सक्ने अवस्थाका घटनाहरू बाहेक वैधानिक मान्यता प्रवर्द्धन गर्न राज्यहरूलाई प्रोत्साहित गर्दछ ।

राष्ट्रियतासम्बन्धी हैसियत समाधान हुनु पर्ने भनी प्रतिक्षारत समयसम्म राज्यविहीन व्यक्तिहरू आफू बसोबास गरिरहेको राज्यहरूमा न्यूनतम अधिकार उपभोगका लागि हकदार हुन्छन् । सन् १९५४ को राज्यविहीन व्यक्तिहरूको हैसियतसम्बन्धी महासन्धिको कार्यान्वयन गर्नका लागि यू.एन.एच.सि.आर.ले वकालत गर्दछ, र यस्ले राज्यविहीन व्यक्तिहरूका लागि न्यूनतम अधिकार तथा दायित्वहरू उपलब्ध गराउँदछ, र राज्यहरूलाई कार्यान्वयन गर्न, तथा आवश्यक भएसम्म तथा स्रोतले भ्याएसम्म राज्यविहीन व्यक्तिहरूका लागि, संरक्षण तथा सहायता कार्यक्रमहरूमा सहयोग गर्दछ ।

## *राज्यविहीनतासम्बन्धी समस्याहरूलाई सम्बोधन गर्न यू.एन.एच.सि.आर.सँगसँगै अन्य कुन-कुन संगठनहरूले कार्य गर्दछन् ?*

यू.एन.एच.सि.आर.सँग राज्यविहीनतासम्बन्धी समस्या सम्बोधन गर्न कार्य गर्दै गरेका **संयुक्त राष्ट्रसंघका प्रमुख निकाय**हरूमा मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्रसंघीय बाल कोष (UNICEF) र महिलाका लागि संयुक्त राष्ट्रसंघीय विकास कोष (UNIFEM) रहेका छन् । राज्यविहीनताको दुःखदायी घटनाहरू समाधान गर्न, यू.एन.एच.सि.आर.ले कहिलेकाहीँ अन्तर्राष्ट्रिय श्रम संगठन (ILO), संयुक्त राष्ट्रसंघीय विकास कोष (UNDP) तथा विश्व खाद्य कार्यक्रम (WFP) सँग संयुक्त रूपमा आवास, शिक्षा तथा आय उत्पादनमूलक कार्यक्रमहरू कार्यान्वयन गर्दै पिछडिएका समूदायहरूलाई राष्ट्रिय समाज भित्र संगठित वा पुर्नसंगठित गर्न सहयोग गर्ने कार्य गर्दछ ।

माथि उल्लेखित संयुक्त राष्ट्रसंघको सङ्गठनहरूका अतिरिक्त, यू.एन.एच.सि.आर.ले सम्बन्धित संयुक्त राष्ट्रसंघीय सन्धि अन्तर्गतका समितिहरू (Treaty Bodies) जस्तो मानवअधिकार समिति, बाल अधिकारसम्बन्धी समिति, सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी समिति तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी समितिसँग संयुक्त रूपमा कार्य गर्दछ जसले राष्ट्रियतासम्बन्धी अधिकारलाई सुनिश्चित गर्दछन् ।

क्षेत्रीय निकायहरू जस्तो युरोपेली परिषद्, युरोपेली सुरक्षा तथा सहायतासम्बन्धी सङ्गठन, अमेरिकी राज्यहरूको अफ्रिकी संघ, अरब राज्यहरूको संघ, तथा इस्लामिक राज्यहरूको संगठनसँग यू.एन.एच.सि.आर.ले सहकार्य गर्दछ । यूरोपेली परिषदको राष्ट्रियतासम्बन्धी समितिमा यू.एन.एच.सि.आर.ले सहभागिता जनाएको छ, जसले मापदण्ड स्थापना गर्ने दस्तावेजहरूको विकास गरिरहेको छ जस्तै राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धि र राज्य उत्तराधिकारको सम्बन्धबाट हुने राज्यविहीनता न्यूनिकरण गर्ने महासन्धि ।

यू.एन.एच.सि.आर.को कार्यक्रमहरूमा समर्थन गर्दै तथा यसका गतिविधिहरूमा सहयोग गर्दै गैरसरकारी संस्थाहरू पनि यू.एन.एच.सि.आर.सँग नजिकबाट यस क्षेत्रमा कार्य गर्दछन् । सन् २००५ मा यू.एन.एच.सि.आर.ले ७७० कार्यान्वयन साझेदारहरूसँग सहायक–सम्झौतामा हस्ताक्षर गरेको छ, जसमा ४२४ राष्ट्रिय गैर-सरकारी संस्थाहरू सहित ५७८ गैर-सरकारी संस्थाहरू छन् ।

राज्यविहीनतासँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी मूल्यहरू बारे सांसदहरूमाझ चेतना फैलाउन र प्रशस्त सुझावहरूको जानकारी गराउन तथा राज्यविहीनताबाट जोगाउन सकिने असल अभ्यासहरूद्वारा उनीहरूलाई सचेत गराउन यू.एन.एच.सि.आर.ले **अन्तर संसदीय संगठन** (IPU) सँग नजिकबाट कार्य गर्दछ । यस संगठनले राष्ट्रियताबाट वञ्चित भएकाहरूका लागि कुनै एक राष्ट्रियताको अधिकार सुरक्षित गर्दै राज्यविहीनता उन्मूलन गर्न सहयोग गर्ने राष्ट्रियता कानून ग्रहण गर्न, र द्वैध तथा बहु-राष्ट्रियताहरूले हेलचेक्र्याइँपूर्वक राज्यविहीनता सृजना गर्दैन भन्ने कुरा सन्धिहरू मार्फत सुनिश्चित गर्न प्रोत्साहित गर्दछ ।

### असल अभ्यासहरु : श्रीलङ्का

श्रीलङ्काको विश्व चर्चित चिया उत्पादन गर्ने श्रम शक्ति प्राय: जसो भारतीय मूलका छन् । यी श्रमीकहरू "वर्तमानमा भारतीय मूलका तामिलहरू" भनी सरकारी स्तरमा चिनिने तर सामान्य रूपमा "माथिल्लो देशका तामिलहरू" भन्ने गरिन्थ्यो । यी श्रमिकहरू सन् १८१५ तथा १९४८ बीच ब्रिटिस व्यवस्थापनले उक्त टापु राज्यमाथि शासन गरेको समयमा भारतबाट ल्याइएका व्यक्तिहरूका वंशजहरू हुन् । यिनीहरू त्यस बेला सिलोनमा बसोवास गर्दथे । सन् १९४८ मा श्रीलङ्काले आफ्नो स्वतन्त्रता प्राप्त गरे देखि १९८४ सम्म ती श्रमिकहरूको कानूनी हैसियतको निर्धारण धेरै भारतीय श्रीलङ्काली सम्झौताहरूले गरेका थिए । केहि माथिल्लो देशका तामिलहरूलाई कानूनी तथा दुई पक्षीय व्यवस्था मार्फत कुनै एक वा अर्को राष्ट्रको नागरिकता प्रदान गरियो । उनीहरू मध्य धेरैसँग राष्ट्रियता थिएन । राष्ट्रियता नभएकोले उनीहरूको आधारभूत अधिकार पनि थिएन । केहीलाई त श्रीलङ्काली तथा भारतीय नागरिकता प्राप्त गर्ने प्रकृया माथि पहुँच पनि थिएन ।

सन् १९८२ मा भारत सरकारले माथिल्लो देशका तामिलहरूसँग सम्बन्धित पूर्व सम्झौताहरू अब देखि बाध्यकारी हुने छैन भनी सम्झौताहरूको कार्यान्वयनको समय समाप्त भईसकेको जानकारी श्रीलङ्काली सरकारलाई दियो । त्यस समय पछि सम्झौता समाप्त भएको कारणबाट कुनै पनि माथिल्लो देशको राज्यविहिन तामिलले राष्ट्रियता प्राप्त गर्न असमर्थ भए ।

सिलोन मजदुर कांग्रेस, मजदुर संघ तथा राजनीतिक पार्टीहरूले माथिल्लो देशका तामिलहरूको अधिकारका लागि वर्षौंसम्म पछ्याएका थिए । जसको फलस्वरूप श्रीलङ्काली

संसदले "भारतीय मुलका व्यक्तिहरूलाई नागरिकता प्रदान गर्ने ऐन" को मस्यौदा गऱ्यो र अक्टोबर २००३ मा सर्वसम्मतिले पारित गऱ्यो । उक्त ऐनले भारतीय मूलका कुनै पनि व्यक्तिलाई स्वतः नागरिकता प्रदान गर्दछ । ती भारतीय मूलका व्यक्तिहरू जो :

- सन् १९६४ अक्टोबर ३० देखि श्रीलङ्कामा स्थायी बसोवास गर्दै आएका; वा
- सन् १९६४ अक्टोबर ३० देखि श्रीलङ्कामा स्थायी बासिन्दा भएका व्यक्तिका सन्तान जो श्रीलङ्कामा बसोबास गर्दै आएका थिए ।

उक्त ऐन जारी गरिए पछि Commissioner General को कार्यालय, यू.एन.एच.सि.आर.को कार्यालय तथा सिलोन मजदुर कांग्रेसले उक्त नयाँ कानूनको प्रचार प्रसार गर्न शुरुवात गरेका थिए । उक्त कानूनको जानकारी सहित कहाँ र कसरी उनीहरूले नागरिकताको लागि निवेदन दिन सक्छन् भन्ने विषयमा तमिल, अंग्रेजी तथा सिंहाली सञ्चार माध्यमहरूले पत्रिका तथा लेखहरू मार्फत र रेडियो टेलिभिजन केन्द्रहरूबाट सुचना संप्रेषण गरेका थिए ।

अध्यागमन विभागका नियन्त्रक तथा गृह मन्त्रायलद्वारा तयार गरिएको प्रशासनिक कार्यविधिहरू साधारण, संक्षिप्त  तथा निष्पक्ष छन् । राज्यविहिन व्यक्तिका लागि दुई भिन्न-भिन्न कार्यविधिहरू अपनाइएको छ;

भारतीय राहदानी धारण गर्ने तथ्यगत *(de facto)* राज्यविहिन व्यक्तिहरूको राहदानीको समयावधि सन् १९८२ को भारतीय घोषणासँगै समाप्त भए पछि उनीहरूले श्रीलङ्काको नागरिकता स्वेच्छिक रूपमा प्राप्त गर्ने मनसाय व्यक्त गर्नु पर्दथ्यो । यस्तो कार्य प्रायः घरको मूलीद्वारा गरिन्छ । उक्त मनसाय व्यक्त गरिएका कागजातहरूमा अध्यागमन अधिकारीहरूद्वारा अनिवार्य रूपमा पुनः हस्ताक्षर गरिनु पर्दछ । एक पटक स्वीकृती प्राप्त गरेपछि त्यस परिवारका सबै सदस्यहरूलाई नागरिकता प्रदान गरिन्छ ।

कानूनतः *(de jure)* राज्यविहिनव्यक्तिहरूले लिखित घोषणा पेस गर्नु पर्दैन, तापनि उनीहरूलाई विशेष घोषणामा हस्ताक्षर गर्न प्रोत्साहित गरिन्छ जसद्वारा उनीहरूलाई परिचय कागजपत्रहरू प्राप्त गर्न सजिलो हुन्छ ।

दुवै कार्यविधिहरू निःशुल्क हुन्छन् र आवेदनका लागि कुनै पनि हदम्याद लाग्दैन ।

सन् २००३ डिसेम्बरमा यू.एन.एच.सि.आर. र सिलोन मजदुरहरूको कांग्रेसद्वारा ५०० भन्दा बढी स्वयंसेवकहरूका लागि एक दिने गोष्ठी आयोजना गरिएको थियो । उनीहरूले चियाबगान क्षेत्रभरि छरिएर रहेका राज्यविहिन व्यक्तिहरूले नागरिकताको लागि आवेदन दिएका ५० घुम्ती केन्द्रहरूमा कार्य गरे । राज्यविहिनतासम्बन्धी आधारभूत तथ्यहरू सन् १९४८ देखि जारी गरिएका सम्बन्धित कानूनहरू र उक्त नयाँ कानून तथा यसको ग्राह्यताको मापदण्डका सम्बन्धमा स्वयंसेवकहरूले प्रशिक्षण लिएका थिए ।

सन् २००३ डिसेम्बर मा १० दिनसम्मको कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा घुम्ती केन्द्रहरूका कर्मचारीले नागरिकतासम्बन्धी आवेदनहरू स्वीकार गरेका थिए । यू.एन.एच.सि.आर.को कार्यालयले आवेदकहरूलाई जानकारी गराउने तथा स्वेच्छिक निर्णयहरू सुनिश्चित गर्ने प्रक्रियालाई अनुगमन तथा माथि उल्लेखित अभियानलाई आर्थिक सहयोग गरेको थियो । त्यसै महिनाको अन्त्यसम्म करिब १,९०,००० घर परिवारका प्रमुखहरूले श्रीलङ्काली नागरिकता प्राप्त गरेका थिए । ती मध्ये करिव ८०,००० सँग पहिले नै भारतीय राहदानी प्राप्त गरेका थिए भने बाँकी कानूनतः राज्यविहिन *(de jure)* व्यक्तिहरू थिए ।

सन् २००४ जुलाई तथा अगस्टमा दोस्रो सानो अभियान राज्यको उत्तरपूर्वी क्षेत्रमा संचालन गरिएको थियो । २,००० भन्दा बढी व्यक्तिहरूले नागरिकताका लागि आवेदन दिएका थिए । त्यसरी आवेदन दिएकाहरूलाई नागरिकता उपलब्ध गराइएको थियो । त्यस बेला देखि ती सानो संख्यामा रहेका माथिल्लो क्षेत्रका तामिलहरूले नागरिकताको लागि स्थानीय जिल्लाको सरकारी प्रतिनिधि मार्फत वा राजधानी कोलोम्बोमा रहेका सार्वजनिक सुरक्षा, कानून तथा व्यवस्था मन्त्रालयको नागरिकता विभाग मार्फत सफलतापूर्वक आवेदन दिएका थिए ।

## *यू.एन.एच.सि.आर. को गतिविधिहरुका लागि कसले अनुदान सहयोग गर्दछ ?*

संयुक्त राष्ट्रसंघका निकायहरू मध्ये यू.एन.एच.सि.आर. त्यस्तो एक निकाय हो जो आफ्ना कार्यहरू संचालन गर्न आर्थिक सहायताका लागि पूर्णरूपमा स्वेच्छिक अनुदानमा निर्भर रहन्छ ।

यू.एन.एच.सि.आर.को वार्षिक बजेट मध्येको लगभग दुई प्रतिशत बजेट संयुक्त राष्ट्रसंघको बजेटलाई निर्धारण गरिएको अनुदानहरूबाट आउने गर्दछ, बाँकी रकम सरकारहरू, व्यक्तिहरू तथा निजी क्षेत्रबाट स्वेच्छिक रूपमा प्रदान गरेको अनुदानको रूपमा प्राप्त हुन्छ ।

सन् २००६ को शुरुवातमा, यू.एन.एच.सि.आर.सँग सरोकार राख्ने २ करोड ८ लाख व्यक्तिहरू रहेका थिए । त्यस वर्ष यू.एन.एच.सि.आर.को बजेट १ अरब ४० करोड अमेरिकी डलर रहेको थियो ।

सन् १९९०-२००५ मा यू.एन.एच.सि.आर.ले यसको बजेटको ८८ प्रतिशत दश सरकारी दाताहरूबाट प्राप्त गरेको थियो । सन् २००५ मा यसले ३ करोड २ लाख अमेरीकी डलर निजी क्षेत्रबाट विशेष गरी युरोप, जापान, अष्ट्रेलिया तथा संयुक्त राज्य अमेरिकाबाट प्राप्त गरेको थियो । यू.एन.एच.सि.आर.को निमित्त केही कार्य संचालन गर्न गैर सरकारी संस्थाहरूले सार्वजनिक अपिल गर्दै यू.एन.एच.सि.आर.को वार्षिक बजेटमा योगदान पुऱ्याएकाछन् । सार्वजनिक चेतनाको विकास वृद्धि गर्नका लागि रेडियो, टेलिभिजन, छापा तथा अन्य सञ्चारका माध्यमसँगको सहकार्यको प्रयत्नको परिणाम स्वरूप, निजीक्षेत्र तथा गैरसरकारी संस्थाबाट हुने योगदान बढीरहेकोछ ।

## परिच्छेद ५

# सांसदहरूले कसरी सहयोग गर्न सक्छन्

राज्यविहीनता घटाउन सहयोग गर्न तथा अन्तर्राष्ट्रिय कानून अन्तर्गत व्यवस्थित गरिएको दायित्वको पालना गर्न तथा कुनै पनि राज्यविहीन व्यक्तिहरूलाई दिइएको अधिकार सुनिश्चित गर्न सांसदहरू विशिष्ट स्थानमा रहेका हुन्छन् । सांसदहरूले नागरिकता कानून पुनरावोलकन गर्ने तथा यो नागरिकता कानून अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम छ छैन भनी निश्चित गर्ने तथा सन् १९५४ र १९६१ को राज्यविहीनतासम्बन्धी महासन्धिहरूमा सम्मिलनका लागि समर्थन गर्ने; राज्यविहीनता उन्मूलन अथवा न्यूनिकरणका लागि तथा राज्यविहीन व्यक्तिहरूसँग सम्बन्धित मुद्दाहरूको अन्त्य गर्नका लागि समर्थन गर्ने जस्ता धेरै कार्यहरू गर्न सक्दछन् ।

### *सांसदहरूले राज्यविहीनतासम्बन्धी राष्ट्रिय कानून पुनरावोलोकन गर्नु पर्दा के कुरा विचार गर्नु पर्दछ ?*

- राज्य पक्ष भएका सम्बन्धित अन्तर्राष्ट्रिय अथवा क्षेत्रीय सन्धिहरूको पुनरावोलकन गर्नु पर्दछ । सन्धिहरू, आलेखहरू तथा घोषणाहरू अन्तर्गतका व्यवस्थालाई राज्यले आफ्ना राष्ट्रिय कानूनमा निर्दिष्ट गर्दा पुनरावलोन गर्नु पर्दछ; जसद्वारा राष्ट्रिय कानूनी संरचनाको व्याख्या गर्नमा सहायता पुग्दछ ।
- धेरै राज्यहरूले राष्ट्रियतासम्बन्धी प्रावधानहरू भिन्ना-भिन्नै कानूनी संयन्त्रहरूमा समावेश गरेता पनि, राज्यले कानून तथा उक्त कानूनको व्याख्यामा स्पष्ट पार्न सक्ने संविधान, नागरिकता कानूनहरू तथा राष्ट्रिय कानूनका सबै स्रोतहरूको पुनरावलोकन गर्नुपर्दछ ।
- राज्य उत्तराधिकारको सम्बन्धमा ग्रहण गरिएका द्विपक्षीय तथा बहु-पक्षीय सम्झौताहरूको पुनरावोलोकन गर्नुपर्दछ ।
- जब आन्तरिक कानूनी संरचनाको पुनरावलोकन गरिन्छ, राज्यले राष्ट्रियताको अन्त्य, त्याग तथा विमुखीकरणको कारणबाट हुने राज्यविहीनतालाई रोक्न सुरक्षित, मापदण्डहरूको नियमित प्रयोग तथा ग्रहण सुनिश्चित गर्छ कि गर्दैन भनी निर्धारण गर्नुपर्दछ ।

जब राष्ट्रिय कानूनी संरचना पुनरावोलकन गरिन्छ निम्न लिखित प्रश्नहरूको जवाफ दिन प्रयत्न गर्नु पर्दछ ।

**राष्ट्रियता प्राप्तिसम्बन्धी**

- के कुनै बालकले विशेषगरी उसको बाबुको राष्ट्रियता नभएमा वा निज उपस्थित नभएको खण्डमा आमाको राष्ट्रियताको आधारमा राष्ट्रियता प्राप्त गर्न सक्छ ?

- जन्म दर्ताका लागि प्रशासनिक कार्यविधि के छ ? के यो कार्यविधि व्यवहारमा लागू भएको छ ? के राज्यको भू-भागमा जन्मेका तर अन्यथा राज्यविहीन हुनसक्ने ती व्यक्तिहरूका लागि नागरिकता प्राप्त गर्न राज्यको राष्ट्रियतासम्बन्धी कानूनले नागरिकता उपलब्ध गराउँछ ?
- के राष्ट्रियतासम्बन्धी कानूनमा अविभेदकारी सिद्धान्त लागू गरिएको छ ?
- यदि राज्यको सृजना राज्य उत्तराधिकारको परिणाम स्वरूप भएको हो भने, सम्बन्धित व्यक्ति तथा राज्यको बीच वास्तविक तथा प्रभावकारी सम्बन्ध, उत्तराधिकारको समयमा सम्बन्धित व्यक्तिको नियमित बसोबास, त्यस सम्बन्धित व्यक्तिको इच्छा, तथा साबिक राज्यको नागरिकलाई राष्ट्रियता प्रदान गरिने वा नगरिने कुरा निर्क्योल गर्नु परेमा सम्बन्धित व्यक्तिको क्षेत्रीय उत्पत्तिलाई ध्यानमा राखिएको छ वा छैन ?

**राष्ट्रियताको समाप्तिसम्बन्धी**

- के वैवाहिक हैसियत अथवा अन्य सामाजिक हैसियत परिवर्तन गर्ने सम्बन्धी प्रावधानहरूले राज्यविहीनता ननिम्त्याउने कुरा सुनिश्चित गर्छ ?
- कसरी राष्ट्रियता अन्त्य हुन्छ ? के राज्यविहीनताको रोकथामसम्बन्धी पूर्व ज्ञान थियो ?
- के राष्ट्रियताको त्याग, राष्ट्रियता प्राप्ति माथिको शर्त वा अर्को राष्ट्रियता प्राप्ति गर्ने प्रत्याभूति हो ?
